# बाइबलका महत्त्वपूर्ण भिन्नताहरू

आफूलाई परमेश्वरकहाँ ग्रहणयोग्य तुल्याउने प्रयत्न गर - एउटा
शर्ममा पर्नु नपर्ने किसिमको कामदारजस्तो, जसले सत्यको
वचन ठीक-ठीकसँग छुट्ट्याउँछ (२ तिमोथी २:१५)।

सी. आइ. स्कोफिल्ड

**वर्ड अफ ट्रुथ प्रकाशन**

पालुङ, मकवानपुर

# RIGHTLY DIVIDING THE WORD OF TRUTH (2 TIMOTHY 2:15)

BEING TEN OUTLINE STUDIES OF THE MORE IMPORTANT DIVISIONS OF SCRIPTURE

*By* Dr. C.I. Scofield

***Baibalka Mahatwapurna Bhinnataharu***, Nepali Edition (2014)

यस पुस्तकमा उद्धृत पवित्र शास्त्रका खण्डहरू ट्रिनिटेरियन बाइबल सोसाइटीद्वारा प्रकाशित पवित्र बाइबल (प्रथम संस्करण २०१२) मा आधारित छन्।

यस पुस्तकलाई अनुवाद गर्दा यसको मौलिक रचनाको पहिलो संस्करणलाई प्रमुख आधार मानिएको थियो जसलाई संयुक्त राज्य अमेरिकाको लोआजो ब्रदर्शले सन् १८९६ मा प्रकाशन गरेको थियो।

प्रत्येक अध्यायको पुछारमा रहेका अध्ययन प्रश्नहरू स्कोफिल्ड बाइबल कोरेस्पन्डेन्स स्कूल, भल्यूम वान् (नवौँ संस्करण, १९०७) बाट उतारिएका हुन्।

फुटनोट जति अनुवादकद्वारा थपिएका हुन्।

आवरणको लागि म भाइ सोम लिम्बु मादेन प्रति आभारी छु। अनि केही अध्यायहरूको पहिलो पृष्ठलाई चित्रहरूद्वारा सजाउन पाएकोमा तिनको प्रयोग गर्न मलाई अनुमति दिनुहुने दाजु थोमस कफमन प्रति म धन्यवादी छु।

परमेश्वरको आशीर्वादले यस सानो पुस्तिकाको माध्यमद्वारा सत्यको वचनलाई ठीकसँग बुझ्न उहाँका धेरैजना छोराछोरीहरूलाई सहायता मिल्न सकोस्! - अनुवादक

Translated by Pradesh Shrestha

प्रकाशक: वर्ड अफ ट्रुथ प्रकाशन

सर्वाधिकार: प्रकाशकमा सुरक्षित

प्रथम संस्करण: २०७१

प्रकाशित सङ्ख्या: १,०००

**सम्पर्क:**

**ई-मेल:** ***info@wordoftruth.com.np***

**वेबसाइट:** ***wordoftruth.com.np***

मोबाईल: ९८५५०७१३१०

# विषय सूची


| | | | |
|---|---|---|---|
| | परिचय | ................. | ५ |
| अध्याय १ | यहूदी, अन्यजाति र परमेश्वरको मण्डली | ................. | ७ |
| अध्याय २ | सात प्रबन्धहरू | ................. | २३ |
| अध्याय ३ | ख्रीष्टका दुई आगमनहरू | ................. | ३१ |
| अध्याय ४ | दुई बौरिउठाइहरू | ................. | ४७ |
| अध्याय ५ | पाँच न्यायहरू | ................. | ५३ |
| अध्याय ६ | व्यवस्था र अनुग्रह | ................. | ६० |
| अध्याय ७ | विश्वासीका दुई स्वभावहरू | ................. | ७४ |
| अध्याय ८ | ओहोदा र अभ्यास | ................. | ८२ |
| अध्याय ९ | मुक्ति र इनामहरू | ................. | ८९ |
| अध्याय १० | साँचो विश्वासी र नामधारी विश्वासी | ................. | ९४ |


## चार्टहरूको सूची


| | | |
|---|---|---|
| यहूदी, अन्यजाति र मण्डलीको पारस्परिक सम्बन्ध | ................. | १७ |
| अगमवाणीका चुचुराहरू | ................. | ३५ |
| पहिलो र दोस्रो बौरिउठाइहरू | ................. | ४९ |

# परिचय

दोस्रो तिमोथीको दोस्रो अध्यायमा विश्वासी जनलाई सातओटा चरित्रमा प्रस्तुत गरिएको छ। उसलाई छोरा (पद १), सिपाही (पद ३), खेलाडी (पद ५), खेतीवाल (पद ६), कामदार (पद १५), भाँडो (पद २१) र दास (पद २४) को संज्ञा दिइएको छ।

साथै त्यहाँ प्रत्येक चरित्रलाई सुहाउने अर्ती पनि दिइएको छ। छोरा भएको हुनाले तिमोथीलाई अनुग्रहमा बलियो हुन अर्ती दिइएको छ। **अनुग्रह**चाहिँ **पुत्रत्व**सँग सम्बन्धित कुरा हो भने **व्यवस्था**चाहिँ **दासत्व**सँग, जुन कुरा गलातीको पत्रमा बताइएको छ[1]। सिपाही भएको हुनाले तिमोथीलाई दुःख उठाउन र सांसारिक अड्कुसेहरूदेखि जोगिन अर्ती दिइएको छ। असल सिपाहीमा पाइने गुण यिनै हुन्। भाँडोको रूपमा ऊ शुद्ध र चोखो हुनुपर्ने बताइएको छ। दासको रूपमा ऊ कोमल, धैर्यवान् र नम्र हुनुपर्ने बताइएको छ। अनि त्यसरी नै उसको ख्रीष्टिय जीवनका सातै पक्षलाई सम्बोधन गरिएको छ।

२ तिमोथी २:१५ मा ऊ **कामदार** भएको हुँदा उसबाट माग गरिएको कुरालाई यसरी बताइएको छ:

> "आफूलाई परमेश्वरकहाँ ग्रहणयोग्य तुल्याउने प्रयत्न गर — एउटा शर्ममा पर्नु नपर्ने किसिमको कामदारजस्तो, जसले सत्यको वचन ठीक-ठीकसँग छुट्ट्याउँछ।"

त्यसो हो भने, सत्यको वचनभित्र ठीक-ठीक विभाजनहरू[2] छन्। ती विभाजनहरूलाई ध्यान दिइएन भने "एउटा शर्ममा पर्नु नपर्ने किसिमको कामदारजस्तो" बन्न असम्भव भएको हुनाले ती विभाजनहरूलाई बेवास्ता गरी गरिने कुनै पनि बाइबल अध्ययन धेरै हिसाबमा फलहीन र अन्योलग्रस्त हुनेछ। धेरैजना ख्रीष्टियनहरू बाइबल अध्ययन गर्ने काम उनीहरूलाई पटाइलाग्दो भएको कुरा इमानदारपूर्वक स्वीकार गर्छन्। अझ थुप्रैको यस्तै

---


[1] गलाती ४:१-७

[2] भिन्नता राखिनुपर्ने महत्त्वपूर्ण विषयहरू

अनुभव भएर पनि उनीहरूका लागि त्यो स्वीकार गर्नु शर्मलाग्दो कुरा भएको छ।

यो सानो पुस्तकले सत्यको वचनमा रहेका महत्त्वपूर्ण भिन्नताहरूलाई औंल्याउने प्रयास गरेको छ। यसको विस्तृत अध्ययन गर्न त पूरै बाइबलको विश्लेषण गर्नुपर्ने हुन्छ। तरैपनि परिश्रमी पाठकलाई सत्यका मूलधाराहरू के के हुन् भनी चिनाउन र परमेश्वरको वचनको रचनात्मक सुन्दरताको महसुस गराउन यहाँ यथेष्ट सामग्री समाविष्ट छ भन्ने विश्वास गरिन्छ यद्यपि शारीरिक मानिसको दृष्टिमा बाइबल एउटा बेमेल र विपरित विचारहरूको सङ्ग्रह जस्तो देखिन सक्छ।

पाठकलाई यस पुस्तककै हैसियतमा कुनै पनि शिक्षा ग्रहण नगर्न, बरु उत्तम बेरियालीहरूले जस्तै "यस्तै हुन् कि होइनन् भनी दिनहुँ **पवित्र शास्त्रहरूमा** खोजी" गर्न (प्रेरित १७:११) जोडदार आग्रह गरिन्छ। यहाँ कुनै पनि मानवीय अधिकारलाई आधार बनाइएको छैन। "तर जुन अभिषेक[3] तिमीहरूले उहाँबाट पाएका छौ, त्यो तिमीहरूमा रहिरहन्छ, र कुनै मानिसले



[3] अर्थात् पवित्र आत्मा जो हरेक साँचो विश्वासीभित्र निजले विश्वास गरेकै घडीदेखि अन्तरबास गर्नुहुन्छ (तुलना गर्नुहोस् रोमी ८:९, एफेसी १:१३-१४)। उहाँले नै विश्वासीलाई परमेश्वरको वचनका सत्यताहरू बुझ्न सहायता गर्नुहुन्छ (१ कोरिन्थी २:९-१६)। कसैलाई मण्डली अगुवाको रूपमा "अभिषेक" गर्ने भन्ने अर्थमा उक्त शब्द नयाँ नियममा कतै उल्लेख छैन। यद्यपि पुरानो नियममा परमेश्वरद्वारा नियुक्त गरिएका राजाहरू (१ शमूएल १०:१, १६:१३, २ राजा ९:३) र पूजाहारीहरू (प्रस्थान ३०:३०) तेलले अभिषेक गरिन्थे।

# अध्याय १ - यहूदी, अन्यजाति र परमेश्वरको मण्डली

### अध्याय १

# यहूदी, अन्यजाति र परमेश्वरको मण्डली

**"तिमीहरूले ठेस नखुवाओ, न यहूदीहरूलाई, न ग्रीकहरूलाई, न ता परमेश्वरको मण्डलीलाई" — १ कोरिन्थी १०:३२**

ध्यानपूर्वक बाइबल पढ्ने जोसुकैले पनि बाइबलको आधाभन्दा बढी भाग एउटा मानव समूहसित अर्थात् **इस्राएल**सित सम्बन्धित छ भन्ने कुरा जान्दछ। परमेश्वरको योजनामा उनीहरूको **छुट्टै** स्थान छ। मानव जातिका बीचबाट अलग गरिएर उनीहरू यहोवा परमेश्वरसित एउटा करारमा बाँधिएका जाति हुन् जसलाई निश्चित प्रतिज्ञाहरू दिइएका छन् जो अन्य कुनै मानव समूहलाई दिइएका छैनन्। पुरानो नियमको वृत्तान्त लगायत अगमवाणीहरूमा केवल उनीहरूकै इतिहास भेटिन्छ। तिनमा यदि अन्य जातिहरूको उल्लेख गरिएको छ भने ती जातिहरू यहूदीहरूको सम्पर्कमा आएका हुनाले मात्र उल्लेख गरिएका हुन्छन्। साथै, इस्राएल राष्ट्रसित यहोवा परमेश्वरको सम्पूर्ण सरोकार यस **पृथ्वीको** सवालसँग सम्बन्धित भएको पाइन्छ। विश्वासयोग्य र आज्ञाकारी भएको खण्डमा उक्त जातिलाई **पार्थिव** गौरव, ऐश्वर्य र सामर्थ्य प्रदान गरिने प्रतिज्ञा गरिएको छ; अनाज्ञाकारी भएको खण्डमा उनीहरूलाई "**पृथ्वीको** एक छेउदेखि **पृथ्वीको** अर्को छेउसम्म सबै जातिहरूको बीचमा तितरबितर पार्नुहुनेछ" (व्यवस्था २८:६४) भन्ने चेतावनी दिइएको छ। मसीहको प्रतिज्ञासमेत "**पृथ्वीका** सबै कुलहरू" (उत्पत्ति १२:३) ले पाउने आशिषको रूपमा व्यक्त गरिएको छ।

बाइबल अध्ययन गर्दै जाँदा धेरै पटक उल्लेख गरिएको त्यहाँ अर्को छुट्टै मानव समूह भेटिन्छ जसलाई **मण्डली** भनिएको छ। यस समूहको पनि परमेश्वरसित विशेष सम्बन्ध रहेको र इस्राएलले जस्तै यसले पनि परमेश्वरबाट निश्चित प्रतिज्ञाहरू पाएको देखिन्छ। तर यी दुई बीचको समानता यहीं टुङ्गिएर बरु

उल्लेखनीय भिन्नताहरू सुरु भएको कुरा अध्ययनले देखाउँछ। मण्डली अब्राहामको शारीरिक सन्ततिबाट निर्माण भएको संरचना होइन; यो एउटा यस्तो समूह हो जसभित्र यहूदी र अन्यजातिमा कुनै भिन्नता छैन। यसअन्तर्गत परमेश्वरसितको सम्बन्ध केवल एउटा **करार**को आधारमा[4] नभएर एउटा नयाँ **जन्म**मा आधारित भएको पाइन्छ। आज्ञाकारी भएको खण्डमा पार्थिव महानता र ऐश्वर्यको इनाम दिइने प्रतिज्ञा मण्डलीलाई दिइएको छैन, बरु खानेकुरा र लाउने कुरा छन् भने तिनैमा सन्तुष्ट रहन अर्ती दिइएको छ (१ तिमोथी ६:८)। इस्राएललाई अस्थायी र **पार्थिव** कुराहरूको आशिष दिइएको पाइन्छ भने मण्डलीलाई **आत्मिक** र **स्वर्गीय** कुराहरूको।

अझ, पवित्र शास्त्रले यो देखाउँछ, न इस्राएल सुरुदेखि थियो न ता मण्डली नै। दुवैको निश्चित सुरुआत भएको उल्लेख छ। इस्राएलको सुरुआत अब्रामको बोलावटबाट भयो। मण्डलीको जन्म कहिले भयो भन्ने कुराको खोजी गर्दा येशू ख्रीष्ट पृथ्वीमा आउनुभन्दा अघि मण्डलीको अस्तित्व रहेको पाइँदैन, न ता उहाँ पृथ्वीमा हुनुहुँदा नै पाइन्छ। उहाँले आफ्नो मण्डली भविष्यमा बनाइने

---

[4] परमेश्वरले इस्राएलसित निम्न करारहरू बाँध्नुभयो: **(१) अब्राहामसितको करार** (उत्पत्ति १२:२-३; १५:७-२१; १७:१-४) ले इस्राएल जातिलाई अरू कुराका साथसाथै एउटा निश्चित भूमिको प्रतिज्ञा दियो; **(२) मोशाको करार** (प्रस्थान १९:५-८) ले इस्राएल जातिलाई परमेश्वरको व्यवस्थाको अधीनमा राख्यो; यसलाई पुरानो करार पनि भनिन्छ र यसैलाई इस्राएलले भङ्ग गर्‍यो (यर्मिया ३१:३२)। **(३) प्यालेस्टिनी करार** (व्यवस्था २९-३०) ले यहूदीहरू संसारभरि छरपुष्ट पारिएपछि उनीहरू फेरि पछि आफ्नो भूमिमा पुनःस्थापित गराइनेछन् भन्ने प्रतिज्ञा दियो। **(४) दाऊदसितको करार** (२ शमूएल ७:५-१९; भजनसङ्ग्रह ८९) ले एउटा अनन्त घराना (राजवंश), एउटा अनन्त सिंहासन, एउटा अनन्त राज्य र एकजना अनन्त व्यक्तिको प्रतिज्ञा दियो जो राजा हुनुहुनेछ, अर्थात् दाऊदका पुत्र, ख्रीष्ट। **(५) नयाँ करार** (यर्मिया ३१:३१-३६) ले इस्राएलको राष्ट्रव्यापी नयाँ-जन्म र मुक्तिको प्रतिज्ञा दियो; यो तब पूरा हुनेछ जब परमेश्वरको व्यवस्था र परमेश्वरको आत्मा यहूदीभित्र राखिनेछ र परमेश्वरको आत्मा उहाँको जातिभित्र बास गर्नुहुनेछ (इजिकिएल ३६:२७)। यस करारलाई रोमी ११:२६-२७ मा उल्लेख गरिएको छ। (जर्ज जेलर)।

**नयाँ करारसित मण्डलीको के कस्तो सम्बन्ध छ?** वर्तमान मण्डली युग इस्राएल जातिको अन्धापनाको समय हो (रोमी ११:२५) र मण्डली प्रायः अन्यजातिहरूले बनेको छ। नयाँ करार प्रत्यक्ष रूपमा इस्राएललाई प्रतिज्ञा गरिएको करार हो (यर्मिया ३१:३१) तरैपनि मण्डली पनि नयाँ करारको मुक्तिगत पक्षमा प्रवेश गर्न पाएको छ (रोमी ११:११; प्रेरित २८:२८; एफेसी १:३; गलाती ३:१४; एफेसी २:१३ आदि)। यसको कारण यो हो कि अब्राहामसितको करार (उत्पत्ति १२:२-३) ले अब्राहामको वंश अर्थात् ख्रीष्ट (गलाती ३:७,९,२९) द्वारा अन्यजातिहरूमाथि परमेश्वरको आशिष आउने कुराको पनि प्रतिज्ञा गरेको थियो। अन्यजातिहरू, त्यसैले, ख्रीष्टमाथिको विश्वासद्वारा अब्राहामका आत्मिक सन्तान बन्छन् (रोमी ४:११) तरैपनि, स्मरण होस्, उनीहरू यहूदी वा इस्राएल बन्दैनन्।

कुराको रूपमा उल्लेख गर्नुभएको थियो: "यस चट्टानमाथि म आफ्नो मण्डली बनाउनेछु" (मत्ती १६:१८)। उहाँले "बनाइसकेँ" भन्नुभएन, न ता "बनाउँदैछु" नै, तर **"बनाउनेछु"**।

साथै पुरानो नियमका अगमवाणीहरूमा मण्डलीको कतै पनि उल्लेख छैन भन्ने कुरा एफेसी ३:५-१० ले देखाउँछ। पुरानो नियमका समयहरूमा मण्डली "परमेश्वरमा लुकेर बसेको रहस्य"[5] थियो अर्थात् परमेश्वरले यसलाई

---

[5] नयाँ नियममा उल्लेखित "रहस्यहरू" ले ती नयाँ सत्यताहरूलाई जनाउँदछन् जो ख्रीष्ट आउनुअघिका युग (पुरानो नियमका समय) हरूमा अप्रकटित थिए। ख्रीष्टले ती रहस्यलाई प्रकाशमा ल्याउन थाल्नुभयो (मत्ती १३:११) र पछिबाट तिनलाई उहाँले आफ्ना प्रेरित र भविष्यवक्ताहरूद्वारा (एफेसी ३:३-५; रोमी १६:२५) पूर्ण रूप दिनुभयो।

"नयाँ नियममा उल्लेखित प्रमुख रहस्यहरू यस प्रकार छन्: (१) स्वर्गको राज्यका रहस्यहरू (मत्ती १३:३-५०) (२) वर्तमान युगमा इस्राएलको अन्धापनाको रहस्य (रोमी ११:२५); (३) यस युगको अन्तमा जीवित रहिरहेका विश्वासीहरूको स्थानान्तरण अथवा र्याप्चर (१ कोरिन्थी १५:५१,५१; १ थेस्सलोनिकी ४:१४-१७); (४) यहूदी र अन्यजाति मिलेर एउटै शरीर बनेको नयाँ नियम मण्डलीको रहस्य (एफेसी ३:१-११; रोमी १६:२५; एफेसी ६:१९; कलस्सी ३:५); (५) ख्रीष्टको दुलहीरूपी मण्डलीको रहस्य (एफेसी ५:२८-३२); (६) अन्तरबास गर्नुहुने ख्रीष्टको रहस्य (गलाती २:२०; कलस्सी १:२६,२७); (७) "परमेश्वरको रहस्य" अर्थात् येशू ख्रीष्ट ईश्वरत्वको देहधारी पूर्णता हुनुहुन्छ जसमा नै मानिसका निम्ति सारा ईश्वरीय बुद्धि उपलब्ध गराइएको छ भन्ने सत्यता (कलस्सी २:२,९; १ कोरिन्थी २:७); (८) मानिसमा ईश्वरीय स्वभाव पुनःस्थापित गराउने प्रक्रियाको रहस्य (१ तिमोथी ३:१६); (९) अधर्मको रहस्य (२ थेस्सलोनिकी २:७; मत्ती १३:३३); (१०) सात ताराहरूको रहस्य (प्रकाश १:२०); (११) बेबिलोनको रहस्य (प्रकाश १७:५,७)।" (स्कोफिल्ड रेफरेन्स बाइबल)

यो महत्त्वपूर्ण बाइबल सत्यता बुझ्न मत्ती १३:३-५० मा उल्लेखित "स्वर्गको राज्यका रहस्यहरू" लाई लिऔँ। वर्तमान समयमा स्वर्गको राज्यले पुरानो नियममा प्रकट गरिएको भन्दा भिन्न रूप लिनेछ भन्ने "रहस्य" मत्ती १३ का सात दृष्टान्तमा प्रभु येशूले प्रकट गर्नुभयो। ख्रीष्टको पहिलो र दोस्रो आगमन बीचको मण्डली युगको यस वर्तमान समयलाई पुरानो नियमका अगमवक्ताहरूले देख्न सकेनन् किनकि परमेश्वरले यसलाई गोप्यमा राख्नुभएको थियो। यस कुरालाई पृष्ठ ३५ को "अगमवाणीका चुचुराहरू" शीर्षक गरेको रेखाचित्रले दर्शाउँदछ।

"मत्ती १३ अध्यायमा ख्रीष्ट आफैले सात दृष्टान्तद्वारा यस युगको चरित्रको रूपरेखा कोरिदिनुभएको छ। पवित्र शास्त्रमा यस युग एक रहस्य अर्थात् एक पवित्र गोप्य कुरा (१३:११) भएको बताइएको छ, अनि ती दृष्टान्तले यस युगमा तीन प्रमुख तत्त्व भएको देखाउँछन्: (क) ग्रहणयोग्य कुरा -- गहुँ, मोती र असल माछा; (ख) अन्धापनामा रहेको इस्राएललाई जनाउने कुरा (पद १४-१५) अर्थात् बारीमा लुकाइराखिएको धन (बारीचाहिँ संसार हो, पद ३८) र (ग) दुष्टताको उपस्थिति - सामा, दुष्ट चराहरू, खमीर र खराब माछा। नयाँ नियममा यी प्रत्येक तीन तत्त्वलाई रहस्य भनिएको छ: (क) यहूदी र अन्यजाति मिलेर बनेको मण्डली (एफेसी ३:४-६), (ख) मण्डलीको बोलावट जारी रहुन्जेल इस्राएलको अन्धापना (रोमी ११:२५; दाँज्नुहोस् प्रेरित १५:१३-१८), र (ग) यस युगमा हुने दुष्टताको उपस्थिति र चरित्र (२ थेस्सलोनिकी २:७)।" (लुइस् स्पेरी चेफर)

प्रकट गर्नुभएको थिएन तसर्थ मण्डली गोप्य राखिएको "रहस्य" थियो। बाइबलअनुसार, मण्डलीको जन्म प्रेरित २ मा भएको थियो[6] भने यसको पार्थिव यात्राको अन्तचाहिँ १ थेस्सलोनिकी ४ मा हुनेछ भन्ने कुरा अध्ययनले देखाउँछ।

बाइबल अध्ययन गर्ने क्रममा मानव जातिको बाइबलीय विभाजनमा त्यहाँ अर्को समूह पनि भेटिन्छ जसलाई विरलै उल्लेख गरिएको पाइन्छ। हरेक दृष्टिले दुवै इस्राएल र मण्डलीबाट भिन्न रहेको उक्त समूहलाई **अन्यजातिहरू** भनी जनाइएको छ। यहूदी, अन्यजाति र मण्डलीको आ-आफ्नो तुलनात्मक स्थानलाई संक्षेपमा बुझ्नलाई पवित्र शास्त्रका निम्न खण्डहरूलाई लिन सकिन्छ:

---

[6] **मण्डलीको सुरुआत कहिले भयो?** १ कोरिन्थी १२:१२-१३ मा "हामी सबै एउटै आत्माद्वारा एउटै शरीरभित्र बप्तिस्मा भयौं" भनेर मण्डली युगका विश्वासीहरूको सम्बन्धमा बयान गरिएको छ। पवित्र आत्माद्वारा बप्तिस्मा गरिएको पहिलो उल्लेखित घटना ख्रीष्टको स्वर्गारोहणपछिको पेन्टेकोस्टको दिनको घटना थियो (प्रेरित १:५ लाई प्रेरित ११:१५-१६ सित तुलना गर्नुहोस्)। यसको आधारमा ख्रीष्टको शरीर भनिने जिउँदो संरचनाको सुरुआत पेन्टेकोस्टको दिन (प्रेरित २) मा भएको पुष्टि हुन्छ। पेन्टेकोस्ट अगाडि प्रेरितहरू लगायत प्रभुका अरू चेलाहरू विश्वासद्वारा मुक्ति पाइसकेका व्यक्तिहरू थिए तरैपनि पेन्टेकोस्टको दिनमा पवित्र आत्मा नओर्लनुभएसम्म "उहाँको शरीर" (एफेसी १:२२-२३) भनिने नयाँ आत्मिक संरचनाको सुरुआत भएको थिएन किनकि पवित्र आत्माद्वारा विश्वासीहरू एउटै आत्मिक शरीरभित्र बप्तिस्मा गरिएका थिएनन्। निम्न चित्रमा १ कोरिन्थी १२:१३ मा वर्णित आत्माद्वारा हुने बप्तिस्मालाई दर्शाइएको छ:

निम्न तथ्यहरूलाई ध्यानमा राख्नुहोस्:

- प्रेरित २ मा **विश्वास गरिसकेका यहूदीहरू** यस नयाँ संरचनाभित्र बप्तिस्मा भए।
- प्रेरित ८ मा सुसमाचार सुनेर विश्वास गर्ने **सामरीहरू** बप्तिस्मा भए।
- प्रेरित १० मा विश्वास गर्ने **अन्यजातिहरू** बप्तिस्मा भए।
- प्रेरित १९ मा यूहन्नाको बप्तिस्मा मात्र जानेका र **मसीहको बाटो हेरिरहेका यहूदीहरू** ख्रीष्टमाथि विश्वास गरेपछि बप्तिस्मा गरिए।
- आज एक व्यक्तिले विश्वास गरेकै घडीमा निज ख्रीष्टको शरीरभित्र बप्तिस्मा गरिन्छ - १ कोरिन्थी १२:१३।

| यहूदी | अन्यजाति | मण्डली |
|---|---|---|
| रोमी ९:४,५ | एफेसी २:११,१२ | एफेसी १:२२,२३ |
| यूहन्ना ४:२२ | एफेसी ४:१७,१८ | एफेसी ५:२९-३३ |
| रोमी ३:१,२ | मर्कूस ७:२७,२८ | १ पत्रुस २:९ |

पवित्र शास्त्रमा इस्राएल र मण्डलीको बारेमा उल्लेखित तथ्यहरूलाई आपसमा तुलना गरेर हेर्दा ती दुईको सुरुआत, बोलावट, प्रतिज्ञा, उपासना, व्यावहारिक सिद्धान्तहरू, भविष्य आदि सबै फरक-फरक भएको पाइन्छ।

## बोलावट

**अध्याय १ - यहूदी, अन्यजाति र परमेश्वरको मण्डली**

| इस्राएल | मण्डली |
|---|---|
| परमप्रभुले अब्रामलाई भन्नुभयो, "आफ्नो देश, आफ्नो कुटुम्ब र आफ्ना बाबुको घरबाट निस्केर त्यस **देश**मा जाऊ, जो म तिमीलाई देखाउनेछु !" (उत्पत्ति १२:१)। | यसकारण हे पवित्र भाइहरूहो, **स्वर्गीय** बोलावटका भागीदारहरूहो, हामीले स्वीकार गरेका प्रेरित र महापूजाहारीलाई अर्थात् ख्रीष्ट येशूलाई ध्यान देओ (हिब्रू ३:१)।<br><br>किनकि हाम्रो नागरिकता **स्वर्गमा** छ, जहाँबाट हामी पनि मुक्तिदाता प्रभु येशू ख्रीष्टको बाटो हेर्दछौं (फिलिप्पी ३:२०)। |
| किनकि परमप्रभु तिम्रा परमेश्वरले तिमीलाई एउटा उत्तम देशमा अर्थात् बेंसीहरूमा र पहाडहरूमा उम्रेर निस्केका पानीका खोलाहरू, मुहानहरू र गहिरा पानीहरू भएको देशमा ल्याइपुर्‍याउनुहुन्छ; गहुँ, जौ, अङ्गुर, नेभारा र दारिमको देश; जैतुनको तेल र महको देश; यस्तो एउटा देश, जहाँ तिमीले उब्रोपाब्रो हुने गरी रोटी खानेछौ, जहाँ तिमीलाई कुनै कुराको घटीकमी हुँदैन; एउटा देश, जसका ढुङ्गाहरू फलाम हुन्, र जसका पहाडहरूबाट तिमीले तामा खन्नेछौ (व्यवस्था ८:७-९)। | अनि येशूले तिनलाई भन्नुभयो: "स्यालहरूका ओडार र आकाशका चराहरूका गुँड छन्, तर मानिसका पुत्रको शिर राख्ने ठाउँधरि छैन" (मत्ती ८:२०)।<br><br>एउटा अविनाशी, निष्कलङ्क र ओइलिएर नजाने पैतृक-सम्पत्तिका निम्ति, जो तिमीहरूका लागि स्वर्गमा सुरक्षित राखिएको छ (१ पत्रुस १:४)।<br><br>यही घडीसम्म पनि हामी भोकाउँछौं, तिर्खाउँछौं, नाङ्गा छौं, मुक्का खान्छौं, र घरबिहीन भएका छौं (१ कोरिन्थी ४:११)। |

| इस्राएल | मण्डली |
| --- | --- |
| अनि उसले भन्योः "म अब्राहामको दास हुँ। अनि परमप्रभुले मेरा मालिकलाई प्रशस्त आशिष् दिनुभएको छ; अनि उहाँ महान् हुनुभएको छ; अनि परमप्रभुले उहाँलाई भेडाबाख्राहरू, गाईवस्तुहरू, चाँदी, सुन, दासहरू, दासीहरू, ऊँटहरू र गधाहरू दिनुभएको छ" (उत्पत्ति २४:३४,३५)। | अनि येशूले चारैतिर हेरेर आफ्नो चेलाहरूलाई भन्नुभयोः "धनसम्पत्ति हुनेहरू कति कठिनसँग परमेश्वरको राज्यभित्र पस्नेछन्" (मर्कूस १०:२३)।<br><br>मेरा प्रिय भाइहरूहो सुन, के परमेश्वरले यस संसारका गरिबहरूलाई विश्वासमा धनी र राज्यका हकदारहरू हुनालाई चुन्नुभएको छैन र? जुन राज्यको प्रतिज्ञाचाहिँ उहाँले आफूलाई प्रेम गर्नेहरूका निम्ति गर्नुभएको छ (याकूब २:५)। |
| तिम्रो विरोधमा उठ्ने तिम्रा शत्रुहरूलाई परमप्रभुले तिम्रा मुखको सामु हार खुवाउनुहुनेछ; तिनीहरू तिम्रो विरोधमा एउटा बाटोबाट निस्केर आउनेछन्, र तिम्रो सामुबाट सात बाटाबाट भाग्नेछन् (व्यवस्था २८:७)। | तिनीहरूले तिमीहरूलाई सभाघरहरूबाट निकालिदिनेछन्; अँ, यस्तो समय आउँछ – जसले तिमीहरूलाई मार्दछ, त्यसले परमेश्वरको सेवा गरें भनी ठान्नेछ (यूहन्ना १६:२)। |
| यदि तिमीले परमप्रभु आफ्ना परमेश्वरका आज्ञाहरू, जो आज्ञा आज म तिमीलाई दिन्छु, मान्न र पालन गर्नका निम्ति ध्यानसित सुन्यौ भने. . . परमप्रभुले तिमीलाई पुच्छर होइन, तर शिर बनाउनुहुनेछ; अनि तिमी तल रहनेछैनौ, तर माथि मात्र रहनेछौ (व्यवस्था २८:१३-१४)। | यसकारण जसले आफैलाई यो सानो नानीजस्तै नम्र तुल्याउँछ, त्यही स्वर्गको राज्यमा सबैभन्दा ठूलो हो (मत्ती १८:४)। |

यसको तात्पर्य यो होइन कि एक यहूदी भक्तजन आफ्नो मृत्युपश्चात् स्वर्ग जाँदैन। तर भिन्नता यसमा छ — यहूदी जन भक्तिसाथ हिंड्न प्रेरणा मिलोस् भन्ने हेतुले उसलाई पार्थिव अथवा भौतिक आशिषहरूको प्रतिज्ञा दिइएको थियो, स्वर्गीय आशिषहरूको होइन। यो सामान्य ज्ञानको कुरा हुनुपर्ने हो कि

वर्तमान प्रबन्धअन्तर्गत[7] दुवै यहूदी लगायत अन्यजातिले प्रभु येशू ख्रीष्टमा विश्वास गरेर बाहेक अन्य उपायले मुक्ति पाउन सक्दैनन् जुन विश्वासद्वारा नै दुवैले नयाँ जन्म पाउँदछन् (यूहन्ना ३:३,१६) र दुवैलाई “एउटै शरीर” मा बप्तिस्मा[8] गरिन्छ (१ कोरिन्थी १२:१३) जसलाई “मण्डली” भनिन्छ (एफेसी १:२२,२३)। मण्डलीमा यहूदी र अन्यजाति बीच भिन्नता बिलकुल छैन (१ कोरिन्थी १२:१३; गलाती ३:२८; एफेसी २:१४)। त्यसैले प्रेरित पावलले एफेसीहरूलाई उनीहरूलाई “बितेको समयमा तिमीहरू अन्यजातिहरू थियौ” भन्दै लेख्छन् (एफेसी २:११)। साथै उनले १ कोरिन्थी १२:२ मा “जब तिमीहरू अन्यजातिहरू थियौ” भनेर कोरिन्थका विश्वासीहरूलाई लेख्छन्।

## व्यावहारिक नियमहरू

इस्राएल र मण्डली बीचको भिन्नता उनीहरूलाई दिइएका व्यावहारिक नियमहरूमा पनि देखिन्छ। तुलना गर्नुहोस्:

[7] प्रबन्धहरूको चर्चा अध्याय २ मा गरिएको छ।

[8] पृष्ठ १० को फुटनोट नं 6 हेर्नुहोस्।

| इस्राएल | मण्डली |
|---|---|
| जब तिम्रा परमेश्वरले तिमीलाई त्यस देशमा पुऱ्याउनुहुनेछ, जहाँ तिमी त्यसलाई आफ्नो अधिकारमा लिन भनी गइरहेका छौ, र तिम्रो सामुबाट धेरै जातिहरूलाई निकालिदिनुहुन्छ अर्थात् हित्ती, गिर्गाशी, एमोरी, कनानी, परिज्जी, हिव्वी र यबूसी नामक सात जाति-हरूलाई, जो तिमीभन्दा ठूला र शक्तिशाली छन्; अनि जब परमप्रभु तिम्रा परमेश्वरले तिनीहरूलाई तिम्रो सामु सुम्पनुहुन्छ, तब तिमीले तिनीहरूलाई मार्नू, र तिनीहरूलाई पूरा रीतिले नष्ट गर्नू; तिनीहरूसँग तिमीले कुनै वाचा नबाँध्नू, न ता तिनीहरूलाई दया नै देखाउनू! (व्यवस्था ७:१,२) | तर म तिमीहरूलाई भन्दछु, आफ्ना शत्रुहरूलाई प्रेम गर, तिमीहरूलाई श्राप दिनेहरूलाई आशिष देओ, तिमीहरूलाई घृणा गर्नेहरूको भलाइ गर, अनि तिमीहरूको बदनामी गर्ने र तिमीहरूलाई सताउनेहरूका निम्ति प्रार्थना गर (मत्ती ५:४४)।<br><br>अनि आफ्नै हातले काम गर्दै परिश्रम गर्दछौं। गिल्ला गरिँदा हामी आशिष दिन्छौं, सताइँदा हामी सहन्छौं, निन्दित हुँदा हामी बिन्ती गर्दछौं, अहिलेसम्म हामी यस संसारका कसिङ्गर र सबै कुराका फोहोर-मैलासरह भएका छौं (१ कोरिन्थी ४:१२,१३)। |
| आँखाको बदलामा आँखा, दाँतको बदलामा दाँत, हातको बदला हात, खुट्टाको बदलामा खुट्टा; जलेको डामको बदलामा जलेको डाम, घाउको बदलामा घाउ, कुटाइको बदलामा कुटाइ! (प्रस्थान २१:२४,२५)। | तर म तिमीहरूलाई भन्दछु, दुष्टको सामना नगर; तर जसले तिम्रो दाहिने गालामा थप्पड लाउला, त्यसपट्टि अर्को पनि फर्काइदेओ (मत्ती ५:३९)। |

| इस्राएल | मण्डली |
|---|---|
| कुनै मनिसको हठी र विद्रोही छोरा छ भने, जसले आफ्ना बाबुको वचन वा आफ्नी आमाको वचन पालन गर्दैन; तिनीहरूले त्यसलाई ताडना दिएपछि पनि त्यसले तिनीहरूको कुरा मान्दैन भने, त्यसको बाबु र त्यसकी आमाले त्यसलाई पक्रून्, अनि त्यसलाई बाहिर, त्यसको शहरका बूढा प्रधानहरूकहाँ, र त्यसको ठाउँको मूलढोकामा ल्याऊन्! अनि तिनीहरूले त्यसको शहरका बूढा प्रधानहरूलाई भनून्: 'यो हाम्रो छोरो हठी र विद्रोही छ; यसले हाम्रो कुरा मान्दैन; यो घिचुवा र मतवाला हो।' अनि त्यसको शहरका सबै मानिसहरूले त्यसलाई ढुङ्गाले हानून्, र त्यो मरोस्; यसरी तिमीले आफ्नो बीचबाट त्यो खराबी हटाइदिनू; अनि सारा इस्राएलले यो सुन्नेछ र डराउनेछ (व्यवस्था २१:१८-२१)। | अनि उठेर त्यो आफ्नो बाबुकहाँ आयो। तर त्यो अझ धेरै टाढैमा हुँदा त्यसका बाबुले त्यसलाई देखे, र दयाले भरिए; अनि दगुरेर गई त्यसलाई अँगालो हाले, र त्यसलाई चुम्बन गरे। अनि त्यस छोराले उनलाई भन्यो, 'पिताजी, मैले स्वर्गको विरोधमा र तपाईंको दृष्टिमा पाप गरेको छु, र अब उसो तपाईंको छोरो भनिन लायकको म छैन।' तर बाबुचाहिँले आफ्ना दासहरूलाई भने, 'सबभन्दा बढिया पोसाक निकाल र उसलाई पहिराइदेओ; र उसको हातमा औंठी र पाउहरूमा जुत्ता लाइदेओ; अनि पोसिएको बाछा ल्याएर मार, अनि खाऔं, र आनन्द मनाऔं' (लूका १५:२०-२३)। |

## उपासना

उपासना सम्बन्धी दिइएका निर्देशनहरू अझ भिन्न छन्। इस्राएलले तोकिएको एउटै ठाउँमा[9] आएर मात्र उपासना गर्न मिल्थ्यो, त्यो पनि परमेश्वरदेखि केही दूरीमा रहेर, एउटा पूजाहारीको माध्यमद्वारा। मण्डलीचाहिँ दुई वा तीनजना जम्मा भई जुनसुकै ठाउँमा उपासना गर्न सक्ने, साहससित महापवित्रस्थानभित्र प्रवेश गर्न सक्ने संरचना हो जसमा सबै नै पूजाहारी कहलिन्छन्। तुलना गर्नुहोस्:

[9] सुरुमा उक्त ठाउँ उजाडस्थानमा निर्मित भेट हुने पाल थियो जसको महापवित्रस्थानमा परमप्रभुको पार्थिव उपस्थिति महिमाको बादलको रूपमा बास गर्दथ्यो (प्रस्थान ४०:३४)। पछि यरूशलेमको मोरियाह पहाडमा निर्माण गरिएको परमप्रभुको भवन (२ इतिहास ३:१; ६:६) परमप्रभुको पार्थिव उपस्थितिको स्थान बन्यो (२ इतिहास ७:२) जुन भवन संसारमै एक मात्र ठाउँ हुन गयो जहाँ आधिकारिक र औपचारिक रूपमा परमप्रभुको उपासना हुन्थ्यो।

| इस्राएल | मण्डली |
|---|---|
| लेवी १७:८,९ | मत्ती १८:२० |
| लूका १:१० | हिब्रू १०:१९,२० |
| गन्ती ३:१० | १ पत्रुस २:५ |

## भविष्य

इस्राएल र मण्डलीका भविष्य सम्बन्धी उल्लेखित अगमवाणीहरूलाई तुलना गर्दा पाइने भिन्नताहरू अझ छक्कलाग्दा छन्। एकातिर मण्डली पृथ्वीबाट पूर्ण रूपमा उठाएर लगिने कुरा छ भने अर्कोतिर पुनःस्थापित इस्राएलको पार्थिव महिमा र सामर्थ्यको चरमबिन्दु त आउन बाँकी नै छ। पवित्र शास्त्रले मण्डलीको बारेमा के बताउँदछ, हेरौं:

### मण्डली

मेरा पिताको घरमा धेरै बासस्थानहरू छन्; त्यस्तो नहुँदो हो ता म तिमीहरूलाई भन्नेथिएँ। म तिमीहरूका निम्ति ठाउँ तयार पार्न जान्छु। अनि मैले गएर तिमीहरूका निम्ति ठाउँ तयार पारें भने म फेरि आउनेछु; अनि म जहाँ छु, त्यहाँ तिमीहरू पनि होओ भनी म तिमीहरूलाई आफूकहाँ लिनेछु (यूहन्ना १४:२,३)।

किनकि प्रभुको वचनद्वारा हामी तिमीहरूलाई यो भन्दछौं – हामी जो जीवित छौं, र प्रभुको आगमनसम्म रहिरह्यौं भने हामीले कुनै रीतिले पनि सुतेकाहरूलाई उछिन्नेछैनौं। किनकि प्रभु आफै चित्कारसित प्रधान स्वर्गदूतको आवाज र परमेश्वरको तुरहीसित स्वर्गबाट ओर्लनुहुनेछ, अनि ख्रीष्टमा मरेकाहरू पहिले बौरेर उठ्नेछन्। त्यसपछि हामी जीवित र रहिरहेकाहरू हावामा प्रभुलाई भेट्नाका निम्ति उनीहरूसित एकसाथ बादलहरूमा उठाइनेछौं, अनि यसरी हामी सधैं प्रभुको साथमा रहनेछौं (१ थेस्सलोनिकी ४:१५-१७)।

किनकि हाम्रो नागरिकता स्वर्गमा छ, जहाँबाट हामी पनि मुक्तिदाता प्रभु येशू ख्रीष्टको बाटो हेर्दछौं; जसले जुन प्रभावशाली कार्यद्वारा सबै कुरा आफ्नो वशमा पार्न सक्नुहुन्छ, त्यही कार्यअनुसार उहाँले हाम्रो दीनहीन शरीरलाई बदली गरिदिनुहुनेछ, र यो उहाँको महिमापूर्ण शरीरजस्तै बनाइनेछ (फिलिप्पी ३:२०,२१)।

प्रियहरूहो, अहिले ता हामी परमेश्वरका सन्तान छौं, अनि हामी के हुनेछौं, सो अहिलेसम्म प्रकट भएको छैन; तर हामी जान्दछौं, जब उहाँ देखा पर्नुहुनेछ, तब हामी उहाँजस्तै हुनेछौं; किनकि हामी उहाँलाई, उहाँजस्तो हुनुहुन्छ, त्यस्तै देख्नेछौं (१ यूहन्ना ३:२)।

हामी खुसी होऔं र खूबै आनन्द मनाऔं, अनि उहाँलाई महिमा दिऔं; किनकि थुमाको विवाह आइपुग्यो, र उहाँकी पत्नीले आफैलाई तयार पारेकी छन्। अनि उनलाई शुद्ध र चम्किलो मिहिन मलमल पहिरने अधिकार दिइयो; किनकि मिहिन मलमलचाहिँ पवित्र जनहरूका धार्मिकताका कामहरू हुन्। अनि तिनले मलाई भने: "लेख, जो-जो थुमाको विवाहको भोजमा बोलाइएका छन्, ती धन्य हुन्" (प्रकाश १७:७-९)।

यस पहिलो बौरिउठाइमा जसको भाग हुन्छ, ऊ धन्य र पवित्र हो। यस्ताहरूमाथि दोस्रो मृत्युको कुनै अधिकार छैन, तर तिनीहरू परमेश्वरका र ख्रीष्टका पूजाहारीहरू हुनेछन्, र उहाँसित हजार वर्षसम्म राज्य गर्नेछन् (प्रकाश २०:६)।

## इस्राएल

अनि हेर, तिमीले गर्भधारण गर्नेछौ, र एउटा छोरा जन्माउनेछौ, र तिमीले उहाँको नाम **येशू** राख्नू। उहाँ महान् हुनुहुनेछ, र परमप्रधानका पुत्र कहलाइनुहुनेछ; अनि प्रभु परमेश्वरले उहाँलाई उहाँका पिता दाऊदको सिंहासन दिनुहुनेछ। अनि उहाँले याकूबको घरानामाथि सदासर्वदै राज्य गर्नुहुनेछ; र उहाँको राज्यको अन्त हुनेछैन (लूका १:३१-३३)।

(मरियमलाई दिइएका यी सातओटा प्रतिज्ञाहरूमध्ये पाँचओटा त अक्षरशः पूरा भइसके। तर बाँकी दुईटाचाहिँ अक्षरशः पूरा हुनेछैन भनेर दाबी गर्नलाई बाइबल व्याख्या गर्ने कुनचाहिँ नियमले हामीलाई अनुमति दिन्छ र?)

अन्यजातिहरूको बीचबाट आफ्ना नामका निम्ति एउटा जाति निकाल्नालाई कसरी परमेश्वरले अन्यजातिहरूसँग पहिले भेट गर्नुभयो, सो कुराको विषयमा शिमोनले बताएका छन्; अनि योसँग भविष्यवक्ताहरूका वचन मिल्दछन्, जस्तो लेखिएको छ: 'यी कुरापछि **म फर्कनेछु**, र दाऊदको ढलेको तम्बू म फेरि बनाउनेछु; अनि यसका भग्नावशेषहरू म फेरि बनाउनेछु, र यसलाई म खडा गर्नेछु' (प्रेरित १५:१४-१६)।

तब म भन्दछु, के परमेश्वरले आफ्ना जनहरूलाई त्याग्नुभएको छ त? कदापि छैन! किनकि म पनि अब्राहामको वंशको, बेन्यामीनको कुलको इस्राएली हुँ। तब म भन्दछु, के लोटून् भनेर नै तिनीहरूले ठेस खाएका हुन् त? कदापि होइन! तर तिनीहरू लोटेका कारणले अन्यजातिहरूकहाँ मुक्ति आएको छ, तिनीहरूमा डाहा पैदा

गर्नालाई। किनकि तिमी पनि स्वभावअनुसार जङगली जैतुनको रूखबाट काटिएर स्वभावको विपरित त्यस असल जैतुनको रूखमा कलम गाँसियौ भने, झन् यी स्वाभाविक हाँगाहरू यिनीहरूको आफ्नै जैतुनको रूखमा कति बढ्ता गरी कलम भएर गाँसिएलान् त? किनकि भाइहरूहो, तिमीहरूले आफूलाई आफ्नो दृष्टिमा बुद्धिमान् ठानौला भनेर यस रहस्यको विषयमा तिमीहरू अनजान रहो भन्ने इच्छा म गर्दिनँ – जबसम्म अन्यजातिहरूको पूरा सङ्ख्या भित्र आउँदैन, तबसम्म इस्राएलमाथि केही मात्रामा अन्धापना आएको छ। अनि यसरी **सारा इस्राएलले मुक्ति पाउनेछ**, जसरी लेखिएको छः 'छुटकारा दिनुहुने सियोनबाट आउनुहुनेछ, र याकूबबाट अभक्ति हटाउनुहुनेछ' (रोमी ११:१,११,२४-२६)।

त्यस दिन यस्तो हुनेछ - प्रभुले आफ्नो प्रजाको बचेको भाग, जो छोडिएको हुनेछ . . . फर्काएर ल्याउनलाई फेरि दोस्रो चोटि आफ्नो हात बढाउनुहुनेछ। अनि उहाँले जाति-जातिका निम्ति एउटा झण्डा खडा गर्नुहुनेछ, इस्राएलका निकालिएकाहरूलाई भेला गर्नुहुनेछ र पृथ्वीका चारै कुनाबाट यहूदाका तितरबितर भएकाहरूलाई बटुल्नुहुनेछ (यशैया ११:११,१२)।

किनकि परमप्रभुले याकूबमाथि दया राख्नुहुनेछ, र इस्राएललाई अझ पनि चुन्नुहुनेछ, अनि उनीहरूलाई उनीहरूकै देशमा बसाल्नुहुनेछ; अनि परदेशीहरू उनीहरूसँगै मिल्नेछन् र याकूबको घरानासँग टाँसिनेछन् (यशैया १४:१)।

यसकारण हेर, दिनहरू आउनेछन्, परमप्रभु भन्नुहुन्छ, जसमा 'इस्राएलीहरूलाई मिस्र देशबाट निकालेर ल्याउनुहुने परमप्रभुको जीवनको कसम!' भनी फेरि भनिनेछैन। तर 'इस्राएलीहरूलाई उत्तरको देशबाट र जहाँ-जहाँ उहाँले तिनीहरूलाई धपाउनुभएको थियो, ती सबै देशहरूबाट निकालेर ल्याउनुहुने परमप्रभुको जीवनको कसम!' भनी भनिने छ; अनि म तिनीहरूलाई तिनीहरूको देशमा फर्काएर ल्याउनेछु, जुन देश मैले तिनीहरूका पिता-पुर्खाहरूलाई दिएको थिएँ (यर्मिया १६:१४,१५)। परमप्रभु भन्नुहुन्छः हेर, दिनहरू आउँदैछन्, जुन समय म दाऊदका निम्ति एउटा धर्मी हाँगा खडा गर्नेछु; अनि ती राजाले राज्य गर्नुहुनेछ, र सफल हुनुहुनेछ, अनि पृथ्वीमा न्याय र धार्मिकताको काम गर्नुहुनेछ। उहाँका दिनहरूमा यहूदा बचाइनेछ, र इस्राएल सुरक्षासाथ बस्नेछ; अनि यो उहाँको नाम हो, जुन नामले उहाँ कहलाइनुहुनेछः **'परमप्रभु हाम्रो धार्मिकता'** (यर्मिया २३:५,६)।

हेर, म तिनीहरूलाई ती सबै देशहरूबाट भेला गर्नेछु, जहाँ-जहाँ मैले तिनीहरूलाई मेरो रिसमा, मेरो क्रोधमा र मेरो भारी प्रकोपमा धपाइदिएको थिएँ; अनि म तिनीहरूलाई यस ठाउँमा फर्काएर ल्याउनेछु र सुरक्षितसाथ बस्ने तुल्याउनेछु। अनि तिनीहरू मेरो प्रजा हुनेछन्, र म तिनीहरूको परमेश्वर हुनेछु (यर्मिया ३२:३७,३८)।

हे सियोनकी छोरी, हर्षले चिच्च्या! हे इस्राएल, जयजयकार गर! हे यरूशलेमकी छोरी, सम्पूर्ण हृदयले आनन्दित हो र अत्यन्तै रमा! परमप्रभुले तेरा न्यायहरू

हटाइदिनुभएको छ, उहाँले तेरो शत्रुलाई निकालिदिनुभएको छ; इस्राएलका महाराजा, अँ, परमप्रभु नै तेरो बीचमा हुनुहुन्छ; तैंले फेरि कहिल्यै खराबी देख्नेछैनस् (सपन्याह ३:१४,१५)।

अन्य सबै कारक तत्त्वहरूको संयोगले भन्दा मण्डलीको यहूदीकरणले नै यसको उन्नतिमा बाधा पुऱ्याएको छ, यसको लक्ष्यलाई बङ्ग्याएको छ र यसको आत्मिकतामा ह्रास ल्याएको छ भन्नुमा अत्युक्ति हुँदैन। उसलाई दिइएको संसारको भन्दा अलग्गै[10] मार्गमा हिँड्नुको सट्टा र आफ्ना प्रभुलाई स्वर्गीय बोलावट अनुसार पछयाउनुको सट्टा विश्वलाई सभ्य बनाउने उद्देश्य अपनाएर[11], सम्पत्ति थुपारेर, रीति-विधिलाई ठूलो बनाएर, भव्य मण्डली-भवनहरू निर्माण गरेर, युद्धरत सेनाहरूमाथि परमेश्वरको आशीर्वाद खन्याइमागेर र समान भ्रातृत्वलाई "अगुवावर्ग" र "साधारण विश्वासी" मा विभाजन गरेर[12] मण्डलीले आफ्नो उद्देश्यलाई गिराएको छ र यिनै कुराको समर्थन गर्न यहूदी शास्त्रहरूको दुरुपयोग गरेको छ।

---

[10] रोमी १२:२; २ कोरिन्थी ६:१४-७:१; याकूब ४:४; १ यूहन्ना २:१५-१७; १ पत्रुस २:११-१२; यूहन्ना १५:१८-२७; १७:१४-१८; गलाती ६:१४; फिलिप्पी २:१५; तीतस २:११-१४ आदि।

[11] "सामाजिक सुसमाचार" (SOCIAL GOSPEL) शास्त्रसम्मत छैन किनकि प्रभु येशूको महान् आज्ञा यो कथित "सुसमाचार" भन्दा बेग्लै छ (मत्ती २८:१८-२०; लूका २४:४७) र प्रेरितहरूले समाजलाई सुधार्न खोजेनन्। व्यक्तिगत पक्षबाट हरेक दिन एक ख्रीष्टियनले "मौका हुँदा नै सबैका लागि भलाइका काम" (गलाती ६:१०) गर्दै ख्रीष्टको असल गवाही हुन खोज्नु एउटा कुरा हो तर सामाजिक, राजनैतिक, शैक्षिक आदि पार्थिव सुधारलाई नै प्रमुख लक्ष्य बनाउनु मण्डलीलाई दिइएको काम होइन। हजार वर्षको राज्यमा यस पृथ्वीले पार्थिव आशिषहरूको अनुभव गर्नेछ, तरैपनि ती कुराले मानिसको सबैभन्दा ठूलो समस्यालाई बदल्न सक्नेछैन (हेर्नोस् फुटनोट नं 17)।

[12] क्याथोलिक लगायत कति गैर-क्याथोलिक समूहहरूमा समेत अगुवाहरूले आफूलाई अरूको भन्दा बेग्लै, मानूँ "पूजाहारीय" पहिरनमा प्रस्तुत गरेर आफूहरूलाई पृथक देखाउने गर्छन्, मानूँ मण्डलीका अगुवाहरू इस्राएलका पूजाहारीहरू जस्तै हुन्। तर मण्डली इस्राएलजस्तो पृथक पूजाहारीगिरी भएको संरचना होइन किनकि मण्डलीअन्तर्गत सबै साँचो विश्वासीहरू पूजाहारी हुन् (१ पत्रुस २:५,९; हिब्रू १०:१९-२२; १३:१५)।

# अध्ययन प्रश्नहरू

1. पवित्र शास्त्रले मानव जातिलाई कुन-कुन समूहहरूमा विभाजन गरेको छ?
2. प्रथम यहूदी को थिए?
3. यहूदी, अन्यजाति र मण्डलीबीचका भिन्नताहरू संक्षेपमा लेख्नुहोस्।
4. मण्डलीको सुरुआत कहिले भएको हो?
5. के पुरानो नियमका अगमवाणीहरूमा मण्डलीको उल्लेख छ?
6. ख्रीष्टसित मण्डलीको विशेष सम्बन्ध के हो?
7. परमेश्वरसित इस्राएलको विशेष सम्बन्ध के थियो?
8. परमेश्वरको सामु अन्यजातिहरू कुन स्थानमा रहेको पाइन्छ?
9. इस्राएलको लागि के कस्तो भविष्य साँचिएर राखिएको छ?

अध्याय २

# सात प्रबन्धहरू

बाइबलमा समयलाई, अर्थात् आदम सृष्टि गरिएको दिनदेखि प्रकाश २१:१ को "नयाँ आकाश र नयाँ पृथ्वी" सम्मको अवधिलाई, सातओटा कालखण्डहरूमा  विभाजन गरिएको देखिन्छ जो बराबर अवधिका छैनन्। यी कालखण्डहरूलाई प्रायः प्रबन्धहरू[13] (एफेसी ३:२) भन्ने गरिन्छ तर तिनलाई "युगहरू" (एफेसी २:७) र "दिनहरू" पनि भनिएको पाइन्छ, जस्तै, "परमप्रभुको दिन"[14] आदि।

पवित्र शास्त्रमा मानवजातिसित (वा कुनै मानव समूहसित) दुईटा सवालको सम्बन्धमा परमेश्वरले ऊसित व्यवहार गर्नुहुने तरिकामा आएको निश्चित परिवर्तनको आधारमा नै यी कालखण्डहरू परस्परमा पृथक छन्[15]। ती दुई सवाल हुन्: मानिसको पाप र उसको जिम्मेवारी। प्रत्येक प्रबन्धलाई एउटा नयाँ परीक्षणकालको रूपमा हेर्न सकिन्छ। उक्त परीक्षणकाल अन्तर्गत

---

[13] "प्रबन्ध" को शाब्दिक माने "भण्डारीपन" (१ कोरिन्थी ९:१७) हो; जस्तै, यूसुफ मिश्रदेशमा आफ्ना मालिक पोतिफरका एक विश्वासयोग्य **प्रबन्धक** वा **भण्डारी** थिए (उत्पत्ति ३९:१-६)। अङ्ग्रेजीको "म्यानेजर" लाई नेपालीमा "प्रबन्धक" भनिन्छ। भण्डारी मालिक होइनन्। परमेश्वर मालिक हुनुहुन्छ भने मानिस एक भण्डारी। भण्डारी सधैं मालिकप्रति जिम्मेवार हुन्छन्। भण्डारीपन अन्तर्गत जिम्मेवारीहरू मात्र होइन विशेषाधिकारहरू पनि समावेश हुन्छन्। फरक-फरक प्रबन्धमा जिउने फरक-फरक व्यक्तिका जिम्मेवारी र विशेषाधिकारमा भिन्नताहरू छन् भन्ने कुराको ज्ञान नहुँदा बाइबल ठीकसँग बुझ्न असम्भव हुन्छ।

[14] मण्डली युगको अन्त भएपछि सुरु हुने सङ्कष्टकालको समय (यशैया २:१२-१९:४:१), दोस्रो आगमनका घटनाहरू (योएल २:३०-३२) लगायत हजार वर्षको राज्यको अवधि (यशैया ४:२;१२; १९:२३-२५; यर्मिया ३०:७-९) लाई "परमप्रभुको दिन" भनिएको छ किनभने मानव इतिहासका यी कालखण्डमा परमेश्वरले प्रत्यक्ष हस्तक्षेप गर्नुहुनेछ। (चार्ल्स रायरी)

[15] अथवा एकअर्काबाट छुट्टिन्छन्

प्राकृतिक मानिसको[16] जाँच गरिन्छ र ऊ विफल हुँदा उसलाई इन्साफ गरी उक्त प्रबन्धलाई अन्त गरिएको पाइन्छ र उसलाई परीक्षण गर्न अर्को नयाँ प्रबन्धको थालनी गरिएको पाइन्छ। प्रत्येक प्रबन्धमा मानिस पूर्ण रूपमा विफल भएको कुरा परमेश्वरको वचनले देखाएको छ। जम्मा सातओटामा पाँचओटा प्रबन्धहरू बितिसके। अहिले हामी छैटौँ प्रबन्धमा (सम्भवत: त्यसको अन्ततिर) बाँचिरहेका छौं र सातौँ र अन्तिम प्रबन्धचाहिँ आउन बाँकी नै छ, जुनचाहिँ हजार वर्षको राज्यको प्रबन्ध हो।

## (१) निर्दोषता अन्तर्गतको मानिस

यो प्रबन्ध[17] आदमको सृष्टि (उत्पत्ति २:७) देखि अदनबाटको निष्कासनसम्म जारी रह्यो। आदमलाई सृष्टि गरिँदा उनी निर्दोष थिए साथै असल-खराबको सम्बन्धमा उनी अनभिज्ञ थिए। आदमलाई उनकी पत्नीका साथ अदनको बगैँचामा असल र खराबको ज्ञान दिने रूखको फल नखाईकन आफ्नो निर्दोषतालाई कायम राख्नुपर्ने जिम्मेवारी दिइएको थियो। **निर्दोषताको प्रबन्ध**मा प्रथम मानिस विफल भए जसको असर अन्य प्रबन्धको भन्दा ज्यादा भयानक र व्यापक हुन गयो। यो प्रबन्ध इन्साफमा अन्त भयो: "परमेश्वरले तिनलाई अदनको बगैँचाबाट बाहिर निकाल्नुभयो।" निम्न खण्डहरू पढ्नुहोस्,

| | |
|---|---|
| उत्पत्ति १:२६ | उत्पत्ति ३:६ |
| उत्पत्ति २:१६,१७ | उत्पत्ति ३:२२-२३ |

## (२) विवेक अन्तर्गतको मानिस

आफ्नो पतनद्वारा आदम र हव्वाले असल र खराबको ज्ञान प्राप्त गरे र त्यसलाई मानव जातिमा प्रसारण गरे। उक्त ज्ञानले विवेकलाई नैतिक छनोट

[16] १ कोरिन्थी २:१४-३:३ अनुसार मानिस तीन किसिमका हुन्छन्: १) "आत्मिक"=आत्मामा जीवन पाएको र आत्मामै जिउने विश्वासी (गलाती ६:१) २) "प्राणीक"=आत्मिक जीवनरहित, तसर्थ प्राणअनुसार जिउने प्राकृतिक मानिस अर्थात् अविश्वासी (यहूदा १९) ३) "शारीरिक"=आत्मामा जीवन पाएर पनि आत्मामा भन्दा बढी शरीरमा जिउने विश्वासी जो दूधे बालक रहिरहन्छ (हिब्रू ५:१२-१४)।

[17] अर्थात् भण्डारीपन

गर्ने आधार दियो र फलस्वरूप मानवजाति असल गर्न र खराबबाट अलग रहन जिम्मेवार बन्न गयो। अदनदेखि जलप्रलयसम्म, अर्थात् मानवीय शासन[18] र व्यवस्थाको संस्थागत सुरुआत[19] नभएसम्म, **विवेकको प्रबन्ध** अन्तर्गत नतीजा यस्तो हुन गयो — "पृथ्वीमाथि सबै प्राणीले आफ्नो चालचलन भ्रष्ट पारेका थिए" र "पृथ्वीमा मानिसको दुष्टता ज्यादा भएको र त्यसको हृदयका विचारहरूको हरेक कल्पना निरन्तर खराबै मात्र भएको" पाइयो। तब परमेश्वरले प्राकृतिक मानिसको[20] यो दोस्रो परीक्षणलाई इन्साफद्वा **जलप्रलय**को। निम्न खण्डहरूलाई हेर्नोस्,

उत्पत्ति ३:७,२२ उत्पत्ति ६:५,११-१२ उत्पत्ति ७:११-१२,२३

## (३) पृथ्वीमाथि शासक बनाइएको मानिस

परमेश्वरले जलप्रलयको भयावह इन्साफबाट आठजना व्यक्तिहरूलाई बचाउनुभयो र पानी घटिसकेपछि शुद्ध पारिएको पृथ्वीलाई उनीहरूको हातमा सुम्पिदिनुभई त्यसमाथि शासन गर्न तिनीहरूलाई पर्याप्त अधिकार दिनुभयो। सोअनुसार कामकुरा गर्न नूह र उनका सन्ततिहरू जिम्मेवार बनाइए। शिनार देशको विशाल फाँटमा[21] मानिसले आफूलाई परमेश्वरबाट स्वत **मानवीय शासनको प्रबन्ध** इन्साफमा अन्त भयो। उक्त इन्साफ थियो – **भाषाहरूको खलबल**। निम्न खण्डहरूलाई हेर्नोस्,

उत्पत्ति ९:१,२ उत्पत्ति ११:१-४ उत्पत्ति ११:५-८

## (४) प्रतिज्ञा अन्तर्गतको मानिस

बाबेलका निर्माताहरू छरपुष्ट पारिएपछि उनीहरूको सन्ततिबाट परमेश्वरले अब्राम नाम गरेका एकजना व्यक्तिलाई बोलाउनुभयो जससँग उहाँले एउटा

[18] मानव शासनको प्रबन्धको चर्चा बुँदा (३) मा गरिएको छ

[19] व्यवस्थाको प्रबन्धको चर्चा बुँदा (५) मा गरिएको छ

[20] आत्मिक, प्राणीक (प्राकृतिक) र शारीरिक मानिसको बारेमा फुटनोट नं 16 मा हेर्नुहोस्।

[21] टाइग्रीस र यूफ्रेटिस नदीको बीचमा अवस्थित प्राचीन बेबिलोन, वर्तमान इराक राष्ट्र।

करार[22] बाँध्नुभयो। उहाँले अब्राम र उनका सन्ततिलाई दिनुभएका कतिपय प्रतिज्ञाहरू अनुग्रहपूर्ण र शर्तरहित थिए। ती प्रतिज्ञाहरू या त अक्षरशः पूरा भइसके या त पूरा हुनेवाला छन्। अन्य प्रतिज्ञाहरू भने इस्राएलीहरूको विश्वासयोग्यता र आज्ञाकारितामा निर्भर थिए। ती सबै शर्तहरू उल्लङ्घन हुन गए र फलस्वरूप **प्रतिज्ञाको प्रबन्ध** इस्राएलको विफलतामा अन्त भयो अनि इन्साफस्वरूप **मिश्रको दासत्व**मा उक्त प्रबन्धको अन्त भयो।

"शुरुमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो" भन्ने अत्युत्कृष्ट वाक्यबाट आरम्भ भएको उत्पत्तिको पुस्तक "मिश्रमा एउटा बाकसमा" भन्ने वाक्यांशमा टुङ्गिएको पाइन्छ।

उत्पत्ति १२:१-३ उत्पत्ति २६:३ उत्पत्ति १३:१४-१७
उत्पत्ति १५:५ उत्पत्ति २८:१२,१३ प्रस्थान १:१३,१४

## (५) व्यवस्था अन्तर्गतको मानिस

निस्सहाय मानिसको उद्धार गर्न फेरि पनि परमेश्वरको अनुग्रह देखा पर्‍यो जसले चुनिएको जातिलाई अत्याचारीको पञ्जाबाट छुटकारा दिलायो। सिनाईको उजाडस्थानमा उहाँले उनीहरूलाई व्यवस्थाको करारको प्रस्ताव राख्नुभयो। अनुग्रह अन्तर्गत नै रहन विनम्र माग गर्नुको सट्टा उनीहरूले आत्मविश्वासमा जवाफ दिए: "परमप्रभुले भन्नुभएको सबै कुराहरू हामी गर्नेछौं" (प्रस्थान १९:८)। उजाडस्थानको यात्राभरिको र कनान भूमिमा रहँदा समेतको इस्राएलको इतिहास एक बृहत् अभिलेखको रूपमा प्रस्तुत भएको पाइन्छ जसमा इस्राएलले व्यवस्थालाई लगातार उल्लङ्घन गरिरहेको भेटिन्छ अनि अन्तमा, थुप्रै चेतावनीहरू पश्चात्, परमेश्वरले व्यवस्था अन्तर्गतको मानिसको परीक्षणलाई इन्साफमार्फत् अन्त गर्नुभयो: पहिले इस्राएल र पछि यहूदा भूमिबाट निष्कासन गरिए[23] जुन निर्वासन हालसम्मै

[22] इस्राएलसँग सम्बन्धित करारहरूको बारेमा पृष्ठ ८ मा फुटनोट नं 4 हेर्नुहोस्।

[23] इ.पू ७२२ मा अस्सिरियनहरूले उत्तरी राज्य (इस्राएल) लाई कैद गरेर लगे अनि इ.पू. ६०५-५८६ को अवधिभित्र पटक-पटक गरी बेबिलोनीहरूले दक्षिणी राज्य (यहूदा) लाई कैद गरेर लगे।

विद्यमान छ। एज्रा र नहेम्याहको नेतृत्वमा एक दुर्बल "बचेकाहरू" को दल[24] फ "जो स्त्रीद्वारा जन्मनुभयो, व्यवस्थाको अधीनतामा जन्मनुभयो" (गलाती ४:४)। उहाँलाई नै दुवै यहूदी लगायत अन्यजातिहरू मिलेर क्रूसमा टाँगे। निम्न खण्डहरू हेर्नोस्:

प्रस्थान १९:१-८ रोमी ३:१९,२० प्रेरित २:२२-२३

रोमी १०:५ २ राजा १७:१-१८ प्रेरित ७:५१

गल्ती ३:१० २ राजा २५:१-११

# (६) अनुग्रह अन्तर्गतको मानिस

प्रभु येशू ख्रीष्टको बलिरूपी मृत्युबाट विशुद्ध **अनुग्रहको प्रबन्ध**को प्रारम्भ भयो। अनुग्रह भन्नाले अयोग्यलाई निगाह भन्ने बुझिन्छ। व्यवस्था अन्तर्गत परमेश्वरले मानिसबाट धार्मिकताको माग गर्नुहुन्थ्यो भने अनुग्रह अन्तर्गत परमेश्वरले मानिसलाई धार्मिकता प्रदान गर्नुहुन्छ।

सिद्ध र अनन्त मुक्ति अब यहूदी लगायत अन्यजातिलाई सित्तैंमा प्रदान गरिएको छ। केवल उसले आफ्नो पाप मानिलिनुपर्छ अथवा पश्चात्ताप गर्नुपर्छ र ख्रीष्टमा विश्वास गर्नुपर्छ भन्ने शर्त राखिएको छ।

> येशूले जवाफ दिएर तिनीहरूलाई भन्नुभयो: "जसलाई उहाँले पठाउनुभएको छ, उनैमाथि तिमीहरू विश्वास गर; यही परमेश्वरको काम हो" (यूहन्ना ६:२९)।
>
> साँचो-साँचो म तिमीहरूलाई भन्दछु, जसले ममाथि विश्वास गर्दछ, ऊसँग अनन्त जीवन छ (६:४७)।
>
> साँचो-साँचो म तिमीहरूलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, ऊसँग अनन्त जीवन छ, र ऊ न्यायमा पर्नेछैन, तर मृत्युबाट जीवनमा सरिसकेको हुन्छ (५:२४)।

---

[24] पवित्र शास्त्रमा "बचेकाहरू" वा "बाँकी रहेको भाग" (रेम्नेन्ट, REMNANT) लाई विश्वास नगर्ने सर्वसाधारण जमातबाट पृथक रूपमा हेरिएको छ (यर्मिया १५:११)। विश्वास गर्ने "बाँकी रहेको भाग" को सधैं दुईटा चरित्र भेटिन्छ - परमेश्वरको वचनप्रतिको वफादारिता र उहाँको वचनलाई गिल्ला गर्नेहरूदेखिको अलगपनता (यर्मिया १५:१६,१७ लाई प्रकाश ३:८-१० सित तुलना गर्नुहोस्)। (स्कोफिल्ड रेफरेन्स बाइबल)

> मेरा भेडाहरूले मेरो स्वर सुन्छन्, अनि म तिनीहरूलाई चिन्छु, र तिनीहरूले मलाई पछयाउँछन्। अनि म तिनीहरूलाई अनन्त जीवन दिन्छु, र तिनीहरू कहिल्यै नष्ट हुनेछैनन्; न ता कसैले तिनीहरूलाई मेरा हातबाट खोसेर लैजान्छ (यूहन्ना १०:२७-२८)।

> किनकि विश्वासद्वारा अनुग्रहले तिमीहरूले मुक्ति पाएका छौ; अनि यो तिमीहरू आफैबाटको होइन, यो परमेश्वरको दान हो; कामबाट होइन, नत्र ता कसैले घमन्ड गर्नेछ (एफेसी २:८-९)।

अनुग्रह अन्तर्गतको मानिसको परीक्षण कसरी अन्त हुनेछ भनी नयाँ नियममा भविष्यवाणी गरिएको छ: विश्वास गर्न नमान्ने संसार लगायत "अपोस्टेट चर्च"[25] को इन्साफ गरिनेछ।

प्रकाश ३:१५,१६    २ थेस्सलोनिकी २:७-१२

यस प्रबन्धको अन्तिम घडीमा सर्वप्रथम प्रभु स्वर्गबाट ओर्लनुहुनेछ। तब सुतेका पवित्र जनहरू बौराइनेछन् र उनीहरू जीवित रहिरहेका विश्वासी जनहरूका साथमा प्रभुलाई हावामा भेट्नका लागि उठाइनेछन्: "अनि यसरी हामी सधैं प्रभुको साथमा रहनेछौं" (१ थेस्सलोनिकी ४:१६,१७)।

त्यसपछि "महासङ्कष्ट" भनिने छोटो समयावधि आउनेछ।[26] मत्ती २४:२१,२२; सपन्याह १:१५-१८; दानियल १२:१; यर्मिया ३०:५-७।

त्यसपछि ठूलो सामर्थ्य र महिमासित प्रभु **पृथ्वी**मा व्यक्तिगत रूपमा आउनुहुनेछ। यसबेला छैटौं प्रबन्धलाई टुङ्ग्याउने इन्साफहरू संसारमाथि

---

[25] सत्यलाई परित्याग गरेका तर पनि आफूलाई "इसाई" भन्नेहरू मिलेर बनेको एकतावादी विश्व-मण्डली। रोमन क्याथोलिक चर्च अपोस्टेट चर्च हो किनकि त्यसले कामद्वारा मुक्ति कमाइन्छ भन्ने झूटो सुसमाचार प्रचार गर्दछ (गलाती १:६-९; एफेसी २:८-९)। आज अधिकांश प्रोटेस्टेन्ट चर्चहरू अपोस्टेट भइसके वा त्यसो बन्दैछन् र त्यसैले रोमसित हातेमालो पनि गर्दैछन्। तुलनामा बाइबलीय मण्डलीहरू थोरै छन् (दाँज्नुहोस् लूका १८:८; २ पत्रुस २:१-२)।

[26] सङ्कष्टकालको सुरुमा संसारमा एउटै विश्वासी हुनेछैन किनकि मण्डली युगका सबै नयाँ गरी जन्मेकाहरू उठाइसकिएका हुनेछन्। त्यतिबेला परमेश्वरले दुईजना विशेष साक्षीहरू (सम्भवतः मोशा र एलिया, मलाकी ४:४-६ लाई मत्ती १७:३,१०-११ सित दाँज्नुहोस्) लाई यस संसारमा पठाउनुहुनेछ र धेरैजना प्रभुतिर फर्कनेछन् जसमा १४४,००० यहूदीहरू (प्रकाश ७:३-४) ले राज्यको सुसमाचार संसारभरि प्रचार गर्नेछन् (मत्ती २४:१४) र विश्वास गर्नेमा कतिजना शहीद बन्नेछन् (प्रकाश १२:११)।

आइपर्नेछन् अनि तब सातौं वा अन्तिम प्रबन्धको प्रारम्भ हुनेछ। मत्ती २४:२९,३० र २५:३१-४६ मा हेर्नोस्।

## (७) ख्रीष्टको व्यक्तिगत शासन अन्तर्गतको मानिस

पृथ्वीमा प्रभुको व्यक्तिगत आगमनका साथ सम्पन्न भएका शुद्धि गर्ने इन्साफहरू पश्चात् उहाँले पुनःस्थापित इस्राएल र समस्त पृथ्वीमाथि एक हजार वर्षसम्म राज्य गर्नुहुनेछ। यस कालखण्डलाई सामान्यतया अङ्ग्रेजीमा “मिलिनियम” अर्थात् “हजार वर्षीय राज्य” भनिन्छ। यरूशलेम उहाँको प्रशासनिक केन्द्र बन्नेछ र पवित्र जनहरू, अनुग्रहको प्रबन्धमा उद्धार पाएकाहरू समेत, उहाँको महिमामा उहाँसित संलग्न हुनेछन्। निम्न खण्डहरू पढ्नुहोस्, प्रेरित १५:१४-१७; यशैया २:१-४; प्रकाश १९:११,२१; २०:१-६; यशैया ११ पूरै अध्याय।

तर जब शैतान “थोरै समयका लागि...छोडिनेछ” उसले मानिसको प्राकृतिक हृदय पाप गर्नलाई पहिलेको जत्तिकै तत्पर भएको भेट्टाउनेछ र उसले सजिलै जातिजातिहरूलाई विद्रोह गर्न सुऱ्याउनेछ[27] — प्रभुको र उहाँका जनहरूको विरुद्ध युद्ध गर्नलाई। फलस्वरूप यो प्रबन्ध पनि अरूजस्तै इन्साफमा अन्त हुनेछ। इन्साफ कार्यान्विन गर्नलाई एउटा “ठूलो सेतो सिंहासन” खडा गरिनेछ जसका सामु मृत्युबाट बौराइएका दुष्ट जनहरू खडा गराइनेछन् र उनीहरूको अन्तिम न्याय[28] गरिनेछ। तब “नयाँ आकाश र नयाँ पृथ्वी” अर्थात् अनन्तताको प्रारम्भ हुनेछ। प्रकाश २०:३,७-१५; २१ र २२ पूरै अध्यायहरू।

---

[27] कहाँबाट आए यी मानिसहरू? हजार वर्षको सुरुआतमा सङ्कष्टकालमा नमारिएका विश्वासीहरू सामान्य मानव शरीर लिई राज्यभित्र प्रवेश गर्नेछन् (मत्ती १३:४३; २५:३४)। राज्यमा जन्मेका सन्तानहरू पाप स्वभाव लिएरै जन्मनेछन्। उनीहरूमध्ये धेरैजनाले हृदयमा विश्वास गर्नेछैनन् जुन कुरा अन्तमा प्रकट हुनेछ जब शैतानलाई उनीहरूको जाँच गर्न छोडिनेछ। सिद्ध सरकार, समाज, शिक्षा वा वातावरणले पापी हृदयलाई बदल्न सक्दैन!

[28] पाँच फरक-फरक न्यायहरूलाई अध्याय ५ मा चर्चा गरिएको छ।

# अध्ययन प्रश्नहरू

1. प्रबन्धको माने के हो?
2. समय कतिओटा प्रबन्धहरूमा विभाजित छ?
3. कतिओटा प्रबन्धहरू बितिसके?
4. प्रबन्धहरूलाई क्रमैसित उतार्नुहोस् र प्रत्येकमा मानिसको प्रारम्भिक अवस्था, उसको जिम्मेवारी, उसको विफलता र परिणामस्वरूप आउनगएको इन्साफलाई संक्षेपमा व्याख्या गर्नुहोस्।
5. पुरानो नियम कुन प्रबन्ध अन्तर्गत लेखियो?
6. नयाँ नियम कुन प्रबन्ध अन्तर्गत लेखियो?
7. वर्तमान प्रबन्धको अन्त हुने क्रममा पहिलो घटना कुन हुनेछ?
8. त्यसपछि हुने घटना कुन हो?
9. त्यसपछि हुने घटना कुन हो?
10. हजार वर्षको राज्यपछि के हुनेछ?

**अध्याय ३**

# ख्रीष्टका दुई आगमनहरू

**"ख्रीष्टका आत्माले ख्रीष्टका दुःखहरू र त्यसपछि आउने महिमाको विषयमा पहिल्यै गवाही दिनुभयो" — १ पत्रुस १:११**

पुरानो नियमका अगमवाणीहरूलाई ध्यानपूर्वक पढ्ने जसकसैलाई पनि आउनुहुने मसीह सम्बन्धी उल्लेख भएका भविष्यवाणीहरू दुई बेग्लाबेग्लै धाराहरूमा बगिरहेका देखेर ताजुप लाग्नु स्वाभाविक हो, यहाँसम्म कि उसको दृष्टिमा ती भविष्यवाणीहरू आपसमा जुधेका जस्तै देखिन सक्छन्। एकातिरका भविष्यवाणीहरूमा मसीहलाई दुर्बलता र नम्रतामा आउनुहुने व्यक्ति, दुःख र कष्टसित परिचित मानिस, सुख्खा जमीनबाट उम्रने जरा, न ता रूप न सुन्दरता भएको एक आकर्षणरहित व्यक्तिको रूपमा प्रस्तुत गरिएको छ। उहाँको चेहरालाई कुरूप पारिने, उहाँका हात र पाउहरू छेडिने जस्ता कुराहरू त्यहाँ उल्लेख गरिएका छन्। उहाँ मानिस र परमेश्वरबाट त्यागिनुहुने र उहाँको चिहान दुष्टहरूसित बनाइने कुराहरू छन्। निम्न खण्डहरू पढ्नुहोस्:

यशैया ५३ (पूरै अध्याय); यशैया ७:१४; भजनसङ्ग्रह २२:१-१८; दानियल ९:२६; जकरिया १३:६,७; मर्कूस १४:२७।

अर्कोतिरका भविष्यवाणीहरूमा एक भव्य र विरोधरहित सार्वभौम शासकको उल्लेख गरिएको पाइन्छ, जसले भयानक इन्साफद्वारा पृथ्वीलाई शुद्ध पार्नुहुनेछ, छरपष्ट रहेको इस्राएललाई फेरि एकत्रीकरण गर्नुहुनेछ, दाऊदको सिंहासनलाई सुलेमानको भन्दा भव्य रूपमा पुनःस्थापना गर्नुहुनेछ र यस्तो शासन ल्याउनुहुनेछ जसमा अगाध शान्ति र सिद्ध धार्मिकताले वास गर्नेछ। उदाहरणस्वरूप हेर्नोस्:

यशैया ११:१,२,१०-१२; व्यवस्था ३०:१-७; यशैया ९:६,७; यशैया २४:२१-२३; यशैया ४०:९-११; दानियल ७:१३,१४; मीका ५:२; मत्ती १:१; मत्ती २:२; लूका १:३१-३३; यर्मिया २३:५-८।

समय पूरा भएपछि यशैयाले लेखेबमोजिम कन्याबाट पुत्रको जन्मसित मसीही भविष्यवाणीहरू पूरा हुन थाले जुन जन्म मीका भविष्यवक्ताले लेखेबमोजिम बेथलेहेममा भयो र त्यसपछि मसीहको दीनता सम्बन्धी लेखिएका एक-एक भविष्यवाणीहरू अक्षरशः अर्थात् दुरुस्तै पूरा भए; किनभने उहाँले संसारमा परमेश्वरको राज्य स्थापना गर्नुभन्दा पहिला पापलाई हटाइनु आवश्यक थियो। तर "उहाँ नम्र र गधामाथि, अँ, एउटा गाँडू, गधाको बच्चामाथि चढेर आउनुहुन्छ" भनी भविष्यवाणी गरिएबमोजिम जुन रूपमा उहाँ यहूदीहरूकहाँ प्रस्तुत हुनुभयो, त्यस रूपमा उनीहरूले आफ्ना राजालाई स्वीकार गर्न चाहेनन् बरु उनीहरूले उहाँलाई क्रूसमा टाँगिदिए। जकरिया ९:९ र मत्ती २१:१-५; यूहन्ना १९:१५,१६।

तर मानिसको दुष्टताले परमेश्वरको संकल्पित उद्देश्यलाई रद्द गर्‍यो भन्ने निष्कर्षमा हामी हामफाल्नुहुन्न किनकि परमेश्वरको पुत्रको दोस्रो आगमन पनि हुनेछ भन्ने कुरा उहाँको मनसायभित्र रहेको कुरा हो। जसरी उहाँका पार्थिव **कष्टहरू** सम्बन्धी भविष्यवाणीहरू पूरा भइसके ठीक त्यसरी नै मसीहका पार्थिव **महिमा** सम्बन्धी उल्लेख भएका भविष्यवाणीहरू पनि एक-एक गरी अक्षरशः पूरा हुनेछन्। होशे ३:४,५; लूका १:३१-३३ (३१ पद अक्षरशः पूरा भइसक्यो); प्रेरित १:६,७; प्रेरित १५:१४-१७; मत्ती २४:२७-३०।

मसीहका **कष्टहरू** सम्बन्धी अगमवक्ताहरूले बताएका सबै कुराहरू विश्वास गर्न यहूदीहरू सुस्त हृदयका थिए भने उहाँको **महिमा** सम्बन्धी बताइएका कुराहरू विश्वास गर्न हामीहरू[29] सुस्त हृदयका छौं। निश्चय हाम्रै दोष ठूलो छ किनकि परमेश्वरका पुत्र बेथलेहेमको बालकको रूपमा र नासरतको सीकर्मीको रूपमा आउनुहुनेछ भन्ने कुरा विश्वास गर्नुभन्दा त उहाँ "बडो सामर्थ्य र महिमासित आकाशका बादलहरूमा" आउनुहुनेछ भन्ने कुरा विश्वास गर्नु झन्

[29] मण्डली युगका विश्वासीहरू

सजिलो छ। ख्रीष्टको पहिलो आगमनलाई हामीले सजिलै विश्वास त गर्छौं, अगमवक्ताहरूको वचनको कारणले त होइन, घटना पूरा भइसकेकोले हो। त्यसैकारण हामीले उनीहरूको अविश्वासको निम्ति यहूदीहरूलाई दोष्याउन नहुने हो। त्यति धेरैओटा, स्पष्ट भविष्यवाणीहरूको छर्लङ्ग अर्थप्रति यहूदीहरू कसरी अन्धा बन्न सके भनी कसैले प्रश्न गर्छ भने, जवाफ यो छ, उनीहरू त्यसरी नै अन्धा बने जसरी थुप्रै ख्रीष्टियनहरू मसीहको पार्थिव महिमा सम्बन्धी लेखिएका अझ धेरैओटा भविष्यवाणीहरू प्रति अन्धा बनेका छन्, पवित्र शास्त्रलाई "आत्मिक अर्थ" लगाउने व्याख्या-विधि[30] अपनाएकाले। जसरी उहिले शास्त्रीहरूले मसीहका कष्टहरू सोझो अर्थमा लिइनुहुन्न भन्ने धारणा राखे त्यसरी नै आजका कतिपय शास्त्रीहरूले मसीहका पार्थिव महिमा सोझो अर्थमा लिइनुहुँदैन भनेर सिकाउँदैछन्।[31]

तर दोस्रो आगमन मण्डली लगायत यहूदी दुवैलाई दिइएको प्रतिज्ञा हो। क्रूसमा बलि हुन जानु अघि हाम्रा प्रभुले आफ्ना शोकाकुल र विचलित चेलाहरूलाई भन्नुभएका सान्त्वना र अर्तीका अन्तिम वचनहरूमा यो पाइन्छः

> "तिमीहरूको हृदय विचलित नहोस्; तिमीहरू परमेश्वरमा विश्वास गर्दछौ, ममा पनि विश्वास गर। मेरा पिताको घरमा धेरै वासस्थानहरू छन्; त्यस्तो नहुँदो हो ता म तिमीहरूलाई भन्नेथिएँ। म तिमीहरूका निम्ति ठाउँ तयार पार्न जान्छु। अनि मैले गएर तिमीहरूका निम्ति ठाउँ तयार पारें भने म फेरि आउनेछु; अनि म जहाँ छु,

[30] बाइबललाई सामान्य र अक्षरशः (सोझो) अर्थमा व्याख्या गर्नुको सट्टा लाक्षणिक अर्थ लगाउने व्याख्या विधि (ALLEGORICAL METHOD OF INTERPRETATION)। डाक्टर डेविड कूपर लेख्छन्, "जब पवित्र शास्त्रको सामान्य अर्थ नै अर्थपूर्ण छ, अन्य अर्थ नखोज्नुहोस्, र शब्दलाई सोझो अर्थमा लिन नमिल्ने कुराको स्पष्ट सङ्केत सम्बन्धित सन्दर्भका तथ्यहरूले नदेखाएसम्म हरेक शब्दलाई त्यसको सोझो अर्थमै लिनुहोस्।" अक्षरशः व्याख्या विधि सही हो किनभनेः (१) परमेश्वरले पवित्र शास्त्र मानिसलाई सत्य प्रकट गर्नलाई दिनुभयो, त्यसलाई छिपाउन वा धमिल्याउनलाई होइन (व्यवस्था २९:२९)। यसकारण उहाँले मानव भाषाका सामान्य नियमहरूलाई प्रयोग गर्नुभयो। (२) येशूले सोझो अर्थकै समर्थन गर्नुभयो (लूका १०:२५-२६)। मानिसले परमेश्वरको वचनलाई सोझो अर्थमै लेओस् भनेर येशूले अपेक्षा गर्नुभयो। (३) मानिसहरू मानव भाषाका सामान्य निमयहरूद्वारा बाइबल पढ्न र बुझ्नलाई परमेश्वरका सामु जवाफदेही छन् (२ तिमोथी २:१५)। (४) अक्षरशः विधि यदि अपनाइएन भने, बाइबलको अर्थ कसैले पनि निश्चय गरी जान्न सक्नेछैन। लाक्षणिक व्याख्या विधि अपनाइँदा अर्थकारकै विचार आधिकारिक बन्न पुग्छ। (५) बाइबलका भविष्यवाणीहरू सोझो अर्थमै पूरा भएका छन्। हुन त बाइबलमा प्रतीकहरू र भाषागत अलङ्कारहरू प्रयोग नभएका होइनन्, तर तिनलाई पनि भाषाको सामान्य नियमहरू अनुसार नै अर्थ लगाइनुपर्छ। (डेविड क्लाउड)

[31] कभेनन्ट ईश्वरशास्त्र (COVENANT THEOLOGY) को एउटा प्रमुख भूल यही हो।

त्यहाँ तिमीहरू पनि होओ भनेर म तिमीहरूलाई आफूकहाँ लिनेछु" (यूहन्ना १४:१-३)।

यहाँ प्रभुले आफ्नो **गमन**को[32] चर्चा जुन अर्थमा गर्नुभयो उही अर्थमै उहाँले आफ्नो **पुनरागमन**को चर्चा गर्नुभयो। उहाँको गमन व्यक्तिगत र शारीरिक रूपमै भएको कुरा हामीलाई थाह छ। उहाँको पुनरागमनचाहिँ व्यक्तिगत रूपमा नभई "आत्मिक" रूपमा हुनेछ भन्दै सरल भाषालाई बाङ्गो अर्थ दिन त पवित्र शास्त्रको अन्य कुनै स्पष्ट र असन्दिग्ध खण्डको आधार चाहिन्छ। तर त्यस्तो खण्ड कुनै छैन।

तर यस महत्त्वपूर्ण बुँदाको सम्बन्धमा हामीलाई न ता शङ्कामा छोडिएको छ न ता तार्किक निष्कर्षमा नै। आफ्ना चेलाहरूको दृष्टिबाट उहाँ लोप हुनुभएको लगत्तै "दुईजना सेतो वस्त्र लगाएका मानिसहरू तिनीहरूको बगलमा खडा भए; अनि उनीहरूले भने:

"हे गालीलका मानिसहरूको, तिमीहरू किन आकाशतिर हेर्दै उभिँदछौ? तिमीहरूको बीचबाट स्वर्गमा उठाइनुहुने **यही येशू नै यही प्रकारले** आउनुहुनेछ, जसरी उहाँलाई स्वर्गतिर जाँदै गर्नुभएको तिमीहरूले देख्यौ" (प्रेरित १:१०,११)।

थप प्रमाण निम्न खण्डहरूले दिन्छन्:

किनकि **प्रभु आफै** चित्कारसित प्रधान स्वर्गदूतको आवाज र परमेश्वरको तुरहीसित स्वर्गबाट ओर्लनुहुनेछ; अनि ख्रीष्टमा मरेकाहरू पहिले बौरेर उठ्नेछन्; त्यसपछि हामी जीवित र रहिरहेकाहरू हावामा **प्रभुलाई** भेट्नाका निम्ति उनीहरूसित एकसाथ बादलहरूमा उठाइनेछौं; अनि यसरी हामी सधैं प्रभुको साथमा रहनेछौं (१ थेस्सलोनिकी ४:१५-१७)

र त्यस धन्य आशाको, र हाम्रा महान् परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टको महिमापूर्ण आगमनको **बाटो हेर्दै** जिउनुपर्छ (तीतस २:१३)।

किनकि हाम्रो नागरिकता स्वर्गमा छ, जहाँबाट हामी पनि मुक्तिदाता प्रभु येशू ख्रीष्टको बाटो हेर्दछौं; जसले जुन प्रभावशाली कार्यद्वारा सबै कुरा आफ्नो वशमा पार्न सक्नुहुन्छ, त्यही कार्यअनुसार उहाँले हाम्रो दीनहीन शरीरलाई बदली गरिदिनुहुनेछ, र यो उहाँको महिमापूर्ण शरीरजस्तै बनाइनेछ (फिलिप्पी ३:२०,२१)

---

[32] गमन=विदा भई जाने कार्य अर्थात् ख्रीष्टको स्वर्गारोहण; पुनरागमन=फर्केर आउने कार्य अर्थात् ख्रीष्टको दोस्रो आगमन

प्रियहरूहो, अहिले ता हामी परमेश्वरका सन्तान छौं, अनि हामी के हुनेछौं, सो अहिलेसम्म प्रकट भएको छैन; तर हामी जान्दछौं, **जब उहाँ देखा पर्नुहुनेछ,** तब हामी उहाँजस्तै हुनेछौं; किनकि हामी उहाँलाई, उहाँ जस्तो हुनुहुन्छ, त्यस्तै देख्नेछौं (१ यूहन्ना ३:२)।

अनि हेर, म चाँडै[33] **आउँछु;** अनि हरेक मानिसलाई जस्तो उसको काम हुनेछ, त्यही अनुसार दिनलाई मेरो इनाम मसित छ (प्रकाश २२:१२)।

हामीलाई यस "धन्य आशा"[34] का निम्ति "जागो" रहन (मर्कूस १३:३३,३५,३७; मत्ती २४:४२;२५:१३), "पर्खन" (१ थेस्सलोनिकी १:१०) र "तयार" रहन (मत्ती २४:४४) अर्ती दिइएको छ। बाइबलको अन्तिम प्रार्थना समेत ख्रीष्टको पुनरागमनको निम्ति गरिएको बिन्तीको रूपमा छ (प्रकाश २२:२०)।

पवित्र शास्त्रका यी खण्डहरूबाट ख्रीष्टको दोस्रो आगमन व्यक्तिगत र शारीरिक रूपमा नै हुनेछ भन्ने कुरा छर्लङ्ग हुन्छ। तसर्थ, दोस्रो आगमनको अर्थ विश्वासीको मृत्यु होइन, यरूशलेमको विनाश होइन, पेन्टेकोस्टमा भएको पवित्र आत्माको आगमन होइन, इसाईमतको क्रमिक विस्तार होइन। दोस्रो आगमन त मण्डलीको "धन्य आशा" हो। त्यस घडी सुतिरहेका पवित्र जनहरू बौराइनेछन् र जीवित रहेका पवित्र जनहरू "बदली" गराइनेछन् (१ कोरिन्थी १५:५१,५२)। तब उनीहरू प्रभुलाई भेट्नलाई उठाइनेछन्। त्यस घडी हामी, जो अहिले परमेश्वरका सन्तान कहलिएका छौं, उहाँजस्तै हुनेछौं र पवित्र जनहरूले मुक्ति पाएपश्चात् उहाँको नामका निम्ति गरेका विश्वासयोग्य कामका निम्ति इनाम पाउनेछन्।

हाम्रा प्रभुका दुई आगमनहरूको भिन्नतामाथि थप प्रकाश पार्ने निम्न खण्डहरूलाई दाँजेर हेर्नोस्:

---

[33] "चाँडै" कुन अर्थमा? यस अर्थमा कि ख्रीष्ट कुनै पनि घडी अर्थात् अकस्मात् आउनुहुनेछ। प्रभुको आगमन अचानक हुनेवाला (IMMINENT) छ। त्यसैले "प्रभु नजिकै हुनुहुन्छ" (फिलिप्पी ४:५), "प्रभुको आगमन नजिक छ...न्यायकर्ता ढोकाको अघिल्तिर खडा हुनुहन्छ" (याकूब ५:८-९) जस्ता अर्तीहरू नयाँ नियममा बारम्बार भेटिन्छन्। त्यसैले विश्वासी जन हर घडी तयार भई जिउनुपर्छ। पहिलो शताब्दिका विश्वासीहरू "उहाँको पुत्रको बाटो हेर्दै" परमेश्वरको सेवा गर्दथे (१ थेस्सलोनिकी १:९)।

[34] तीतस २:१३

| पहिलो आगमन | दोस्रो आगमन |
|---|---|
| अनि उनले आफ्ना जेठा छोरालाई जन्माइन्, र उहाँलाई लपेट्ने लुगाहरूमा बेरेर उहाँलाई डुँडमा राखिन्; किनकि उनीहरूका निम्ति पौवामा ठाउँ थिएन (लूका २:७)। | अनि तब आकाशमा मानिसका पुत्रको चिन्ह देखा पर्नेछ; तर पृथ्वीका सबै कुलहरूले विलाप गर्नेछन्, अनि तिनीहरूले मानिसका पुत्रलाई बडो सामर्थ्य र महिमासहित आकाशका बादलहरूमा आइरहेका देख्नेछन् (मत्ती २४:३०)। |
| नत्र ता उहाँले संसारको उत्पत्तिदेखि बारम्बार दुःख भोग्नुपर्ने थियो। तर अब, यस युगको अन्तमा आफ्नै बलिदानद्वारा पाप हटाउनालाई उहाँ एकपल्ट देखा पर्नुभएको थियो (हिब्रू ९:२६)। | उसरी नै ख्रीष्ट पनि धेरैका पापहरू बोक्नका निम्ति एकपल्ट बलि चढाइनुभयो; अनि उहाँको बाटो हेर्नेहरूकहाँ मुक्तिका निम्ति उहाँ दोस्रो पटक बिनापाप देखा पर्नुहुनेछ (हिब्रू ९:२८)। |
| किनभने मानिसका पुत्र हराएकोलाई खोज्न र मुक्त गर्न आएका हुन् (लूका १९:१०)। | र तिमी दुःख भोग्नेहरूलाई चाहिँ हाम्रो साथमा विश्राम दिनु परमेश्वरका निम्ति धर्मसङ्गत कुरा हो; त्यस समयमा, जब प्रभु येशू स्वर्गबाट आफ्ना सामर्थी दूतहरूका साथमा दन्किरहेको आगोमा प्रकट हुनुहुनेछ, र परमेश्वरलाई नचिन्नेहरू र हाम्रा प्रभु येशू ख्रीष्टको सुसमाचार पालन नगर्नेहरूलाई बदला दिनुहुनेछ (२ थेस्सलोनिकी १:७,८)। |
| किनभने संसारलाई दोषी ठहराउनका निम्ति होइन तर उहाँद्वारा संसारले मुक्ति पाओस् भनेर परमेश्वरले आफ्नो पुत्रलाई संसारमा पठाउनुभयो (यूहन्ना ३:१७)। | किनभने उहाँले एउटा दिन ठहराउनुभएको छ, जुन दिनमा उहाँले आफूले नियुक्त गर्नुभएको मानिसद्वारा धार्मिकतापूर्वक संसारको न्याय गर्नुहुनेछ; उहाँलाई मरेका-हरूबाट बौराएर उठाईकन उहाँले सबै मानिसहरूलाई यस कुराको प्रमाण दिनुभएको छ (प्रेरित १७:३१)। |

यस्ता अरू थुप्रै तुलनात्मक खण्डहरू प्रस्तुत गर्न सकिन्थ्यो। तैपनि इस्राएल र मण्डली दुवैलाई दिइएका प्रतिज्ञाहरू पूरा हुन सक्नलाई पृथ्वीमा हाम्रा प्रभुको पुनरागमन हुनैपर्छ भन्ने कुरा माथि उल्लेखित खण्डहरूबाट पर्याप्त रूपमा पुष्टि भइसकेको छ।

# ख्रीष्टको दोस्रो आगमन सम्बन्धी गलत धारणाहरू

बाइबल अध्ययनको प्राथमिक चरणमा हुनुभएकाहरूलाई केही मदत पुगोस् भन्ने हेतुले ख्रीष्टको व्यक्तिगत र स-शरीर पुनरागमनको बाइबलीय शिक्षालाई खण्डन गर्न खोज्ने विभिन्न उपकल्पनाहरूलाई यहाँ संक्षेपमा हेरिनेछ।

वर्तमान प्रबन्धको अन्तमा हुने उहाँको स-दृश्य र स-शरीर आगमन सम्बन्धी पवित्र शास्त्रका खण्डहरूलाई उहाँका ईश्वरीय गुणलाई दर्शाउने खण्डहरूसित अल्मल्याइनु हुँदैन भन्ने कुरा त प्रस्टै हुनुपर्छ। ईश्वरीय गुणको कारणबाट उहाँ सर्वज्ञानी र सर्वव्यापी हुनुभएकोले उहाँ सब कुरा जान्नुहुन्छ र उहाँ सबै ठाउँमा सधैं नै उपस्थित हुनुहुन्छ। मत्ती १८:२० र मत्ती २८:२० जस्ता खण्डहरू यस कुराका नमुना हुन्।

यस अर्थमा उहाँ सधैं हामीसित हुनुहुन्छ, यस युगको अन्तसम्म पनि। यो त हृदयलाई हर्षित तुल्याउने सत्यता हो।

तर ख्रीष्ट येशू, जो एक मानव[35] पनि हुनुहुन्छ, यस घडी स-शरीर व्यक्तिगत रूपमा परमेश्वरको दाहिने हातपट्टि हुनुहुन्छ, जसरी प्रेरित १:९-११ ले प्रस्टै बताएको छ:

> अनि उहाँले यी कुराहरू भनिसक्नुभएपछि तिनीहरूले हेर्दा-हेर्दै उहाँ माथि उठाइनुभयो; र बादलले उहाँलाई तिनीहरूको दृष्टिबाट ढाकिदियो। अनि उहाँ माथि जाँदै गर्नुहुँदा तिनीहरू आकाशतिर एक डिठ लगाएर हेरिरहेका थिए, तब हेर दुईजना सेतो वस्त्र लगाएका मानिसहरू तिनीहरूको बगलमा खडा भए; अनि उनीहरूले भने: “हे गालीलका मानिसहरूको, तिमीहरू किन आकाशतिर हेर्दै उभिँदछौ? तिमीहरूको बीचबाट स्वर्गमा उठाइनुहुने यही येशू नै यही प्रकारले आउनुहुनेछ, जसरी उहाँलाई स्वर्गतिर जाँदै गर्नुभएको तिमीहरूले देख्यौ” (प्रेरित १:१०,११)।

---

[35] “वचन शरीर हुनुभयो” (यूहन्ना १:१४)। कन्याबाटको अलौकिक जन्मद्वारा परमेश्वरका अनन्त पुत्र सदाका निम्ति मानिस जातिको सदस्य बन्नुभयो। र उहाँको मृत्यु र बौरिउठाइले एक नयाँ मानव जाति अथवा नयाँ सृष्टिका शिर बन्नुभएको छ (२ कोरिन्थी ५:१७; एफेसी २:१०)। यसर्थ उहाँ “दोस्रो मानिस” र “अन्तिम आदम” हुनुहुन्छ (१ कोरिन्थी १५:४५,४७)। पहिलो मानिस आदमले पुरानो सृष्टिमा पाप र मृत्यु ल्यायो भने दोस्रो मानिस प्रभु येशू ख्रीष्टले नयाँ सृष्टिको साथसाथै धार्मिकता र जीवन ल्याउनुभयो (रोमी ५:१२-२१; १ कोरिन्थी १५:२१-२२)।

स्टिफनसले उहाँलाई त्यहीँ देखेका हुन्:

> तर तिनले पवित्र आत्माले भरपूर भएर स्वर्गतिर डिठ लाएर हेरे, र परमेश्वरको महिमा र **येशूलाई परमेश्वरको दाहिने हातपट्टि उभिरहनुभएको** देखे, र भने: "हेर्नोस्, आकाशहरू खोलिएका र मानिसका पुत्रलाई परमेश्वरको दाहिने हातपट्टि उभिरहनु-भएको म देख्दछु!" (प्रेरित ७:५५,५६)।

> आफैद्वारा हाम्रा पापहरू शुद्ध पारेपछि उहाँ उच्च स्थानमा **महामहिमको दाहिने हातपट्टि** बस्नुभयो (हिब्रू १:३)।

> यसकारण यदि तिमीहरू ख्रीष्टसँग बिउँतिएका छौ भने माथिका कुराहरू खोज, जहाँ ख्रीष्ट परमेश्वरको दाहिने हाततर्फ बसिरहनुभएको छ (कलस्सी ३:१)।

यसको चित्रणस्वरूप एउटा उदाहरणलाई विचार गरौं। फ्रान्स र प्रस्सियाको[36] युद्ध चलिरहँदा, भोन मोल्टके, आफ्नो बुद्धि र सीपद्वारा साथै टेलिग्राफ तार-प्रणालीको प्रयोगमार्फत, साँच्ची नै हरेक युद्धस्थलमा उपस्थित हुन सके यद्यपि स-दृश्य र व्यक्तिगत रूपमा उनी आफ्नो बरलीनस्थित अफिसमै सीमित थिए। युद्धको पछिल्लो चरणमा उनी पेरिसका सामु तैनाथ गरिएको सेनाकै साथमा थिए अनि तब त्यहाँ उनको वास्तविक र स-दृश्य उपस्थिति सम्भव भयो। यही प्रकारले हाम्रा प्रभु पनि आफ्ना ईश्वरीय गुणहरूको कारणबाट आफ्नो मण्डलीको साथमा वास्तवमै सधैं उपस्थित हुनुहुन्छ, तर आफ्नो दोस्रो आगमनमा उहाँ स-दृश्य र व्यक्तिगत रूपमै यस पृथ्वीमा उपस्थित हुनुहुनेछ।

(१) पेन्टेकोस्टको दिनमा भएको पवित्र आत्माको आगमन प्रभुको आगमन सम्बन्धीका अगमवाणीहरूको पूरा हुवाइ होइन न ता जोशिला जागृतिहरूमा वा आशिषमय प्रार्थना सभाहरूमा उहाँको उपस्थितिको अनुभव गरिनु नै त्यसको पूरा हुवाइ हो, किनकि—

(क) यस्तो व्याख्याले पवित्र आत्मालाई ख्रीष्टको केवल एक अभिव्यक्ति मात्र तुल्याउँदछ अनि त्रिएकताको शिक्षालाई व्यावहारिक रूपमा रद्द गर्दछ।

---

[36] पहिलो विश्व युद्धअघिको जर्मन राष्ट्र; फ्रान्स र प्रस्सिया बीचको युद्ध इ.सं. १८७०-७१ मा चलेको थियो।

(ख) किनकि आत्माको आगमन सम्बन्धी आफ्नो प्रतिज्ञामा ख्रीष्टले उहाँलाई "अर्को शान्तिदाता" (यूहन्ना १४:१६) को संज्ञा दिनुभएको छ; र यूहन्ना १६:७ मा ख्रीष्ट भन्नुहुन्छ: "म गइनँ भने शान्तिदाता तिमीहरूकहाँ आउनुहुनेछैन; तर म गएँ भने म उहाँलाई तिमीहरूकहाँ पठाउनेछु।"

(ग) किनकि प्रेरितको पुस्तक, पत्रहरू र प्रकाशको पुस्तकका लेखकहरूले प्रभुको आगमनलाई पेन्टेकोस्टको पछाडि र सधैं भविष्यमा हुने घटनाको रूपमा १५० भन्दा बढी पटक उल्लेख गरेको पाइन्छ।

(घ) किनकि ख्रीष्टको आगमनमा[37] हुने भनी भविष्यवाणी गरिएका कुनै पनि घटनाहरू पेन्टेकोस्टमा पूरा भएनन्। ती हुन्: सुतेका पवित्र जनहरूको बौरिउठाइ (१ कोरिन्थी १५:२२,२३; १ थेस्सलोनिकी ४:१३-१६); जीवित रहेका विश्वासीहरूको "बदली" जसमार्फत उनीहरूले "अविनाशलाई पहिरनैपर्छ" – तिनीहरूका "दीनहीन शरीर...उहाँको महिमापूर्ण शरीरजस्तै बनाइनेछ" र तिनीहरू प्रभुलाई भेट्नका लागि हावामा उठाइनेछन् (१ कोरिन्थी

[37] ख्रीष्टको पुनरागमनका पनि दुई चरणहरू छन् भन्ने कुरालाई ध्यानमा राखिएन भने धेरै अलमल सृजना हुन्छ। **पहिलो चरण** अन्तर्गत उहाँ मण्डली युगका विश्वासीलाई आफूकहाँ लिनलाई स्वर्गबाट ओर्लनुहुनेछ र त्यसबेला उनीहरू उठाइनेछन् र प्रभुलाई हावामा भेट्नेछन् (१ थेस्सलोनिकी ४:१४-१७)। यसलाई प्रायः "र्‍याप्चर" भन्ने गरिन्छ र यो कुनै पनि घडी हुन सक्ने घटना हो, त्यसैले हामी उहाँको बाटो हेर्दै जिउनुपर्छ र पवित्र जीवन जिउँदै प्रभुको काममा प्रशस्त हुँदै सधैं तयार हुनुपर्छ (१ थेस्सलोनिकी १:९; फिलिप्पी ४:५; तीतस २:१२-१३; याकूब ५:८-९; १ पत्रुस ४:७; यहूदा २१)।

ख्रीष्टको पुनरागमनको **दोस्रो चरण** र्‍याप्चरको सातवर्षपछि मात्र हुन्छ जुन बेला उहाँ बडो सामर्थ्य र महिमासहित पृथ्वीका सबै कुलहरूले देख्ने गरी पृथ्वीमै ओर्लनुहुनेछ (मत्ती २४:२९,३०)। बीचको सात वर्षको समय (दनियल ९:२७) संसारकै सबभन्दा भयानक सङ्कष्टहरूको समय हुनेछ, विशेष गरी आखिरी साँढे तीन वर्षको कालखण्ड (दनियल ९:२७) जसलाई येशू प्रभुले महासङ्कष्टको संज्ञा दिनुभयो (मत्ती २४:१५-२१)। प्रकाश ६-१९ यही सङ्कष्टकालको विस्तृत वर्णन हो जसको अन्तिम खण्ड (प्रकाश १९:११-१६) मा ख्रीष्ट बडो सामर्थ्य र महिमासहित आउनुहुने कुरा छ।

पृष्ठ ४९ को रेखाचित्रमा विश्वासीहरू प्रभुकहाँ उठाइने घटनालाई "र्‍याप्चर" (RAPTURE) र हजार वर्ष स्थापना गर्न प्रभु जगतमा प्रकट हुनुहुने घटनालाई "प्रकाश" (REVELATION) भनेर इङ्गित गरिएको छ। यसरी ख्रीष्टको दोस्रो आगमनका दुई चरणहरूलाई "र्‍याप्चर" र "प्रकाश" भनेर नाम दिन सकिन्छ।

१५:५१-५३; फिलिप्पी ३:२०,२१; १ थेस्सलोनिकी ४:१७); र बडो सामर्थ्य र महिमासहित मानिसका पुत्रको स-दृश्य आगमनको कारण पृथ्वीका सबै कुलहरूले विलाप गर्नेछन् (मत्ती २४:२९,३०; प्रकाश १:७)।

हाम्रा प्रभुको आगमनमा हुने घटनाहरू यिनै हुन्। जब उहाँ आउनुहुनेछ, यी घटनाहरू प्रत्यक्ष हुनेछन्। पेन्टेकोस्टमा यीमध्ये कुनै पनि पूरा भएनन् न ता पवित्र आत्माको अन्य कुनै अभिव्यक्तिमा नै पूरा भएका छन्।

(२) एक पापीको जीवन परिवर्तित हुनु[38] प्रभुको दोस्रो आगमन होइन। कैयौँ सङख्यामा रहेका परिस्थितिजन्य भविष्यवाणीहरू सन्तोषजनक रूपमा यसरी नै पुष्टि हुन्छ भन्ने हास्यास्पद उपकल्पनालाई गम्भीर रूपमा त नअपनाइनु पर्ने जस्तो देखिन्छ। यहाँ यति मात्र बताउन आवश्यक छ—

(क) पवित्र शास्त्र अनुसार वास्तविकता यसको ठीक विपरित छ। जीवन परिवर्तन एक पापी जन ख्रीष्टमा आएर हुने हो, ख्रीष्ट पापीकहाँ आउनुभएर हुने होइन (मत्ती ११:२८; यूहन्ना ५:४०; यूहन्ना ७:३७; ६:३७)।

(ख) प्रभुको आगमनमा हुने भनी भविष्यवाणी गरिएका माथि उल्लेखित कुनै पनि घटनाहरू एक पापी जनको जीवन परिवर्तनको घडीमा पूरा हुँदैनन्।

(३) एक ख्रीष्टियनको मृत्यु ख्रीष्टको दोस्रो आगमन होइन; किनकि—

(क) प्रभुको एउटा भनाइलाई नबुझेर जब चेलाहरूले उनीहरूमध्येका एकजना उहाँ नआउन्जेलसम्म रहिरनेछन् भन्ने अर्थमा लिए, तब 'यो चेलाचाहिँ मर्दैन' भन्ने कुरा भाइहरूको बीचमा फैलिएको हो (यूहन्ना २१:२२-२४)।

(ख) बाइबलका लेखकहरूले विश्वासी जनको मृत्युलाई सधैं उसको प्रस्थानको रूपमा उल्लेख गरेको पाइन्छ। प्रभुको आगमनलाई एक ख्रीष्टियनको मृत्युसँग गाँसेको एउटै खण्ड पाइँदैन। हेर्नोस्, फिलिप्पी

[38] अर्थात् निजको मुक्तिको घडी वा CONVERSION को घडी

१:२३; २ तिमोथी ४:६; २ कोरिन्थी ५:८। मर्नै लागेका स्टिफनसले स्वर्ग खोलिएका देखे र मानिसका पुत्र आइरहनुभएको नभएर “परमेश्वरको दाहिने हातपट्टि उभिरहनुभएको” देखे (प्रेरित ७:५५,५६)।

(ग) प्रभुको आगमनमा हुने भनी भविष्यवाणी गरिएका माथि उल्लेखित कुनै पनि घटनाहरू एक ख्रीष्टियनको मृत्युको घडीमा पूरा हुँदैनन्।

(४) रोमले सम्पन्न गरेको यरूशलेमको विध्वंश ख्रीष्टको दोस्रो आगमन थिएन; किनकि—

(क) मत्ती २४ र लूका २१ मा तीनओटा घटनाहरू भविष्यवाणी गरिएका छन्: मन्दिरको विध्वंश, प्रभुको आगमन र यस युगको अन्त। मत्ती २४:३ मा हेर्नोस्। यी प्रस्टै भिन्न-भिन्न कुरालाई बिनाआधार छ्यासमिस गर्नाले नै एउटाको पूरा हुवाइ तीनैओटाको पूरा हुवाइ हो भन्ने धारणा उब्जिन गएको हो।

(ख) प्रेरित यूहन्नाले प्रकाशको पुस्तकलाई यरूशलेमको विध्वंश भइसकेपछि लेखेका हुन्[39] तर उनले प्रभुको आगमन भविष्यमै हुने कुरा हो भनी देखाउँछन् (प्रकाश १:४,७; २:२५; ३:११; २२:७,१२,२०)। बाइबलको अन्तिम प्रतिज्ञा यस्तो छ, “साँच्ची नै म चाँडै आउँछु”; र अन्तिम प्रार्थना यस्तो छ, “ज्यू, आउनुहोस्, हे प्रभु येशू।”

(ग) प्रभुको आगमनमा हुने भनी भविष्यवाणी गरिएका माथि उल्लेखित कुनै पनि घटनाहरू यरूशलेमको विध्वंशको घडीमा पूरा भएनन्। हेर्नोस्, १ थेस्सलोनिकी ४:१४-१७; मत्ती २४:२९-३१; मत्ती २५:३१,३२ आदि।

(५) इसाईमतको विस्तार ख्रीष्टको दोस्रो आगमन होइन; किनकि—

---

[39] यूहन्नाले प्रकाशको पुस्तक लेख्दा उनी पत्मोसको टापुमा थिए जहाँ उनलाई डोमिटियन सम्राटको शासनकालको पछिल्लो समयमा अर्थात् ए.डी. ९६ तिर निर्वासन गरिएको कुरा पहिलो शताब्दीका मण्डली अगुवाहरूको लेखोटहरूमा उल्लेख छ (विलियम म्याकडोनाल्ड)। यरुशलेमको विध्वंश भने ए.डी. ७० मा भइसकेको थियो।

(क) इसाईमतको विस्तार, बिस्तारै हुने कुरा हो भने पवित्र शास्त्रले प्रभुको पुनरागमनचाहिँ झट्टै र अचानक हुने कुरा हो भनेर बताएको छ (मत्ती २४:२७,३६-४२,४४,५०; २ पत्रुस ३:१०; प्रकाश ३:३)।

(ख) इसाईमतको विस्तार एक प्रक्रिया हो तर प्रभुको पुनरागमनलाई पवित्र शास्त्रले सधैं एउटा घटनाको रूपमा उल्लेख गरेको पाइन्छ।

(ग) इसाईमतको विस्तारले दुष्टका लागि मुक्ति ल्याउँछ भने ख्रीष्टको आगमनले उनीहरूमाथि मुक्ति होइन बरु "अचानक विनाश" ल्याउनेछ (१ थेस्सलोनिकी ५:२,३; २ थेस्सलोनिकी १:७-१०; मत्ती २५:३१-४६)।

यी कथित व्याख्या र उपकल्पनाहरू व्यापक भए तापनि तिनीहरू कुनै पनि शिक्षण संस्था वा सम्प्रदायका नाम चलेका ईश्वर-शास्त्रीका पुस्तकमा भेटिँदैनन् न ता कुनै पनि सर्वमान्य बाइबल शिक्षकले यी धारणाहरूलाई समर्थन गरेको पाइन्छ। यी सबैले ख्रीष्टको स-शरीर, स-दृश्य दोस्रो आगमनकै शिक्षालाई समर्थन गरेको पाइन्छ।

तरैपनि कहिलेकाहीँ यस्तो दाबी गरेको पाइन्छ—

(६) सुसमाचार प्रचारद्वारा सारा विश्व इसाई नबनेसम्म र त्यसपछि एक हजार वर्षसम्म आफूलाई ख्रीष्टको आत्मिक राज्यको अधीनतामा नसुम्पेसम्म दोस्रो आगमन हुनै सक्दैन। यो धारणा[40] पूरै गलत छ किनकि—

(क) पवित्र शास्त्रले ख्रीष्टको दोस्रो आगमनको घडीमा पृथ्वीको अवस्था सहस्राब्दीको आशिषले होइन बरु भयानक दुष्टताले भरिएको हुनेछ भनी बयान गरेको पाइन्छ (लूका १७:२६-३२ लाई उत्पत्ति ६:५-७ सित तुलना गर्नुहोस्; उत्पत्ति १३:१३; लूका १८:८; लूका २१:२५-२७)।

(ख) पवित्र शास्त्रले वर्तमान प्रबन्धको सफरलाई बयान गर्दा यस प्रबन्धको सुरुदेखि अन्तसम्मको कुनै पनि समयमा सारा विश्व इसाई

[40] यसलाई पोस्ट-मिलिनियमवाद (POST-MILLENNIALISM) भनिन्छ।

बन्न सक्ने सम्भावनालाई ठाउँ दिएको कतै पाइँदैन (मत्ती १३:३६-४३,४७-५०; मत्ती २५:१-१०; १ तिमोथी ४:१; २ तिमोथी ३:१-९; ४:३,४; २ पत्रुस ३:३,४; यहूदा १७-१९)।

(ग) वर्तमान प्रबन्ध अन्तर्गत परमेश्वरको उद्देश्य विश्वलाई नै इसाई बनाउनु नभएर "अन्यजातिहरूका बीचबाट आफ्ना नामका निम्ति एउटा जाति" निकाल्नु रहेको बताइएको छ। अनि यसपछि उहाँ फर्कनुहुनेछ अनि तब मात्र (यसभन्दा अघि होइन) विश्वभरिका सबै मानिसहरू परमेश्वरका जनहरू हुनेछन्। हेर्नोस्, प्रेरित १५:१४-१७; मत्ती २४:१४ ("साक्षी हुनालाई"); रोमी १:५ (सबै जातिहरू "बाट" होइन सबै जातिहरूका "बीचमा"); रोमी ११:१४ ("सबैलाई" होइन "कतिलाई"); १ कोरिन्थी ९:२२; प्रकाश ५:९ ("हरेक जाति" होइन "हरेक जातिबाट")।

(घ) ख्रीष्टको दोस्रो आगमनको दिन आउन अझै हजार वर्षभन्दा बढी समय बाँकी हुँदो हो त[41] त्यसको निम्ति "जागो" रहनुपर्छ र उक्त आगमनको "बाटो हेर्दै" जिउनुपर्छ भन्नु अर्थहीन कुरा हुनेथ्यो।

---

[41] अर्थात् उहाँको आगमन हुनु अघि विश्वले पहिला आफैलाई १००० वर्षसम्म उहाँको आत्मिक राज्यको अधीनमा सुम्पनुपर्नेथियो भने प्रभु मण्डलीलाई कुनै पनि घडी लिन आउनुहुन्छ भन्ने शिक्षाको कुनै औचित्य हुने थिएन। तर प्रभुको आकस्मिक आगमन (IMMINENT RETURN) को शिक्षा नयाँ नियमको ज्यादै प्रस्ट शिक्षा हो यद्यपि मण्डली इतिहासभरि यस शिक्षालाई थोरै नै वास्ता गरिएको छ। सी. एच. म्याकिन्टोश लेख्छन्, "तर पवित्र शास्त्रले औंल्याएको इसाई जगतको सबैभन्दा जघन्य अपराधहरूमध्ये एउटा यो हो कि "दुष्ट दासले, 'मेरा मालिक आउन ढिलो गर्नुहुन्छ' भनी आफ्नो मनमा भन्छ" (मत्ती २४:४८)। तरैपनि "उहाँको आगमनलाई प्रेम गर्नेहरू" लाई "धार्मिकताको मुकुट" दिइने प्रतिज्ञा छ (२ तिमोथी ४:८)!

## अध्ययन प्रश्नहरू

1. मसीहको सम्बन्धमा पुरानो नियममा पाइने भविष्यवाणीका दुईटा धारा कुन-कुन हुन्?
2. यिनमा कुनचाहिँ पूरा भइसक्यो?
3. सो कहिले पूरा भएको थियो?
4. अर्कोचाहिँ कहिले पूरा हुनेछ?

## अध्याय ४

# दुई बौरिउठाइहरू

मरेका मानिसहरू सबै बौराइनेछन् भनेर सत्यको वचनले पक्का र स्पष्टसित सिकाउँछ। खाँटी विश्वासको यो शिक्षा बाइबलका सबभन्दा स्पष्ट र जोडदार खण्डहरूको अधिकारमा अडेको छ। ख्रीष्टिय विश्वासको लागि यो जत्तिकै सारभूत शिक्षा अर्को छैन।

> तर यदि मरेकाहरूको बौरिउठाइ हुँदैन भने ख्रीष्ट पनि बौराइनुभएन। अनि ख्रीष्ट बौराइनुभएन भने हाम्रो प्रचार व्यर्थै हो, र तिमीहरूको विश्वास पनि व्यर्थै हो (१ कोरिन्थी १५:१३,१४)।

तर पवित्र शास्त्रले मरेकाहरू सबै एकै समयमा बौराइनेछन् भनेर सिकाउँदैन भन्ने कुरा बुझ्नु आवश्यक छ। पवित्र जनहरू आंशिक रूपमा त बौरिउठिसकेका छन्:

> अनि चिहानहरू खोलिए; र सुतेका पवित्र जनहरूका धेरै शरीरहरू बौरेर उठे; अनि उहाँको बौरिउठाइ भएपछि तिनीहरू चिहानहरूबाट निस्केर पवित्र शहरभित्र पसे र धेरैकहाँ देखा परे (मत्ती २७:५२,५३)।

दुई[42] बौरिउठाइहरू भविष्यमा हुन अझ बाँकी नै छन् जुन बौरिउठाइहरू बेग्लाबेग्लै समयमा हुनेछन् र तिनमा संलग्न व्यक्तिहरू पनि बेग्लाबेग्लै हुनेछन्। यी बौरिउठाइहरूलाई विभिन्न नामले वर्गीकरण गरेको पाइन्छ; जस्तै, जीवनको बौरिउठाइ तथा दण्डको बौरिउठाइ; धर्मीहरू र अधर्मीहरूको बौरिउठाइ आदि। यस महत्त्वपूर्ण विषयलाई प्रकाश पार्ने पवित्र शास्त्रका खण्डहरू यस प्रकार छन्:

> यस कुरामा अचम्म नमान; किनभने त्यो घडी आइरहेको छ, जसमा चिहानभित्र रहेका सबैले उनको स्वर सुन्नेछन्, र भलो गर्नेहरू **जीवनको बौरिउठाइ**का निम्ति, र दुष्ट काम गर्नेहरू चाहिँ **दण्डको बौरिउठाइ**का निम्ति निस्किआउनेछन् (यूहन्ना ५:२८,२९)

---

[42] अथवा दुई वर्गका। पहिलो वर्ग (धर्मीहरू) को बौरिउठाइका विभिन्न चरणहरू छन् तर दोस्रो वर्ग (अधर्मीहरू) को बौरिउठाइ संसारको अन्तमा एकै पटक हुने घटना हो।

यहाँ “घडी” भन्ने शब्दले यी दुई भिन्न वर्गका व्यक्तिहरूको समकालीन बौरिउठाइ हुने कुराको सङ्केत दिन्छ भनेर कसैले दाबी गर्ला। यसको प्रत्युत्तर हो, पद २५ को “घडी” त २००० वर्ष लामो भइसक्यो। (त्यस्तै “दिन” शब्दलाई २ पत्रुस ३:८, २ कोरिन्थी ६:२ र यूहन्ना ८:५६ मा कुन अर्थमा प्रयोग गरिएको छ, हेर्नोस्)।

> तर जब तिमी भोज दिन्छौ, तब गरिब, कूँजा, लङ्गडा, अन्धाहरूलाई बोलाऊ, र तिमी धन्य हुनेछौ; किनभने तिनीहरूले तिमीलाई बदलामा केही दिन सक्दैनन्; किनकि **धर्मीहरूको बौरिउठाइ**मा तिमीलाई बदला दिइनेछ (लूका १४:१३-१४)।

यस खण्डमा हाम्रा प्रभुले केवल पहिलो बौरिउठाइको कुरा गर्नुहुन्छ। पहिलो कोरिन्थीको पन्ध्रौं अध्यायबाट यस भिन्नतालाई अझ स्पष्ट गरी बुझ्न सकिन्छ:

> किनकि जसरी आदममा सबै मर्छन्, उसरी नै ख्रीष्टमा सबै जिउँदो पारिनेछन्। **तर हरेक आफ्नो-आफ्नो पालोमा** – पहिलोफल ख्रीष्ट, त्यसपछि उहाँको आगमनमा ख्रीष्टका जनहरू (१ कोरिन्थी १५:२२,२३)।

> तर हे भाइहरूहो, अरू आशा नहुनेहरूले गरेजस्तो चाहिँ तिमीहरूले शोक नगर भनेर ती सुतिजानेहरूका विषयमा म तिमीहरूलाई अनजान रहेको चाहदिनँ। किनकि येशू मर्नुभयो र बौरेर उठ्नुभयो भनी हामी विश्वास गर्दछौं भने उसरी नै येशूमा सुतेकाहरूलाई पनि परमेश्वरले उहाँको साथमा ल्याउनुहुनेछ। किनकि प्रभुको वचनद्वारा हामी तिमीहरूलाई भन्दछौं – हामी जो जीवित छौं, र प्रभुको आगमनसम्म रहिरह्यौं भने हामीले कुनै रीतिले पनि सुतेकाहरूलाई उछिन्नेछैनौं। किनकि प्रभु आफै चित्कारसित प्रधान स्वर्गदूतको आवाज र परमेश्वरको तुरहीसित स्वर्गबाट ओर्लनुहुनेछ; अनि ख्रीष्टमा मरेकाहरू पहिले बौरेर उठ्नेछन् (१ थेस्सलोनिकी ४:१३-१६)।

फिलिप्पी ३:११ मा पावल त्यो बौरिउठाइको कुरा गर्दैछन् जसलाई जीवनको बौरिउठाइ, धर्मीहरूको बौरिउठाइ र ख्रीष्टमा मरेकाहरूको बौरिउठाइ भनिन्छ।

> “र जसरी भए पनि म मरेकाहरूबाटको बौरिउठाइसम्म आइपुग्न सकूँ” (फिलिप्पी ३:११)।

यहाँ टिप्पणी गरिनुपर्ने कुरा के छ भने पावलले मरेकाहरू**को** बौरिउठाइ भन्दैनन् तर मरेकाहरू**बाट**को बौरिउठाइ भन्दछन्। मरेकाहरू**को** बौरिउठाइ भनिएको भए सबै मरेकाहरू एकै समयमा बौरिउठ्नेछन् भन्ने बुझिन्थ्यो तर **बाट**को बौरिउठाइ भनिएको हुँदा त्यहाँ छनोट गरिनेछ भन्ने कुरा बुझिन्छ जसको फलस्वरूप मरेकाहरूमध्येबाट अरू बाँकीचाहिँ बौरनेछैनन्। यदि प्रेरित पावल सबै मरेकाहरूको बौरिउठाइको कुरा गरिरहेका भए त्यस्तो बौरिउठाइमा आफू "जसरी भए पनि ... आइपुग्न सकूँ" भनेर उनले किन भन्नुपर्थ्यो र (किनकि त्यसो हुँदो हो त उनी त्यसबाट बञ्चित हुने थिएनन्)?

प्रकाश २०:४-६ मा यी दुई बौरिउठाइहरू फेरि पनि सँग-सँगै उल्लेख गरिएका छन्। तर मुक्ति पाएकाहरूको बौरिउठाइ र मुक्ति नपाएकाहरूको बौरिउठाइको बीचमा हुने समयको अन्तरको सम्बन्धमा महत्त्वपूर्ण थप जानकारी यसरी दिइएको छ—

> अनि मैले सिंहासनहरू देखें: अनि उनीहरू तीमाथि बसे, र न्याय उनीहरूलाई दिइयो। अनि मैले तिनीहरूका प्राणहरूलाई देखें, जसका शिर येशूको गवाही र परमेश्वरको वचनको कारणले काटिएका थिए, अनि जसले न ता त्यस पशुलाई, न ता त्यसको मूर्तिलाई पूजा गरेका थिए, न ता आफ्ना निधारमा वा आफ्ना हातमा त्यसका निशान लिएका थिए; अनि **तिनीहरू जीवित भए** र ख्रीष्टसँग हजार वर्षसम्म राज्य गरे। **तर बाँकी मरेकाहरू** हजार वर्ष पूरा नहोउन्जेल फेरि जीवित भएनन्। योचाहिँ पहिलो बौरिउठाइ हो। यस पहिलो बौरिउठाइमा जसको भाग हुन्छ, ऊ धन्य र पवित्र हो; यस्ताहरूमाथि दोस्रो मृत्युको कुनै अधिकार छैन, तर तिनीहरू परमेश्वरका र ख्रीष्टका पूजाहारीहरू हुनेछन्, र उहाँसित हजार वर्षसम्म राज्य गर्नेछन् (प्रकाश २०:४-६)।

प्रकाश २०:१२-१३ ले चाहिँ दोस्रो बौरिउठाइ अर्थात् दण्डको बौरिउठाइको बयान गर्दछ।

निष्कर्ष: पवित्र शास्त्रको गवाही स्पष्ट छ – विश्वासी जनका शरीरहरू अविश्वासी जनका बीचबाट बौराइनेछन् र प्रभुलाई भेट्न हावामा उठाइनेछन्; उक्त घटना अविश्वासीहरूको बौरिउठाइ हुनुभन्दा एक हजार वर्ष अगाडि हुनेछ। बौरिउठाइको शिक्षा मरेकाहरूको केवल शरीरसित मात्र सम्बन्धित छ भन्ने सत्यतालाई बलियो गरी पक्रिराख्नुपर्छ। मृतकका आत्माहरू भने मृत्युको घडीमा तुरुन्तै कि त आनन्दपूर्ण कि त कष्टपूर्ण

अवस्थामा प्रवेश गर्दछन् (फिलिप्पी १:२३; २ कोरिन्थी ५:८; लूका १६:२२,२३)।

## अध्ययन प्रश्नहरू

1. भविष्यमा कतिओटा बौरिउठाइहरू हुनेछन्?
2. पहिलो बौरिउठाइमा संलग्न हुनेहरू को हुन्?
3. दोस्रो बौरिउठाइमा संलग्न हुनेहरू को हुन्?
4. ती दुई बीचको समयको अन्तर कति लामो हुनेछ?

**अध्याय ५**

# पाँच न्यायहरू



इसाई साहित्यमा बारबार उल्लेख हुने गरेको “सर्वसाधारण न्याय” (GENERAL JUDGEMENT) भन्ने वाक्यांश पवित्र शास्त्रमा भेटिँदैन। अझ गम्भीर कुरा के छ भने उक्त वाक्यांशले व्यक्त गर्न खोजेको अवधारणा पवित्र शास्त्रमा भेटिँदैन।

डा. पेन्टेकोस्टको निम्न भनाइ सत्य छ:

> “यही हानिकारक आदतले गर्दा अधिकांश इसाईहरू न्याय भनेको संसारको अन्तमा एकैपटक हुने सर्वसाधारण घटनाको हो भन्ने ठान्छन् जुन बेला सबै मानिसहरू, पवित्र जनहरू, पापीहरू, यहूदी तथा अन्यजातिहरू, मरेका र जीवितहरू, ‘ठूलो सेतो सिंहासन’ का सामु उभिनेछन् र त्यहाँ न्याय गरिनेछन्।[43] यो त बाइबलको सही शिक्षाभन्दा ट

[43] “तपाईंको जीवन यस्तो थियो” शीर्षक भएको सचित्र पर्चामा प्रस्तुत गरिएको न्यायको दृश्यमा यही त्रुटी भेटिन्छ यद्यपि अन्य हिसाबमा उक्त पर्चा सन्तोषजनक नै मान्नुपर्छ।

पवित्र शास्त्रले पाँचओटा[44] न्यायहरूको उल्लेख गरेको पाइन्छ। ती न्यायहरूबीचका भिन्नताका चार पक्ष छन्:

- ➡ पहिलो, न्यायमा संलग्न हुनेहरू
- ➡ दोस्रो, न्यायको स्थान
- ➡ तेस्रो, न्यायको समय
- ➡ चौथो, न्यायको परिणाम

# १. विश्वासीका पापहरूको न्याय

उसका पापहरूको न्याय पूरा भइसक्यो।

- समय: इस्वी संवत् ३० मा
- स्थान: क्रूसमा
- परिणाम: ख्रीष्टलाई मृत्यु, विश्वासी जनका निम्ति धार्मिकता

अनि उहाँ आफ्नो क्रूस बोकेर 'खोपडी' भनिने ठाउँतिर जानुभयो, जसलाई हिब्रू भाषामा 'गलगथा' भनिन्छ, जहाँ तिनीहरूले उहाँलाई क्रूसमा टाँगे (यूहन्ना १९:१७,१८)।

हामी पापहरूका निम्ति मरेर धार्मिकताका निम्ति बाँचौं भनेर **उहाँ आफैले** आफ्नो शरीरमा हाम्रा पापहरू क्रूसमाथि बोक्नुभयो (१ पत्रुस २:२४)।

किनकि हामीलाई परमेश्वरकहाँ पुऱ्याउनलाई ख्रीष्टले पनि – धर्मीले अधर्मीहरूका निम्ति – पापहरूका लागि एकपल्ट दुःख भोग्नुभयो (१ पत्रुस ३:१८)।

हाम्रा निम्ति श्राप बनेर ख्रीष्टले हामीलाई व्यवस्थाको श्रापबाट दाम तिरी छुटकारा दिनुभएको छ; किनकि लेखिएको छ: 'हरेक जो रूखमा झुन्डिन्छ, त्यो श्रापित हो' (गलाती ३:१३)।

किनकि उहाँ [ख्रीष्ट] मा हामी परमेश्वरका धार्मिकता बन्न पाऔं भनेर पापै नजान्नुहुनेलाई परमेश्वरले हाम्रा निम्ति पाप तुल्याउनुभयो (२ कोरिन्थी ५:२१)।

[44] यस गन्तिमा यहूदीहरूको न्याय सूचित गरिएको छैन। तर महासङ्कष्टकाललाई यहूदीहरूको न्यायको रूपमा लिन सकिन्छ (यर्मिया ३०:४-७; दानियल १२:१; इजिकिएल २२:१९-२२; मत्ती २४:२०-२२)।

> तर अब, यस युगको अन्तमा आफ्नै बलिदानद्वारा पाप हटाउनलाई उहाँ एकपल्ट देखा पर्नुभएको थियो (हिब्रू ९:२६)।

> आफैद्वारा हाम्रा पापहरू शुद्ध पारेपछि उहाँ उच्च स्थानमा महामहिमको दाहिने हातपट्टि बस्नुभयो (हिब्रू १:३)।

> यसकारण अब ख्रीष्ट येशूमा हुनेहरूलाई कुनै दण्डको आज्ञा छैन (रोमी ८:१)।

> साँचो-साँचो म तिमीहरूलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, ऊसँग अनन्त जीवन छ, र ऊ न्यायमा पर्नेछैन, तर मृत्युबाट जीवनमा सरिसकेको हुन्छ (यूहन्ना ५:२४)।

उपर्युक्त खण्डमा "न्याय"[45] भनेर अनुवाद गरिएको शब्द मत्ती १०:१५, हिब्रू ९:२७ र २ पत्रुस २:४ मा पनि प्रयोग गरिएको छ। २ कोरिन्थी ५:१० मा प्रयोग गरिएको "न्याय"[46] भन्ने शब्दचाहिँ बेग्लै शब्द हो जुनचाहिँ विश्वासी जनहरूको कामहरूको न्यायसित सम्बन्धित छ।

## २. विश्वासी जनभित्रको पापको न्याय

- समय: जुनसुकै समय
- स्थान: जुनसुकै स्थान
- परिणाम: हामीले आफैलाई न्याय गरेनौं भने प्रभुबाट ताडना पाइने

> किनकि हामीले आफैलाई जाँच्यौं भने हाम्रो न्याय गरिनेछैन। तर संसारसँगै हामी पनि दोषी ठहरिन नपरोस् भनेर हाम्रो न्याय गरिँदाखेरि प्रभुबाट हामी ताडना पाउँछौं (१ कोरिन्थी ११:३१,३२)।

> यदि तिमीहरूले ताडना सह्यौ भने परमेश्वरले तिमीहरूसित छोराहरूसित झैं व्यवहार गर्नुहुन्छ; किनकि कुन छोरा होला, जसलाई बाबुले ताडना दिँदैन? (हिब्रू १२:७)।

यी खण्डहरूमा पनि हेर्नोस्: १ पत्रुस ४:१७; १ कोरिन्थी ५:५; २ शमूएल ७:१४,१५; २ शमूएल १२:१३,१४; १ तिमोथी १:२०।

## ३. विश्वासी जनहरूको चालचलन अर्थात् कामहरूको न्याय

[45] **क्रीसिस्** = दण्डको आज्ञा

[46] **बेमा** = न्यायआसन

- समय: जब ख्रीष्ट आउनुहुनेछ
- स्थान: “हावामा”; विश्वासी जनका लागि
- परिणाम: “इनाम” वा “नोक्सानी” – “तर ऊ आफैचाहिँ बाँच्नेछ”

यो एउटा गम्भीर कुरा हो। ख्रीष्टले हाम्रा **पापहरू** क्रूसमाथि आफ्नै शरीरमा बोक्नुभएको हुनाले परमेश्वरले ती पापहरूलाई “कहिल्यै सम्झना गर्नेछैनँ” (हिब्रू १०:१७) भनेर प्रतिज्ञा गर्नुभएको छ, तरैपनि हामीले गरेको हरेक **काम**लाई न्यायमा ल्याइनैपर्छ। विश्वासी जनको जीवन र उसका कामहरूलाई प्रभुले जाँच गर्नैपर्छ।

> यसकारण चाहे हामी शरीरमा रहौं चाहे नरहौं, उहाँका निम्ति ग्रहणयोग्य बनिने प्रयत्न गर्दछौं। किनकि शरीरमा गरिएका कामहरूका निम्ति, चाहे असल होस् चाहे खराब, हरेकले जे गरेको छ, त्यसअनुसारको फल पाउनालाई हामी सबै ख्रीष्टको न्यायआसनका सामु देखा पर्नुपर्छ (२ कोरिन्थी ५:९,१०)।

> तर तिमी किन आफ्नो भाइको न्याय गर्दछौ? वा किन आफ्नो भाइलाई तुच्छ ठान्दछौ? किनकि हामी सबै ख्रीष्टको न्यायआसनका सामु उभिनेछौं (रोमी १४:१०)।

माथिका दुवै खण्डहरू केवल विश्वासीहरूसित मात्र सम्बन्धित छन् भन्ने कुरा सन्दर्भले नै देखाउँछ। पहिलो खण्डमा, विश्वासी जन दुईटामध्ये एउटा अवस्थामा हुन्छ भनेर पावल प्रेरित बताउँछन्: शरीरमा हुँदा ऊ प्रभुदेखि टाढा हुन्छ भने शरीरबाट अलग हुँदा ऊ प्रभुसँगै हुन्छ—विश्वास नगरेकाहरूलाई यसरी बयान गर्न मिल्दैन। २ कोरिन्थी ५:९,१० अनुसार, “यसकारण...हामी...उहाँका निम्ति ग्रहणयोग्य बनिने प्रयत्न गर्दछौं”, “किनकि हामी सबै...प्रकट गराइनुपर्छ[47]”।

रोमी १४:१० मा “हामी” र “भाइ” भन्ने शब्दहरूले विषयवस्तु फेरि विश्वासीहरूमै सीमित रहेको देखाउँछ। पवित्र आत्माले मुक्ति पाएका र नपाएकाहरूलाई मिसाउने काम कहिल्यै गर्नुहुन्न। तथापि रगतद्वारा धोइएको पवित्र जन न्यायमा खडा गराइनेछ भन्ने कुरा अविश्वसनीय नठानियोस् भन्ने हेतुले उहाँले यशैयाबाट उद्धृत गर्नुहुन्छ, यो प्रमाणित गर्न कि “हरेक घुँडा

---

[47] टी.बी.एस. नेपाली बाइबलअनुसार “देखा पर्नुपर्छ”(२ कोरिन्थी ५:१०)

टेक्नेछ", अनि यसरी थप्नुहुन्छ, "यसैकारण हामीमध्ये हरेकले परमेश्वरलाई आफ्नो-आफ्नो लेखा दिनेछ।"

कामहरूको न्याय गरिने आधार के हो भन्ने कुरा निम्न खण्डले बताउँछ—

> किनकि त्यस बसालिएको जगलाई छोडेर, जो येशू ख्रीष्ट हुनुहुन्छ, कुनै पनि मानिसले अर्को जग बसाल्न सक्दैन। अब कुनै मानिसले त्यस जगमाथि सुन, चाँदी, रत्नहरू, काठ, घाँस, परालले बनाउँदै लैजान्छ भने हरेकको काम प्रकट हुनेछ; किनकि त्यो दिनले त्यो काम देखाउनेछ, किनकि त्यो आगोद्वारा प्रकट गरिनेछ; अनि हरेकको काम, त्यो कस्तो किसिमको रहेछ भनी आगोले जाँच गर्नेछ। कुनै मानिसको काम, जो उसले त्यसमाथि बनाएको छ, रहिरह्यो भने उसले इनाम पाउनेछ। कसैको काम जलिजान्छ भने उसले हानि भोग्नेछ; तर ऊ आफैचाहिँ बाँच्नेछ, तर आगोबाट भएर उम्केजस्तो (१ कोरिन्थी ३:११-१५)।

निम्न खण्डहरूले उक्त न्यायको समयलाई इङ्गित गर्दछन् –

> किनभने मानिसका पुत्र आफ्ना पिताको महिमामा आफ्ना दूतहरूको साथमा आउनेछन्, र त्यस बेला उनले हरेकलाई उसका कामहरूअनुसार प्रतिफल दिनेछन् (मत्ती १६:२७)।

> र तिमी धन्य हुनेछौ; किनभने तिनीहरूले तिमीलाई बदलामा केही दिन सक्दैनन्; किनकि धर्मीहरूको बौरिउठाइमा तिमीलाई बदला दिइनेछ (लूका १४:१४)। १ कोरिन्थी १५:२२,२३ मा हेर्नोस्।

> यसकारण प्रभु नआउन्जेल समयभन्दा पहिले कुनै कुराको न्याय नगर, उहाँले अन्धकारमा लुकेका कुराहरू उज्यालोमा निकाल्नुहुनेछ, र हृदयहरूका विचारहरू प्रकट गरिदिनुहुनेछ; तब हरेकले परमेश्वरबाट प्रशंसा पाउनेछ (१ कोरिन्थी ४:५)।

तर, हाम्रा ती निम्नस्तरीय कामहरूको लेखाजोखा निश्चय पनि गरिनेछ भन्ने कुराको प्रसङ्गमा ठूलो सान्त्वना कुन कुरामा छ भने, उहाँले आफ्नो अटल प्रेममा हामीलाई यस्तो प्रकारले डोऱ्याउँदै हुनुहुन्छ र वर्तमान समयमा हामीभित्र यस्तो प्रकारले काम गर्दैहुनुहुन्छ कि त्यस दिन ती सबै कुराहरूमा हामीलाई प्रशंसा गर्न सकिने केही न केही पाउन सकियोस्।

> हेर, म चाँडै आउँछु; अनि हरेक मानिसलाई जस्तो उसको काम हुनेछ, त्यही अनुसार दिनलाई मेरो इनाम मसित छ (प्रकाश २२:१२)।

अब उप्रान्त मेरा लागि धार्मिकताको मुकुट राखिएको छ, जोचाहिँ धार्मिक न्यायकर्ता प्रभुले त्यस दिन मलाई दिनुहुनेछ; र मलाई मात्र होइन, तर उहाँको आगमनलाई प्रेम गर्ने सबैलाई पनि दिनुहुनेछ (२ तिमोथी ४:८)।

उक्त न्यायको स्थान: १ थेस्सलोनिकी ४:१७; साथै मत्ती २५:२४-३० मा हेर्नोस्।

## ४. जातिजातिको न्याय

- समय: ख्रीष्टको महिमापूर्ण आगमनमा (मत्ती २५:३१,३२; मत्ती १३:४०,४१)
- स्थान: यहोशपातको बेसी (योएल ३:१,२,१२-१४)
- परिणाम: कोही बाँच्नेछन्, कोही नष्ट हुनेछन् (मत्ती २५:४६)

आधार: ख्रीष्टले "मेरा भाइहरू" भनी जनाउनुभएकाहरूप्रतिको व्यवहार (मत्ती २५:४०,४५; योएल ३:३,६,७)। यी "भाइहरू" चाहिँ "महासङ्कष्ट" कालका यहूदीहरू हुन् जोहरूले आफ्ना मसीह येशूलाई विश्वास गर्नेछन्। उक्त महासङ्कष्टकाल मण्डली उठाई लगिएपछि सुरु हुनेछ भने यसको अन्त्यचाहिँ हाम्रा प्रभुको महिमापूर्ण आगमनमा हुनेछ (मत्ती २४:२१,२२; प्रकाश ७:१४; २ थेस्सलोनिकी २:३-९)। यी "भाइहरू" वर्तमान प्रबन्धका विश्वासीहरू हुन सक्दैनन् किनकि विश्वासी जनहरूको सेवा गर्नु येशू स्वयंलाई सेवा गर्नु हो भन्ने समेत ज्ञान नभएका इसाईहरूको कुनै उल्लेखनीय समूह कतै भेट्टाइनु असम्भव कुरो हो।

जीवित रहेका जातिहरूको यस न्याय र प्रकाश २० को "ठूलो सेतो सिंहासन" को न्यायलाई कतिले एउटै घटना ठान्ने गरेको हुनाले यी दुईलाई दाँजेर हेरिनु लाभदायक हुनेछ।

यस न्यायलाई कार्यान्वयन गर्न ख्रीष्टसित पवित्र जनहरू पनि सहभागी हुनेछन्। यसकारण उनीहरू आफै उक्त न्यायमा पर्ने कुरै भएन। १ कोरिन्थी ६:२, दानियल ७:२२, यहूदा १४,१५ मा हेर्नोस्।

ठूलो सेतो सिंहासनको न्याय र जीवित जातिहरूको न्यायमा एउटै मात्र समानता छ – दुवैका न्यायधीश एउटै व्यक्ति हुनुहुन्छ अर्थात् येशू ख्रीष्ट।

## ५. मरेका दुष्टहरूको न्याय

- समय: हजार वर्षीय राज्य पछाडि ठहराइएको दिन (प्रेरित १७:३१; प्रकाश २०:५,७)
- स्थान: "ठूलो सेतो सिंहासन" का सामु (प्रकाश २०:११)
- परिणाम: प्रकाश २०:१५

कसै-कसैलाई प्रेरित १७:३१ र रोमी २:१६ जस्ता पदहरूमा पाइने "दिन" भन्ने शब्दको कारण खुलदुली लाग्न सक्छ। बाइबलमा कुनै लामो समयावधिलाई पनि "दिन" भनेर जनाइएको पाइन्छ, जस्तै २ पत्रुस ३:८, २ कोरिन्थी ६:२ र यूहन्ना ८:५६ मा हेर्नोस्। त्यस्तै गरी यूहन्ना ५:२५ को "घडी" को अवधि झण्डै २००० वर्ष भइसक्यो।


[द्रष्टब्य: पवित्र शास्त्रले स्वर्गदूतहरूको न्यायको पनि उल्लेख गरेको छ (१ कोरिन्थी ६:३; यहूदा ६; २ पत्रुस २:४)। लूका २२:३० मा उल्लेखित "न्याय" ले भने इन्साफ नभएर सम्भवत: प्रशासनिक कार्यलाई जनाउँदछ। यशैया १:२६ मा हेर्नोस्।]

### अध्ययन प्रश्नहरू

1. पवित्र शास्त्रमा कतिओटा न्यायहरू अझै भविष्यमा हुने भनी बयान गरिएका छन्?
2. ती न्यायहरू कुन-कुन हिसाबले भिन्न छन्?
3. ती पाँच न्यायहरूलाई कण्ठस्थ सूचित गर्नुहोस्।

**अध्याय ६**

# व्यवस्था र अनुग्रह



सत्यको वचनको सबभन्दा स्पष्ट र उल्लेखनीय भिन्नता व्यवस्था र अनुग्रहको बीचको भिन्नता हो। वास्तवमा यी दुई फरक सिद्धान्तहरू नै दुई सबभन्दा महत्त्वपूर्ण प्रबन्धहरूलाई अर्थात् यहूदी र ख्रीष्टिय प्रबन्धहरूलाई छुट्ट्याउने विशिष्ट लक्षण हुन्।

> "किनभने मोशाद्वारा व्यवस्था दिइएको थियो, तर अनुग्रह र सत्यताचाहिँ येशू ख्रीष्टद्वारा आए" (यूहन्ना १:१७)।

तर यसको मतलब मोशा अघि व्यवस्था नै थिएन, र येशू ख्रीष्ट अघि अनुग्रह र सत्यता नै थिएन भन्ने अवश्य होइन। असल र खराबको ज्ञान दिने रूखको फल नखानू भनी आदमलाई प्रतिबन्ध लगाइँदा (उत्पत्ति २:१७) व्यवस्था प्रकट गरियो। अनि आफूले सृष्टि गर्नुभएको मानव जोडीले पाप गरेपछि परमेश्वरले उनीहरूलाई खोज्नुभएर छालाका वस्त्र पहिराइदिनुहुँदा (उत्पत्ति ३:२१) अनुग्रह अति सुन्दर ढाँचामा प्रकट गरियो; यो त ख्रीष्टकै सुन्दर

चित्रण थियो "जो हाम्रा निम्ति धार्मिकता ठहरिनुभएको छ" (१ कोरिन्थी १:३०)। परमेश्वरले आफ्नो इच्छालाई (यस अर्थमा व्यवस्थालाई) सुरुदेखि नै क्रमानुसार प्रकट गर्दै आउनुभएको छ भने परमेश्वरले आफ्नो प्रेम र भलाइलाई (यस अर्थमा अनुग्रहलाई) पनि सुरुदेखि नै क्रमानुसार प्रकट गर्दै आउनुभएको छ जसको प्रमाण पवित्र शास्त्रमा प्रशस्तै भेटिन्छ। तरैपनि पवित्र शास्त्रभरि उल्लेख भएको "व्यवस्था" भने मोशाद्वारा दिइयो, र सिनाईदेखि कलभरीसम्म यही व्यवस्थाकै विशेष प्राधान्य रह्यो। कलभरीदेखि सुरु भएको प्रबन्धभित्र चाहिँ अनुग्रहको विशेष प्राधान्य रहेको पाइन्छ र भविष्यवाणीअनुसार यो प्रबन्ध मण्डलीको र्‍याप्चर[48] अर्थात् मण्डली उठाइलगिने

तरैपनि उल्लेखनीय कुरा के छ भने पवित्र शास्त्रले कुनै पनि प्रबन्ध अन्तर्गत यी दुई सिद्धान्तहरूलाई मिसाउने काम कहिल्यै गर्दैन। व्यवस्थाको स्थान र काम अनुग्रहको भन्दा सधैं बिलकुलै भिन्न र फरक रहेको पाइन्छ। व्यवस्थामा परमेश्वरले प्रतिबन्ध लगाउने र माग राख्ने काम गर्नुहुन्छ। अनुग्रहमा परमेश्वरले आग्रह गर्ने र दिने काम गर्नुहुन्छ। व्यवस्था दोषी ठहराउने सेवा हो भने अनुग्रहचाहिँ क्षमाको सेवा हो। व्यवस्थाले श्राप दिन्छ भने अनुग्रहले उक्त श्रापबाट छुटकारा दिन्छ। व्यवस्थाले मार्छ, अनुग्रहले जीवित बनाउँछ। व्यवस्थाले परमेश्वरको सामु हरेक मुख बन्द गरिदिन्छ, अनुग्रहले हरेक मुख उहाँको प्रशंसा गर्नलाई खोलिदिन्छ। व्यवस्थाले मानिस र परमेश्वरको बीच ठूलो दोषरूपी दूरी खडा गरिदिन्छ, अनुग्रहले दोषी मानिसलाई परमेश्वरको नजिक ल्याउँदछ। व्यवस्थाले भन्छ, "आँखाको बदला आँखा, र दाँतको बदला दाँत", अनुग्रहले भन्छ, "दुष्टको सामना नगर; तर जसले तिम्रो दाहिने गालामा थप्पड लाउला, त्यसपट्टि अर्को पनि फर्काइदेऊ।" व्यवस्थाले भन्छ, "आफ्नो शत्रुलाई घृणा गर", अनुग्रहले भन्छ, "आफ्ना शत्रुहरूलाई प्रेम गर, तिमीहरूलाई श्राप दिनेहरूलाई आशिष देओ।" व्यवस्थाले भन्छ, काम गर

[48] १ थेस्सलोनिकी ४:१७ मा "उठाइनेछौं" भन्ने शब्द ग्रीकको **हारपाज्जो** क्रियापद शब्द हो जसको माने "एक्कासी शक्ति प्रयोग गरेर थुत्नु वा लिनु वा लग्नु" भन्ने हुन्छ। एक ठाउँमा रहेका फिलिपलाई पवित्र आत्माले एक्कासी अर्को ठाउँमा लग्नुभएको घटनालाई बयान गर्न प्रेरित ८:३९ मा यही शब्द प्रयोग भएको छ (साथै २ कोरिन्थी १२:२,४ र प्रकाश १२:५ मा पनि)। ल्याटिन बाइबलमा यस शब्दलाई अनुवाद गर्न प्रयोग गरिएको शब्दचाहिँ **र्‍याप्चर** (RAPTURO) हो।

अनि जीवन पाउनेछौ; अनुग्रहले भन्छ, विश्वास गर अनि जीवन पाउनेछौ। व्यवस्थाको कहिल्यै कुनै प्रचारक थिएन, अनुग्रह प्रत्येक प्राणीलाई प्रचारिनुपर्छ। व्यवस्थाले सबभन्दा असल मानिसलाई समेत दोषी ठह-याउँछ, अनुग्रहले सबभन्दा खराब मानिसलाई समेत सित्तैंमा धर्मी ठह-याउँछ (लूका २३:४३; रोमी ५:८; १ तिमोथी १:१५; १ कोरिन्थी ६:९-११)। व्यवस्था एक परीक्षण-प्रणाली हो, अनुग्रहचाहिँ निगाह-प्रणाली। व्यवस्थाले एउटी व्यभिचारिणीलाई ढुङ्गाले मार्छ, अनुग्रहले भन्छ, "म तिमीलाई दोषी ठहराउँदिनँ; जाऊ, र अबदेखि पाप नगर।"[49] व्यवस्था अन्तर्गत गोठालोका निम्ति भेंडा मर्दछ, अनुग्रह अन्तर्गत भेंडाका निम्ति गोठालो मर्दछन्।

जुनै पनि खण्डमा पवित्र शास्त्रले व्यवस्था र अनुग्रहलाई बिलकुलै भिन्न भूमिकायुक्त प्रणालीका रूपमा प्रस्तुत गरेको पाइन्छ।

आज शिक्षा र प्रचारमा प्रायः यी दुईको मिसावटले दुवैलाई बिगारेको पाइन्छ। एकातिर व्यवस्था त्रासपूर्ण हुन छाडेको छ भने अर्कोतिर अनुग्रह बिनादामको हुन छाडेको छ।

नयाँ नियममा "व्यवस्था" भन्नाले मोशाद्वारा दिइएको व्यवस्था बुझिन्छ (रोमी ७:२३ अपवादमा पर्छ)। तर कहिलेकाहीँ यसले सम्पूर्ण व्यवस्थालाई जनाउँछ, अर्थात् दुवै "नैतिक व्यवस्था" (दस आज्ञा) र विधिहरूको व्यवस्थालाई; कहिलेकाहीँ यसले आज्ञाहरूलाई मात्र जनाउँछ र कहिलेकाहीँ विधिहरूलाई मात्र। उदाहरणको लागि रोमी ६:१४, गलाती २:१६ र ३:२ पहिलो वर्गमा पर्छ। रोमी ३:१९ र ७:७-१२ दोस्रोमा र कलस्सी २:१४-१७ तेस्रोमा।

साथै यो पनि स्मरण गरियोस्, विधिहरूको व्यवस्थामा नै ती सुन्दर प्रतीकहरू समावेश छन्। प्रभु येशू ख्रीष्टको व्यक्तित्व र कार्यलाई पूजाहारीगिरी र बलिहरूमा सुन्दर ढाँचाले चित्रण गरिएका छन्। भेट हुने पाल (प्रस्थान २५-३०) र लेवीय बलिदानहरू (लेवी १-७) का वर्णनमा यी चित्रणहरू प्रस्तुत भएका छन्। अनि तीचाहिँ आत्मिकका लागि सधैं अद्भुत र मनोहर हुन्छन्।

---

[49] यूहन्ना ८:११

केवल “ढुङ्गाहरूमा लेखिएको र खोपिएको मृत्युको सेवा” (२ कोरिन्थी ३:७) को आधारमा बुझ्न खोज्दा नबुझिने भजनसङ्ग्रहका कतिपय वाक्यहरू समेत ख्रीष्टको सम्बन्धमा र उद्धार पाएकाहरूको सम्बन्धमा लेखिएका हुन् भनेर पढ्दा सफासित बुझिन्छ।

> तर उसको आनन्द परमप्रभुको व्यवस्थामा हुँदछ, र उहाँकै व्यवस्थामा दिनरात मनन गर्दछ (भजनसङ्ग्रह १:२)

> आहा, तपाईंको व्यवस्थालाई म कति प्रेम गर्दछु! दिनभरि मेरो ध्यान यसैमा रहिरहन्छ (भजनसङ्ग्रह ११९:९७)।

व्यवस्थाको अनुग्रहसितको ठीक सम्बन्धको सवालमा मण्डली तीनओटा त्रुटीहरूले पीडित हुँदै आएको छ।

### १. **व्यवस्थाहीनवाद** (ANTINOMIANISM)

विश्वासी जन कुनै नियमको अधीनमा छैन भन्ने त्रुटिपूर्ण शिक्षा। परमेश्वरको सित्तैंको अनुग्रहले, बिनायोग्यता बचाइने हुनाले, मानिस पवित्र जीवन जिउन बाध्य छैन भन्ने गलत परिकल्पना हो यो।

> हामी परमेश्वरलाई चिन्छौं भनी तिनीहरू दाबी गर्छन्, तर कामहरूद्वारा चाहिँ तिनीहरूले उहाँलाई इन्कार गर्छन्; किनकि तिनीहरू घिनलाग्दा, अनाज्ञाकारी र हरेक असल कामका लागि निकम्मा छन् (तीतस १:१६)।

> किनकि कति मानिसहरू लुकीछिपी भित्र पसेका छन्, जोचाहिँ अघिदेखि नै यही दण्डका निम्ति ठहराइएका भक्तिहीन मानिसहरू हुन् जसले हाम्रा परमेश्वरको अनुग्रहलाई कामुकतामा परिवर्तन गर्छन्, र एक मात्र मालिक परमेश्वर र हाम्रा प्रभु येशू ख्रीष्टलाई इन्कार गर्छन् (यहूदा ४)।

### २. **विधिवाद** (CEREMONIALISM)

लेवीय विधिहरूलाई विश्वासीहरूले पालन गर्नैपर्छ भनेर राखिएको माग नै विधिवादको पहिलो ऐतिहासिक रूप थियो।

> अनि कोही मानिसहरूले यहूदियाबाट झरेर भाइहरूलाई शिक्षा दिए: “मोशाको रीतिअनुसार तिमीहरूको खतना नहोउन्जेल तिमीहरूले मुक्ति पाउन सक्दैनौ (प्रेरित १५:१)।

ख्रीष्टिय विधिहरू बिना मुक्ति पाइँदैन भन्ने झूटा शिक्षा नै यसको आधुनिक रूप हो।

**३. गलातीवाद** (GALATIANISM)

अर्थात् व्यवस्था र अनुग्रहलाई मिसाउने काम; आंशिक रूपमा अनुग्रहले र आंशिक रूपमा व्यवस्थाले मानिस धर्मी ठहरिन्छ भन्ने शिक्षा; अथवा, अशक्त पापीलाई व्यवस्था पालन गर्न सक्नलाई अनुग्रह दिइन्छ भन्ने शिक्षा।[50]

सबभन्दा व्यापक त्रुटी यही हो; गलातीहरूलाई लेखिएको पत्रमा पाइने गम्भीर चेतावनीहरू, अकाट्य तर्कहरू र जोडदार अभिव्यक्तिहरू नै यस त्रुटी विरुद्ध लेखिएको परमेश्वरको निष्कर्षपूर्ण प्रत्युत्तर हो।

> तिमीहरूबाट म यो मात्र जान्न चाहन्छु — तिमीहरूले आत्मालाई व्यवस्थाका कामहरूद्वारा पायौ कि विश्वासको समाचारद्वारा? के तिमीहरू यति बुद्धिहीन छौ? आत्मामा शुरु गरेर अब शरीरमा सिद्ध्याउँछौ (गलाती ३:२,३)?
>
> म छक्क पर्दछु, किनकि जसले तिमीहरूलाई ख्रीष्टको अनुग्रहमा बोलाउनुभयो, उहाँबाट तिमीहरू यति चाँडै अर्कै सुसमाचारतिर फर्क्यौ; जुन सुसमाचार अर्को होइन; तर तिमीहरूलाई विचलित पार्ने र ख्रीष्टको सुसमाचार उल्टापुल्टा पार्न चाहनेहरू कोहीकोही छन्। तर हामीले वा स्वर्गबाटको कुनै दूतले पनि, हामीले तिमीहरूलाई प्रचार गरेको सुसमाचारबाहेक अर्को कुनै सुसमाचार तिमीहरूलाई सुनायो भने त्यो श्रापित होओस् (गलाती १:६-८)।

यस महत्त्वपूर्ण विषयको बाइबलीय शिक्षाको रूपरेखा निम्नलिखित खण्डहरूले स्पष्ट पार्न मदत गर्नेछ। उल्लेखित खण्डहरूले व्यवस्थाको केवल नैतिक पक्षलाई जनाउँछन्।

## (१) व्यवस्था कस्तो कुरा हो?

> यसकारण व्यवस्था पवित्र छ, र आज्ञा पनि पवित्र, न्यायपूर्ण र असल छ (रोमी ७:१२)।
>
> किनकि हामी जान्दछौं, व्यवस्था आत्मिक छ; तर मचाहिँ शारीरिक छु, र पापको हातमा बेचिएको छु (रोमी ७:१४)।

---

[50] सेभेन्थ-डे एड्भेन्टिस्टवादको मूल त्रुटी यही हो।

किनकि भित्रको मानिसअनुसार परमेश्वरको व्यवस्थामा म आनन्दित हुन्छु (रोमी ७:२२)।

तर हामी जान्दछौं, व्यवस्था असल छ, यदि कसैले यसलाई नियमअनुसार प्रयोग गऱ्यो भने (१ तिमोथी १:८)।

तर व्यवस्था विश्वासबाटको होइन, तर 'जुन मान्छेले तिनलाई पालन गर्छ, ऊ तीद्वारा जिउनेछ' (गलाती ३:१२)।

## (२) व्यवस्थाको न्यायोचित प्रयोग

तब हामी के भनौं त? के व्यवस्था पाप हो? कदापि होइन! तर बिनाव्यवस्था, पाप भनेको के हो, म जान्नेथिइनँ; किनकि 'तिमीले लोभ नगर्नू' भनी व्यवस्थाले मलाई नभनेको भए लोभलालच के हो, म जान्नेथिइनँ (रोमी ७:७)।

तब के, जे असल छ, त्यही मेरा लागि मृत्यु बन्यो त? कदापि होइन! तर पापले, आफू पाप नै देखा परोस् भनेर जे असल छ, त्यहीद्वारा ममा मृत्यु उत्पन्न गरिरहेको थियो: आज्ञाद्वारा पाप ज्यादै पापमय बनोस् भनेर (रोमी ७:१३)।

यसकारण व्यवस्थाका कामहरूद्वारा कुनै पनि प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिनेछैन; किनकि व्यवस्थाद्वारा पाप चिन्ने ज्ञान हुन्छ (रोमी ३:२०)।

तब व्यवस्था केका लागि हो? यो ता जुन वंशलाई प्रतिज्ञा दिइएको थियो, त्यो नआउन्जेल अपराधहरूले गर्दा थपिएको हो; र स्वर्गदूतहरूद्वारा एउटा मध्यस्थको हातमा ठहराइएको हो (गलाती ३:१९)।

अब हामी जान्दछौं — व्यवस्थाले जे पनि भन्दछ, त्यसले व्यवस्थाको अधीनमा बसेकाहरूलाई भन्दछ, कि हरेक मुख चुप रहोस् र सारा संसार परमेश्वरको सामु दोषी ठहरियोस् (रोमी ३:१९)।

> [व्यवस्थाको केवल एउटै भाषा छ: "व्यवस्थाले जे पनि भन्दछ"। अर्थात् त्यो दोषी ठहऱ्याउने हेतुले मात्र बोल्दछ।]

किनकि जतिजना व्यवस्थाका कामहरूबाटका हुन्, तिनीहरू श्रापमनि छन्; किनकि लेखिएको छ: 'व्यवस्थाको पुस्तकमा लेखिएका सबै कुराहरूमा तिनलाई पालन गर्नालाई लागिनरहने हरेक जन श्रापित होस्' (गलाती ३:१०)।

किनकि जसकसैले सम्पूर्ण व्यवस्था पालन गर्दछ, तर पनि एउटै कुरामा चुक्यो भने ऊ सबै कुरामा दोषी ठहरिएको छ (याकूब २:१०)।

ढुङ्गाहरूमा लेखिएको र खोपिएको मृत्युको सेवा (२ कोरिन्थी ३:७)

किनकि दोषी ठहराउने सेवा (२ कोरिन्थी ३:९)

किनकि म एकपल्ट व्यवस्थाबिना जिउँदो थिएँ; तर जब आज्ञा आयो, तब पाप जाग्यो, र म मरें (रोमी ७:९)।

अनि मृत्युको खील पाप हो; अनि पापको शक्ति व्यवस्था हो (१ कोरिन्थी १५:५६)।

यसकारण यो स्पष्ट छ, मानिस व्यवस्थाबिना रहँदै आएको २,५०० वर्षपछि उसलाई व्यवस्था दिनु (यूहन्ना १:१७; गलाती ३:१७) को पछाडि परमेश्वको उद्देश्य यो थियो — 'दोषी मानिसलाई पहिला उसको पापको ज्ञान दिलाउनु र त्यसपछि परमेश्वरका न्यायोचित मागहरूको सामु उसको पूर्ण शक्तिहीनता देखाउनु।' यसको एउटै काम र पूर्ण काम दोषी ठहराउनु र दण्डको आज्ञामुनि ल्याउनु हो।

## (३) व्यवस्थाले के गर्न सक्दैन?

यसकारण व्यवस्थाका कामहरूद्वारा कुनै पनि प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिनेछैन; किनकि व्यवस्थाद्वारा पाप चिन्ने ज्ञान हुन्छ (रोमी ३:२०)।

तर मानिस व्यवस्थाका कामहरूद्वारा धर्मी ठहरिँदैन, तर येशू ख्रीष्टको विश्वासद्वारा मात्र धर्मी ठहरिन्छ भन्ने जानेर हामी आफैले पनि व्यवस्थाका कामहरूद्वारा होइन, तर ख्रीष्टको विश्वासद्वारा धर्मी ठहरिऔं भनेर येशू ख्रीष्टमाथि विश्वास गऱ्यौं; किनकि व्यवस्थाका कामहरूद्वारा कुनै पनि प्राणी धर्मी ठहरिनेछैन (गलाती २:१६)।

परमेश्वरको अनुग्रहलाई म व्यर्थको तुल्याउँदिनँ; किनकि व्यवस्थाद्वारा धार्मिकता आउँदो हो ता ख्रीष्ट व्यर्थमा मर्नुभयो (गलाती २:२१)।

तर परमेश्वरको दृष्टिमा व्यवस्थाद्वारा कोही पनि धर्मी ठहरिँदैन, यो कुरा स्पष्ट छ; किनभने 'धर्मी जन विश्वासद्वारा जिउनेछ' (गलाती ३:१३)।

किनकि जुन कुरा व्यवस्थाले शरीरद्वारा कमजोर भएको हुनाले गर्न सकेन, त्यही कुरा परमेश्वरले आफ्नो पुत्रलाई पापमय शरीरको समानतामा र पापका निम्ति पठाईकन गर्नुभयो र शरीरमा पापलाई दण्डको आज्ञा दिनुभयो (रोमी ८:३)।

अनि मोशाको व्यवस्थाद्वारा तपाईंहरू जुन-जुन कुराहरूबाट धर्मी ठहरिन सक्नुभएन, ती सबै कुराहरूबाट हरेक विश्वास गर्ने मानिस उहाँद्वारा धर्मी ठहरिन्छ (प्रेरित १३:३९)।

किनकि व्यवस्थाले कुनै कुरा पनि सिद्ध पारेन, तर उत्तम आशा भित्र्याइएकोले पाऱ्यो; जसद्वारा हामी परमेश्वरको नजिक जान्छौं (हिब्रू ७:१९)।

## (४) विश्वासी जन व्यवस्थाको अधीनमा छैन

रोमी ६:१-१० ले विश्वासी जन ख्रीष्टसित उहाँको मृत्युमा सम्मिलिकृत गरिएको[51] छ भन्ने शिक्षालाई प्रस्तुत गर्दछ। यसको चित्रण बप्तिस्माले दिन्छ। त्यसपछि ६:११-२२ ले विश्वासी जनको हिँडाइ अर्थात् उसको जीवन जिउने नियमलाई निर्धारण गर्ने सिद्धान्तहरूलाई प्रस्तुत गर्दछ। त्यस क्रममा ६:१४ ले छुटकाराको महान् सिद्धान्तलाई बताउँदछ – पापको दोषबाटको छुटकारा होइन, त्यो त ख्रीष्टको रगतले दिलायो – तर पापको शक्तिबाटको छुटकारा अर्थात् यसको दासत्वबाटको छुटकारा[52]।

> “किनकि पापले तिमीहरूमाथि राज्य गर्नेछैन; किनभने तिमीहरू व्यवस्थाको अधीनमा छैनौ, तर अनुग्रहको अधीनमा छौ” (रोमी ६:१४)।

त्यसोभए पवित्र जीवन जिउन आवश्यक छैन भनेर सिकाउने कुरूप व्यवस्थाहिनवादतर्फ यसले नडोऱ्याओस् भन्ने हेतुले पवित्र आत्माले तुरुन्तै यसो भन्दै थप्नुहुन्छ:

> “तब के? हामी व्यवस्थाको अधीनमा छैनौं, तर अनुग्रहको अधीनमा छौं भनेर के हामी पाप गरौं त? कदापि होइन!” (रोमी ६:१५)।

जवाफमा प्रत्येक नवीकृत हृदयले अवश्य भन्नेछ, “आमेन”।

त्यसपछि रोमी सातौं अध्यायले व्यवस्थाबाटको छुटकाराको अर्को सिद्धान्त प्रस्तुत गर्दछ।

> यसकारण हे मेरा भाइहरूहो, परमेश्वरका निम्ति फल फलाऔं भनेर अर्का व्यक्तिका अर्थात् जो मरेकाहरूबाट बौरेर उठ्नुभएको छ, उहाँका हुनालाई तिमीहरू पनि ख्रीष्टको शरीरद्वारा व्यवस्थाका निम्ति मरेका भयौ। किनकि जब हामी शरीरमा थियौं, तब व्यवस्थाद्वारा जगाइएका पापहरूका वासनाहरूले मृत्युका निम्ति फल

---

[51] साथमा जोडिएको, एक बनाइएको (IDENTIFICATION)

[52] छुटकाराका तीन पक्षहरू छन्: १) धर्मीकरण (JUSTIFICATION) = पापको दोष तथा दण्डबाट छुटकारा २) पवित्रीकरण (SANCTIFICATION) = पापको शक्ति र नियन्त्रणबाट छुटकारा ३) महिमाकरण (GLORIFICATION) = पापको उपस्थिति र अन्तरबासबाट छुटकारा। रोमीको पुस्तकले यी तीन पक्षलाई क्रमबद्ध रूपमा प्रस्तुत गर्दछ: रोमी १-५ ले धर्मीकरणको, रोमी ६-७ ले पवित्रीकरणको, रोमी ८ ले महिमाकरणको। एक विश्वासीको जीवनमा धर्मीकरण प्राप्त भइसकेको कुरा हो, विश्वास गरेकै घडी (रोमी ५:१, ८:१); पवित्रीकरण दिनहुँ प्राप्त गरिने कुरा हो (रोमी ६:११-१४); महिमाकरण भविष्यमा पाइने कुरा हो (रोमी ८:२३,३०), प्रभुको पुनरागमनमा।

फलाउनालाई हाम्रा अङ्गहरूमा काम गर्दथे। तर अब लेखिएको व्यवस्थाको पुरानोपनामा होइन, तर आत्माको नयाँपनामा सेवा गर्न सकौं भनेर जसको बन्धनमा हामी थियौं, त्यसका निम्ति मरीकन हामी व्यवस्थाबाट मुक्त भएका छौं (रोमी ७:४-६)।

(माथि उल्लेख भएको व्यवस्थाचाहिँ विधिको व्यवस्था होइन भन्ने तथ्य पद ७ बाट जानिन्छ)।

किनकि परमेश्वरका निम्ति बाँचूँ भनेर म व्यवस्थाद्वारा व्यवस्थाका निम्ति मरेको छु (गलाती २:१९)

तर विश्वास आउनुभन्दा पहिले यही व्यवस्थाको अधीनतामा हाम्रो रखवाली भयो, र पछिबाट प्रकट हुने विश्वासका निम्ति हामी थुनामा राखियौं। यसकारण व्यवस्थाचाहिँ, हामी विश्वासद्वारा धर्मी ठहरिऔं भनेर हामीलाई ख्रीष्टकहाँ ल्याउने हाम्रो शिक्षक भएको छ। तर विश्वास आइसकेपछि चाहिँ हामी अब उसो शिक्षकको अधीनतामा छैनौं (३:२३-२५)।

तर हामी जान्दछौं, व्यवस्था असल छ, यदि कसैले यसलाई नियमअनुसार प्रयोग गर्‍यो भने; यो कुरा थाह गर्दै कि व्यवस्थाचाहिँ धर्मी मानिसका निम्ति बनाइएको होइन, तर अधर्मी र अटेरिका निम्ति, भक्तिहीन र पापीका निम्ति, अपवित्र र अशुद्धका निम्ति, बाबु मार्नेहरू र आमा मार्नेहरूका निम्ति, मान्छे मार्नेहरूका निम्ति...बनाइएको हो (१ तिमोथी १:८-९)।

## (५) ख्रीष्टिय जीवन जिउने नियम के हो?

जसले 'म उहाँमा रहन्छु' भन्छ, ऊ आफै पनि, जसरी उहाँ हिँड्नुहुन्थ्यो, उसरी हिँड्नुपर्छ (१ यूहन्ना २:६)।

उहाँले हाम्रा निम्ति आफ्नो प्राण अर्पण गर्नुभएको छ; यसैबाट हामी परमेश्वरको प्रेम थाह पाउँछौं; र हामीले भाइहरूका निम्ति आफ्ना प्राणहरू अर्पण गर्नुपर्छ (१ यूहन्ना ३:१६)।

हे प्रियहो, म तिमी परदेशीहरू र यात्रीहरूलाई बिन्ती गर्दछु — प्राणको विरोधमा युद्ध गर्ने शारीरिक अभिलाषाहरूबाट टाढो बस (१ पत्रुस २:११ साथै पद १२-२३ मा पनि हेर्नोस्)।

यसकारण म, प्रभुको कैदी, तिमीहरूलाई बिन्ती गर्दछु: जुन बोलावटले तिमीहरू बोलाइएका छौ, त्यसैको योग्य चालमा हिँड, सबै दीनता र नम्रतासाथ, सहनशीलतासित प्रेमले एक-अर्कालाई सह (एफेसी ४:१,२)।

यसकारण तिमीहरू प्रिय बालकहरूझैं परमेश्वरका देखासिकी गर्नेहरू होओ; र प्रेममा हिँड, जसरी ख्रीष्टले पनि हामीलाई प्रेम गर्नुभयो (एफेसी ५:१,२)।

किनकि बितेको समयमा तिमीहरू अन्धकार थियौ, तर अब प्रभुमा तिमीहरू ज्योति हौ; ज्योतिका सन्तानहरूझैं हिँड (एफेसी ५:८)।

यसकारण तिमीहरू होसियारसँग हिँडिरहेका छौ कि छैनौ, हेर; बुद्धिहीनझैं होइन, तर बुद्धिमानझैं हिँड; समयलाई खेर जान नदेओ, किनकि दिन खराब छन् एफेसी (५:१५,१६)।

तर म यो भन्दछु: आत्मामा हिँड, र तिमीहरूले शरीरको अभिलाषा कुनै रीतिले पूरा गर्नेछैनौ (गलाती ५:१६)।

किनकि जस्तो मैले तिमीहरूलाई गरेको छु, त्यस्तै तिमीहरूले पनि गर्नुपर्छ भनेर मैले तिमीहरूलाई एउटा उदाहरण दिएको छु (यूहन्ना १३:१५)।

तिमीहरूले मेरा आज्ञाहरू पालन गऱ्यौ भने तिमीहरू मेरो प्रेममा रहनेछौ, जसरी मैले पनि मेरा पिताका आज्ञाहरू पालन गरेको छु, अनि उहाँको प्रेममा रहन्छु (यूहन्ना १५:१०)।

जसरी मैले तिमीहरूलाई प्रेम गरेको छु, उसरी नै तिमीहरूले एकअर्कालाई प्रेम गर, यो मेरो आज्ञा हो (यूहन्ना १५:१२)।

जससँग मेरा आज्ञाहरू छन् र तिनलाई पालन गर्दछ, उही मलाई प्रेम गर्ने हो। अनि जसले मलाई प्रेम गर्दछ, ऊ मेरा पिताद्वारा प्रेम गरिनेछ, अनि म उसलाई प्रेम गर्नेछु, र आफैलाई उसकहाँ प्रकट गर्नेछु (यूहन्ना १४:२१)।

अनि हामी जे माग्छौं, सो उहाँबाट पाउँछौं; किनभने हामी उहाँका आज्ञाहरू पालन गर्दछौं, र जुन कुराहरू उहाँको दृष्टिमा मनपर्दा छन्, ती गर्दछौं। अनि उहाँको आज्ञा यही हो – उहाँका पुत्र येशू ख्रीष्टको नाममा हामीले विश्वास गर्नुपर्छ, र उहाँले हामीलाई आज्ञा दिनुभएअनुसार एक-अर्कालाई प्रेम गर्नुपर्छ (१ यूहन्ना ३:२२,२३)।

'जुन वाचा म ती दिनहरूपछि तिनीहरूसित बाँध्नेछु, त्यो यही हो, प्रभु भन्नुहुन्छ – म मेरा व्यवस्थाहरू तिनीहरूका हृदयहरूभित्र हालिदिनेछु' (हिब्रू १०:१६)।

यस सिद्धान्तको एउटा सुन्दर उदाहरण स्वरूप आफ्नो बच्चा प्रति रहेको एउटी आमाको प्रेमलाई विचार गर्न सकिन्छ। बाबुआमाले आफ्ना छोराछोरीको पालनपोषण गर्नुपर्छ भनेर व्यवस्था अर्थात् कानूनले माग राखेको हुन्छ र जानाजानी छोराछोरीको बेवास्ता गर्ने कामलाई दण्डको आज्ञा रहेको कानूनले बताएको हुन्छ। तर यस्तो कानून छ भन्ने समेत जानकारी नपाएका यस्ता थुप्रै सुखी आमाहरू देशभरि छरिएर रहेका छन्

जोहरूले आफ्ना छोराछोरीलाई मायाममताका साथ हुर्काउँछन्। भन्नुपर्दा, कानून उनीहरूको हृदयभित्रै छ।

यस सम्बन्धमा व्यवस्थाका पाटीहरू राखिनका निम्ति परमेश्वरद्वारा ठहराइएको स्थानचाहिँ साक्षीको सन्दुकको भित्री भाग थियो भन्ने कुरा सम्झना गर्नु शिक्षाप्रद हुन्छ। तिनका साथमा "मन्ना भएको सुनको भाँडा, कोपिला लागेको हारूनको लौरो र वाचाका पाटीहरू" थिए। मन्नाचाहिँ ख्रीष्ट उजाडस्थानमा हाम्रो रोटी हुनुहुन्छ भन्ने कुराको प्रतीक थियो भने लौरोचाहिँ उहाँको बौरिउठाइको, अनि दुवैले अनुग्रहलाई दर्शाइरहेका थिए। तर यी सबै सामग्री सुनको कृपा आसनले ढाकिएका हुँदा दृष्टिबाट लुप्त थिए जुन कृपा आसनमाथि प्रायश्चित गर्ने रगत छर्किनु आवश्यक थियो। परमप्रभुका आँखाले तोडिएको आफ्नो व्यवस्थालाई नजर लाउनुहुँदा, उहाँले त्यसलाई सधैं छिट्काउको रगतमुनि देख्नुहुन्थ्यो जुन रगतले उहाँको न्यायपरायणतालाई पूर्ण रूपमा समर्थन गर्दथ्यो र उहाँको क्रोधलाई सन्तुष्ट गराउँदथ्यो (हिब्रू ९:४-५)।

यी पवित्र र न्यायपूर्ण तर मृत्यु ल्याउने पाटीहरूलाई कृपाआसन र प्रायश्चित गर्ने रगतको मुनिबाट जबर्जस्ती झिकेर तिनलाई ख्रीष्टिय जीवनको नियमको रूपमा इसाई मण्डली भवनहरूमा खडा गर्ने कामचाहिँ मडर्निस्टहरू (आधुनिकवादीहरू अर्थात् झूटा शिक्षकहरू) को भागमा रहेछ।

## (६) अनुग्रह के हो?

> तर जब हाम्रा मुक्तिदाता परमेश्वरका दया र मानिसप्रतिको प्रेम प्रकट भए, तब हामी आफैले गरेका धर्मका कामहरूद्वारा होइन, तर उहाँकै कृपाअनुसार उहाँले हाम्रो उद्धार गर्नुभयो – नयाँ जन्मको स्नान र पवित्र आत्माबाटको नवीकरणद्वारा (तीतस ३:४,५)।
>
> ख्रीष्ट येशूमा हामीतर्फ भएको उहाँको दयाद्वारा पछि आउने युगहरूमा उहाँको अनुग्रहको अपार धन देखाउनका निम्ति (एफेसी २:७)।
>
> तर परमेश्वरले हामीतर्फ आफ्नो प्रेम यसैमा प्रकट गर्नुहुन्छ – हामी पापी हुँदा-हुँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो (रोमी ५:८)।

## (७) अनुग्रह अन्तर्गत परमेश्वरको उद्देश्य के हो?

किनकि विश्वासद्वारा अनुग्रहले तिमीहरूले मुक्ति पाएका छौ; अनि यो तिमीहरू आफैबाटको होइन, यो परमेश्वरको दान हो; कामहरूबाट होइन, नत्र ता कसैले घमन्ड गर्नेछ (एफेसी २:८,९)।

किनकि मुक्ति ल्याउने परमेश्वरको अनुग्रह सबै मानिसहरूकहाँ देखा परेको छ, र हामीलाई यो सिकाउँछ – अभक्ति र सांसारिक अभिलाषाहरू इन्कार गरेर यस वर्तमान संसारमा हामीले आत्मसंयम, धार्मिकता र भक्तिसाथ जिउनुपर्छ; र त्यस धन्य आशाको, र हाम्रा महान् परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टको महिमापूर्ण आगमनको बाटो हेर्दै जिउनुपर्छ (तीतस २:११-१३)।

उहाँको अनुग्रहद्वारा धर्मी ठहरिएर अनन्त जीवनको आशाअनुसार हामी हकवालाहरू बन्न सकौं भनेर (तीतस ३:७)।

र उहाँको अनुग्रहद्वारा ख्रीष्ट येशूमा भएको छुटकाराको कारणले तिनीहरू सित्तैंमा धर्मी ठहरिन्छन् (रोमी ३:२४)।

उहाँद्वारा विश्वासको कारणले हामीले यस अनुग्रहभित्र प्रवेश पाएका छौं, यही अनुग्रहभित्र हामी खडा छौं, र परमेश्वरको महिमाको आशामा आनन्द मनाउँछौं (रोमी ५:२)।

अनि अब भाइहरूहो, म तपाईंहरूलाई परमेश्वर र उहाँको अनुग्रहको वचनको जिम्मामा सुम्पिदिन्छु, जसले तपाईंहरूलाई बढाउँदै लैजान र सबै पवित्र पारिएकाहरूको बीचमा तपाईंहरूलाई पैतृक-सम्पत्ति दिलाउन सक्दछ (प्रेरित २०:३२)।

उहाँको अनुग्रहको महिमाको प्रशंसाका निम्ति जुन अनुग्रहमा उहाँले हामीलाई उही प्रियमा ग्रहणयोग्य तुल्याउनुभयो। उहाँमा हामीले उहाँको अनुग्रहको धनअनुसार उहाँको रगतद्वारा छुटकारा अर्थात् पापहरूको क्षमा पाएका छौं (एफेसी १:६,७)।

यसकारण हामी साहससँग अनुग्रहको सिंहासनको नजिक जाऔं, र दया पाऔं, अनि खाँचो पर्दा सहायता पाउनालाई अनुग्रह प्राप्त गरौं (हिब्रू ४:१६)।

कति सिद्ध, कति विस्तृत छ यो परमेश्वरको अनुग्रह! यसले बचाउँछ, धर्मी ठहराउँछ, बढाउँदै लैजान्छ, ग्रहणयोग्य तुल्याउँछ, छुटकारा दिलाउँछ, क्षमा दिन्छ, पैतृक-सम्पत्तिको भागीदार बनाउँछ, परमेश्वरको सामु ओहोदा दिन्छ, अनुग्रहको सिंहासनको नजिक ल्याउँछ, जहाँ हामी साहससित कृपा र सहायता पाउन आउन सक्छौं; यसले हामीलाई जिउन सिकाउँछ र धन्य आशा दिन्छ!

अब यति बताउन बाँकी छ — यी भिन्न सिद्धान्तहरूलाई मिसाउन सकिँदैन।

> तर अनुग्रहद्वारा हो भने यो कामद्वारा हुँदै होइन, नत्र ता अनुग्रह अनुग्रह नै हुँदैन (रोमी ११:६)।
>
> अब जसले काम गर्दछ, त्यसका निम्ति ज्याला अनुग्रह होइन, तर हक ठहरिन्छ। तर जसले काम गर्दैन, तर भक्तिहीनलाई धर्मी ठहराउनुहुनेमाथि विश्वास राख्छ, उसका निम्ति उसको विश्वास धार्मिकता ठहरिन्छ (रोमी ४:४,५; साथै गलाती ३:१६-१८ र ४:२१-३१ मा पनि हेर्नोस्)।
>
> यसकारण हे भाइहरूहो, हामी दासीका सन्तानहरू होइनौं, तर स्वतन्त्र स्त्रीका हौं (गलाती ४:३१)
>
> किनकि तिमीहरू न ता त्यस पर्वतमा आएका छौ, जसलाई छुन सकिन्थ्यो, र जो आगोले बल्थ्यो; न ता कालो बादल, अन्धकार, आँधी, तुरहीको ध्वनि र वचनहरू बोल्ने आवाजकहाँ नै आएका छौ; जसले त्यो आवाज सुने, तिनीहरूले त्यो वचन फेरि तिनीहरूलाई नभनियोस् भनी बिन्ती गरे – किनकि जो आज्ञा दिइएको थियो, सो तिनीहरूले सहन सकेनन्, 'अनि यदि कुनै पशुले पनि पहाड छोयो भने त्यो ढुङ्गाले हानियोस्, अथवा काँडाले छेंडियोस्।' अनि दृश्य यति भयानक थियो, कि मोशाले भने: 'म ज्यादै डराउँदैछु, र काम्दैछु।' तर तिमीहरू ता सियोन पर्वतमा, जिउँदो परमेश्वरको शहर स्वर्गीय यरूशलेममा र स्वर्गदूतहरूको असङ्ख्य जमातमा, सर्वसाधारण सभामा, जेठा छोराहरूको मण्डलीमा, जसका नाम स्वर्गमा लेखिएका छन्, र सबैका न्यायकर्ता परमेश्वरकहाँ, सिद्ध पारिएका धर्मी जनका आत्माहरूकहाँ, नयाँ वाचाका मध्यस्थ येशूकहाँ र रगतको छिट्काउमा आएका छौ, जसले हाबिलको रगतले भन्दा उत्तम कुराहरू बोल्दछ (हिब्रू १२:१८-२४)।

त्यसैले परमेश्वरले सिनाईमा बोल्नुभएको कुरालाई "नैतिक व्यवस्था" र "विधिको व्यवस्था" मा विभाजन गर्ने सवालै उठ्दैन – विश्वासी जन सिनाई पर्वतमा ल्याइएकै छैन।

जसरी उहिलेका खाँटी प्रचारक जोन बन्यान् भन्छन्: "विश्वासी जन अब, प्रभु येशूमा राखिएको विश्वासद्वारा, यस्तो सिद्ध र धन्यको धार्मिकताले ढाकिएको हुँदा, सिनाई पर्वतको गर्जने व्यवस्थाले त्यसमा सानो भन्दा सानो त्रुटी वा कमी पनि भेट्टाउन सक्दैन। **यसलाई भनिन्छ बिनाव्यवस्थाको परमेश्वरको धार्मिकता।"**

यदि तपाईंले विश्वास गर्न बाँकी नै छ भने आफूले तोड्नुभएको त्यस पवित्र र न्यायपूर्ण व्यवस्थाको साँचो फैसलालाई स्वीकार गर्न तपाईंलाई प्रेमपूर्वक


आग्रह गरिन्छ: "किनभने त्यहाँ कुनै भिन्नता छैन: किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमारहित हुनगएका छन्" (रोमी ३:२२,२३)। ख्रीष्टमा तपाईंले सिद्ध र अनन्त मुक्ति पाउनुहुनेछ, जसरी लेखिएको छ: "यदि तिमीले आफ्नो मुखले प्रभु येशूलाई स्वीकार गऱ्यौ भने, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो भनी आफ्नो हृदयमा विश्वास गऱ्यौ भने तिमीले मुक्ति पाउनेछौ" (रोमी १०:९)। "किनकि विश्वास गर्ने हरेक जनका लागि धार्मिकताका निम्ति ख्रीष्ट नै व्यवस्थाका अन्त हुनुहुन्छ" (रोमी १०:४)।

## अध्ययन प्रश्नहरू

1. व्यवस्थाको उद्देश्य के हो?
2. व्यवस्थाले के गर्न सक्दैन?
3. अनुग्रह के हो?
4. अनुग्रह अन्तर्गत परमेश्वरको उद्देश्य के हो?
5. विश्वासी जन जिउने नियम व्यवस्था हो भन्नु के बाइबलीय हो?
6. विश्वासी जन जिउने नियम के हो?

अध्याय ७

# विश्वासीका दुई स्वभावहरू



नयाँ गरी जन्मेको प्रत्येक व्यक्तिभित्र दुईटा स्वभावहरूले बास गरेको हुन्छ भन्ने कुरा पवित्र शास्त्रले सिकाउँछ: एकातिर शारीरिक जन्मद्वारा प्राप्त भएको एउटा स्वभाव, जुनचाहिँ पूर्ण रूपमा र अपरिवर्तनीय रूपमा खराब छ; र अर्कोतिर, नयाँ जन्मद्वारा प्राप्त भएको अर्को स्वभाव जुनचाहिँ परमेश्वरकै स्वभाव हो र त्यसैले त्यो पूर्ण रूपमा असल छ।

त्यस पुरानो अर्थात् आदम स्वभावप्रति परमेश्वरको धारणा कस्तो छ, पवित्र शास्त्रका निम्नसूचित पदहरूले छर्लङ्गै देखाउँछन्:

> हेर्नोस्, म अधर्ममा उत्पन्न भएँ, र पापमा मेरी आमाले मलाई गर्भधारण गरिन् (भजनसङ्ग्रह ५१:५)।

> हृदय ता सबै कुराहरूभन्दा बढी छली हुन्छ, र त्यो असाध्य दुष्ट हुन्छ; कसले त्यो जान्न सक्छ र (यर्मिया १७:९)?

> धर्मी कोही छैन, एउटै पनि छैन; बुझ्ने कोही छैन, परमेश्वरलाई खोज्ने कोही छैन। तिनीहरू सबै बाटोदेखि भड्किएका छन्, तिनीहरू एकैसाथ बेकम्मा भएका छन्; असल गर्ने कोही छैन, एउटै पनि छैन (रोमी ३:१०-१२)।

नयाँ गरी नजन्मेकाहरू सभ्य वा सुशील हुँदैनन्, सक्षम वा मृदुभाषी हुँदैनन्, उदार वा सहयोगी भावनाका हुँदैनन्, वा धर्ममा लागिपर्दैनन् भनेर परमेश्वरले कतै त्यस्तो भन्नुभएको छैन; तर 'धर्मी कोही छैन, परमेश्वरलाई बुझ्ने कोही छैन अथवा उहाँको खोजी गर्ने कोही छैन' चाहिँ भन्नुभएको छ।

मानव स्वभावको ईश्वरीय मूल्याङ्कनलाई स्वीकार गर्नु भनेको हाम्रो विश्वासले एउटा अग्नि परीक्षा पार गर्नु हो। हाम्रा त्यस्ता मिलनसार र चरित्रवान मित्रहरू छन् जो आफ्ना काम-कर्तव्यहरू एक-एक पूरा गर्न पछि पर्दैनन्, जोहरू मानवजातिको दुःख-कष्ट र उच्च आकाङ्क्षाहरू प्रति सहानुभूतिले भरिएका हुन्छन्, जोहरू मानव अधिकारको समर्थन गर्न लागिपर्छन् तरैपनि तिनीहरू परमेश्वरको अधिकारको भने वास्तै गर्दैनन्, उहाँको पुत्रको बलिदानले उनीहरूको हृदयलाई छुँदैन जसको ईश्वरत्वलाई अवर्णनीय, मर्यादाहीन शब्दले इन्कार गर्छन् र जसको वचनलाई तुच्छ ठान्दै त्यसलाई अस्वीकार गर्छन्। एकातिर कुनै सह-मानवसित झूटो व्यवहार गर्ने कामलाई आपत्तिजनक मान्ने कुनै अति सुशील र सभ्य नारीले अर्कोतिर परमेश्वरलाई दिनदिनै झूटो तुल्याइरहेकी हुन्छे! (१ यूहन्ना १:१०; ५:१०)। अनि यस समस्यालाई झनै चर्काइदिएको छ वर्तमानकालीन प्रचारकहरूले, मानवताको प्रशंसा गरेर।

जलप्रलय अघिका दिनहरूमा बाह्य रूप र वास्तविकताका बीच कत्रो भिन्नता थियो:

> ती दिनहरूमा पृथ्वीमा दैत्यहरू[53] थिए; अनि त्यसपछि पनि परमेश्वरका छोराहरू [सेतका सन्तान] मानिसहरूका छोरीहरू [कयिनका सन्तान] कहाँ गए; र उनीहरूले तिनीहरूका निम्ति सन्तान जन्माए। ती प्राचीनकालका शूरवीर र प्रसिद्ध मानिसहरू भए (उत्पत्ति ६:४)।

संसारले प्रगति गर्दैछ जस्तो मान्छेको नजरमा देखिन्थ्यो; उनीहरू इतिहासलाई क्रमिक र अटुटरूपमा प्रगतिको पथमा लम्किरहेको देख्थे अनि धर्मीजनहरूको सांसारिकहरूसितको अपवित्र अन्तरविवाहको फलस्वरूप[54] मानव

---

[53] गन्ती १३:३३ मा पनि उही शब्द (हिब्रूमा **नेफिलीम**) पाइन्छ।

[54] अर्को व्याख्या: सम्भवतः पतित स्वर्गदूत (दुष्टात्मा) हरूद्वारा नियन्त्रित बाबुआमाका सन्तान बडे-बडे कदका हुन गएका थिए (Dr. Henry Morris, *The Genesis Record,* p.172-174 )।

> तर त्यसैबेला "परमप्रभुले पृथ्वीमा मानिसको दुष्टता ज्यादा भएको र त्यसको हृदयका विचाहरूको हरेक कल्पना निरन्तर खराबै मात्र भएको देख्नुभयो" (उत्पत्ति ६:५)।

अझ पढ्नुहोस्:

> किनभने भित्रबाट नै अर्थात् मानिसहरूको हृदयबाट नै खराब विचार, परस्त्रीगमन, व्यभिचार, हत्या, चोरी, लोभ, दुष्टता, छल, कामुकता, कुदृष्टि, निन्दा, घमन्ड, मूर्खता निस्कँदछन्; यी सबै खराब कुराहरू भित्रबाट नै निस्कँदछन्, र मानिसलाई अशुद्ध पार्दछन् (मर्कूस ७:२१-२३)।

> तर शारीरिक मानिसले परमेश्वरका आत्माका कुराहरू ग्रहण गर्दैन; किनकि ती उसका निम्ति मूर्खता हुन्; न ता उसले ती जान्न नै सक्छ, किनकि ती आत्मिक रीतिले जाँचिंदछन् (१ कोरिन्थी २:१४)।

> किनभने शरीरमा मन लगाउनुचाहिँ परमेश्वरसँग दुस्मनी गर्नु हो; किनकि शारीरिक मन परमेश्वरको व्यवस्थाको अधीनतामा छैन; किनकि यो हुन नै सक्दैन। यसकारण जो शरीरमा छन्, तिनीहरूले परमेश्वरलाई खुसी पार्न सक्दैनन् (रोमी ८:७,८)।

> तिनीहरूकै बीचमा हामी सबैले शरीर र मनका लालसाहरू पूरा गर्दै बितेको समयमा आफ्ना शरीरका कुइच्छाहरूमा जीवन बितायौं, र स्वभावैले हामी पनि अरूजस्तै क्रोधका सन्तान थियौं (एफेसी २:३)।

नयाँ जीवन नपाएको व्यक्ति तीनओटा काम गर्न असमर्थ्य हुन्छ भनेर माथिका खण्डहरूबाट स्पष्ट हुन्छ। ऊ प्रतिभाशाली हुन सक्छ, सभ्य वा मिलनसार हुन सक्छ, उदार भावना राख्ने हुन सक्छ वा धार्मिक व्यक्ति हुन सक्छ। आफ्नो ऋण चुक्ता गर्ने, साँचो बोल्ने, परिश्रम गर्ने, असल पति र बाबु हुन सक्छ। तर यी सब भए तापनि ऊ न ता परमेश्वरको आज्ञाकारी हुन सक्छ, न ता परमेश्वरलाई खुसी पार्न सक्छ, न ता परमेश्वरलाई बुझ्न सक्छ।

तर अर्कोतिर, एउटा विश्वासी जनले एउटा नयाँ स्वभाव प्राप्त गरेको छ, यद्यपि उसको पुरानो स्वभाव ऊसँगै हुन्छ जुन स्वभाव न बदलिएको हुन्छ न ता बदलिन नै सक्दछ। उक्त नयाँ स्वभावलाई "नयाँ मान्छे" भनिएको छ "जोचाहिँ परमेश्वरको स्वरूपअनुसार धार्मिकता र साँचो पवित्रतामा सृजिएको छ" (एफेसी ४:२४)। पवित्र शास्त्रका निम्नसूचित पदहरूले नयाँ मान्छेको सृष्टि र चरित्रलाई बयान गर्दछन्।

यी पदहरूबाट यो जानिन्छ, नयाँ जन्मचाहिँ एउटा सृजना हो, सुधार मात्र होइन: एउटा नयाँ कुराको सुरुआत हो, पुरानोलाई हेरफेर गरी नयाँ तुल्याइएको होइन। जसरी हामीले मानवीय स्वभाव शारीरिक जन्मद्वारा प्राप्त गरेका हुन्छौं त्यस्तै गरी ईश्वरीय स्वभाव नयाँ जन्म (आत्मिक जन्म) द्वारा प्राप्त गर्दछौं।

> येशूले जवाफ दिएर उनलाई भन्नुभयो: "साँचो-साँचो म तिमी [निकोदेमस, एक नैतिकवान, धार्मिक व्यक्ति] लाई भन्दछु, कोही मानिस नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्यलाई देख्न सक्दैन" (यूहन्ना ३:३)।

> तर जतिले उहाँलाई ग्रहण गरे, तिनीहरूलाई उहाँले परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो; अर्थात् तिनीहरूलाई, जसले उहाँको नाममा विश्वास गर्दछन्, जो न ता रगतबाट, न ता शरीरको इच्छाबाट, न ता मानिसको इच्छाबाट, तर परमेश्वरबाट जन्मेका हुन् (यूहन्ना १:१२-१३)।

> किनकि ख्रीष्ट येशूमा राखिएको विश्वासद्वारा तिमीहरू सबै परमेश्वरका सन्तान हौ (गलाती ३:२६)।

("परमेश्वर सबैका पिता हुन् र सबै मानिस दाजुभाइ हुन्" भन्ने व्यापक मान्यता पाइरहेको आकर्षक भनाइ बिलकुलै अ-बाइबलीय छ – जुन भनाइ त्यसको पछिल्लो भागको अर्ध-सत्यको कारण झनै भ्रमात्मक छ। जन्मेका सबै नभएर नयाँ गरी जन्मेका सबै पो परमेश्वरका सन्तान हुन्छन्। पवित्र शास्त्रमा आदमलाई परमेश्वरको छोरा भनिएको छ, तर त्यहाँ भिन्नता जनाउँदै सेथलाई "आदमको छोरा" भन्न छुटाइएको छैन—लूका ३:३८)।

> अनि नयाँ मान्छेलाई पहिर, जोचाहिँ परमेश्वरको स्वरूपअनुसार धार्मिकता र साँचो पवित्रतामा सृजिएको छ (एफेसी ४:२४)।

> यसैकारण कोही ख्रीष्टमा छ भने ऊ एउटा नयाँ सृष्टि हो, पुराना कुराहरू बितिगएका छन्; हेर, सबै कुराहरू नयाँ भएका छन् (२ कोरिन्थी ५:१७)।

साथै यो "नयाँ मान्छे" ख्रीष्टसँग जोडिएको छ भनी बताइएको छ:

> म ख्रीष्टसित क्रूसमा टाँगिएको छु, तरै पनि म जिउँछु; त्यसो भए पनि म ता होइन, तर ख्रीष्ट मभित्र जिउनुहुन्छ; अनि जुन जीवन म अहिले शरीरमा जिउँछु, त्यो म परमेश्वरको पुत्रको विश्वासद्वारा जिउँछु, जसले मलाई प्रेम गर्नुभयो र आफैलाई मेरा निम्ति दिहाल्नुभयो (गलाती २:२०)।

उनीहरूकहाँ परमेश्वरले, अन्यजातिहरूको बीचमा यो रहस्यको महिमाको धन के हो, सो प्रकट गर्न चाहनुभयो: 'महिमाको आशा ख्रीष्ट तिमीहरूभित्र नै रहस्य हो (कलस्सी १:२७)।

किनकि तिमीहरू मरेका छौ, र तिमीहरूको जीवन ख्रीष्टसँग परमेश्वरमा लुकेको छ। जब ख्रीष्ट, जो हाम्रा जीवन हुनुहुन्छ, प्रकट हुनुहुनेछ, तब तिमीहरू पनि उहाँसँगै महिमामा प्रकट हुनेछौ (कलस्सी ३:३,४)।

जसद्वारा हामीलाई अत्यन्तै ठूला र बहुमूल्य प्रतिज्ञाहरू दिइएका छन्, यसैले कि यी प्रतिज्ञाहरूद्वारा तिमीहरू यस संसारमा अभिलाषाद्वारा हुने भ्रष्टताबाट उम्केर ईश्वरीय स्वभावका भागीदारहरू होओ (२ पत्रुस १:४)।

तर ख्रीष्ट तिमीहरूभित्र हुनुहुन्छ भने शरीर पापको कारणले मरेको छ, तर आत्मा धार्मिकताको कारणले जीवन हुनुहुन्छ (रोमी ८:१०)।

अनि गवाही यही हो — परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभएको छ, र यो जीवन उहाँको पुत्रमा छ। जससँग पुत्र हुनुहुन्छ, ऊसित जीवन छ; जससँग परमेश्वरका पुत्र हुनुहुन्न, ऊसित जीवन छैन (१ यूहन्ना ५:११,१२)।

तर यो नयाँ, ईश्वरीय स्वभाव, जुनचाहिँ ख्रीष्टकै स्वभाव हो, योचाहिँ विश्वासी जनभित्र उसको पुरानो स्वभावसँगै बास गर्दछ। पावल, जसले "म ता होइन, तर ख्रीष्ट मभित्र जिउनुहुन्छ" भन्न सके, उनैले "किनकि म जान्दछु, मभित्र अर्थात् मेरो शरीरभित्र कुनै असल कुराले बास गर्दैन" (रोमी ७:१८) पनि भन्न सके; साथै, "जब म असल गर्ने इच्छा गर्दछु, तब खराब मसित हाजिर हुन्छ – त यहाँ एउटा व्यवस्था पाउँछु" (रोमी ७:२१)। "सिद्ध, र सीधा चालको" अय्यूबले भने "म आफैलाई घृणा गर्दछु" (अय्यूब ४२:६)। जब उनले परमेश्वरको महिमालाई देखे, परमेश्वरका उत्कृष्ट जन दानियलले भने, "ममा मेरो सुन्दरता विकृतिमा बदली भयो" ( दानियल १०:८)।

यी दुई स्वभावका बीच द्वन्द्व चल्छ। रोमी ७:१४-२५ मा उल्लेखित दुई "म" हरू – पुरानो शाऊल र नयाँ पावल – को बीचको युद्धलाई राम्ररी अध्ययन गर्नुहोस्। यस्तै अनुभवले नयाँ विश्वासी जनहरूलाई निरुत्साहित पार्ने र अलमल पार्ने गर्छ। त्यो समय निराशा र खतराको समय पनि हो। पावल, यही महत्त्वपूर्ण मोडमा पुगेर, पुरानो स्वभावलाई "मृत्युको शरीर" को संज्ञा दिँदै

त्यसबाट मुक्त हुने चाहना गर्दै व्यग्र बन्छन्।[55] यद्यपि उनी विश्वासी हुन्, व्यवस्थाले केवल उनको पीडा बढाइदिन्छ। तर उनले "शरीर" बाट छुटकारा पाउँदछन्, कुनै प्रयासद्वारा होइन न ता व्यवस्था पालन गर्ने प्रयत्नद्वारा, तर "हाम्रा प्रभु येशू ख्रीष्टद्वारा" (रोमी ७:२४,२५)।

तरैपनि, "शरीर" आफूभित्र छ भन्दैमा त्यसैमा हिँड्न हामीलाई बहाना छैन। हामीलाई सिकाइएको छ, "हाम्रो पुरानो मानिस ख्रीष्टसितै क्रूसमा टाँगियो"; त्यस अर्थमा हामी "मरेका छौं" र हामीलाई पृथ्वीमा भएका आफ्ना अङ्गहरूलाई मारेर (कलस्सी ३:५) उक्त मराइलाई हाम्रो अटुट अनुभव बनाउन आज्ञा गरिएको छ।

यसको निम्ति आवश्यक सामर्थ्यको स्रोत पवित्र आत्मा हुनुहुन्छ जो प्रत्येक विश्वासी जनभित्र बास गर्नुहुन्छ (१ कोरिन्थी ६:१९)। शरीरलाई वशमा राख्नु नै उहाँको सुन्दर कार्यभार हो।

> तर म यो भन्दछु: आत्मामा हिँड, र तिमीहरूले शरीरको अभिलाषा कुनै रीतिले पूरा गर्नेछैनौ। किनकि शरीरले आत्माको विरोधमा अभिलाषा गर्दछ, र आत्माले शरीरको विरोधमा; अनि तिमीहरू जे इच्छा गर्दछौ, ती कुराहरू गर्न नसक भनेर यिनीहरू एक-अर्काको विरोधमा छन् (गलाती ५:१६,१७)।

> किनकि तिमीहरू शरीरअनुसार जियौ भने तिमीहरू मर्नेछौ, तर तिमीहरूले आत्माद्वारा शरीरका कामहरू मार्‍यौ भने तिमीहरू जिउनेछौ (रोमी ८:१३)।

त्यसैले पुरानो स्वभावको पापप्रतिको झुकावलाई आत्मबलले वा असल गर्ने प्रणले सामना नगर्नुहोस्, तर यस द्वन्द्वलाई आफूभित्र बास गर्नुहुने पवित्र आत्माको हातमा सुम्पिदिनुहोस्।

रोमीको सातौं अध्यायचाहिँ नयाँ जन्म पाएको व्यक्तिको आफ्नो पुरानो "म" सितको द्वन्द्वको बयान भएकोले त्यो अत्यन्तै व्यक्तिगत रहेको पाइन्छ। "जे म चाहन्छु", "त्यो म गर्दिनँ", "जे म चाहन्नँ", "त्यही म गर्दछु" — यी शब्दले अनेकौं विश्वासी जनका हृदयहरूमा भएको पराजयको दुःखद अनुभूतिलाई व्यक्त गर्दछन्। रोमीको ८ मा द्वन्द्व अझै चलिरहेको पाइन्छ तर, खुसीको कुरा,

---

[55] "हाय! म कति अभागी मानिस! कसले मलाई यस मृत्युको शरीरबाट छुटकारा देला?" (रोमी ७:२४)

द्वन्द्व अब व्यक्तिगत हुन छाडेको छ! त्यहाँ कुनै पीडाको सुस्केरा सुनिँदैन किनभने पावल आफैंचाहिँ अलग्गिएका छन्; द्वन्द्व अब “शरीर” (टार्ससका शाऊल) र पवित्र आत्माका बीच सीमित हुन गएको छ। पावलमा शान्ति छाएको छ, उनी विजयी छन्।

(यहाँ द्वन्द्व भन्नाले भित्री दुष्टताप्रतिको झुकावको कुरा गरिएको हो भन्ने कुरा बुझ्न आवश्यक छ। जस्तैः रिस, घमन्ड, अभिलाषा आदि; बाह्य परीक्षाको सामना भने महापूजाहारी ख्रीष्टको शरण लिएर गरिने कुरा हो।)

यी खण्डहरूलाई ध्यानपूर्वक विचार गर्नुहोस्:

> पापको शरीर बेकम्मा होओस् भनेर हाम्रो पुरानो मान्छे उहाँसँगै क्रूसमा टाँगियो भन्ने कुरा थाह गर्दै अब उसो हामी पापको दास हुनुहुँदैन (रोमी ६:६)।
>
> किनभने हामी आत्मामा परमेश्वरको उपासना गर्नेहरू, ख्रीष्ट येशूमा आनन्द मनाउनेहरू र शरीरमा भरोसा नराख्नेहरू नै साँचो खतना हौं (फिलिप्पी ३:३)।
>
> किनकि तिमीहरू मरेका छौ, र तिमीहरूको जीवन ख्रीष्टसँग परमेश्वरमा लुकेको छ (कलस्सी ३:३)।
>
> यही प्रकारले तिमीहरूले पनि आफूलाई पापका निम्ति साँच्चै मरेका, तर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरका निम्ति जिउँदा भएका ठान (रोमी ६:११)।
>
> तर प्रभु येशू ख्रीष्टलाई पहिर; अनि कुकामनाहरू पूरा गर्नालाई शरीरका लागि कुनै प्रबन्ध नगर (रोमी १३:१४)।
>
> यसकारण अब भाइहरूहो, शरीरअनुसार जिउनालाई हामी शरीरका ऋणी होइनौं (रोमी ८:१२)।

# अध्ययन प्रश्नहरू

1. प्राकृतिक मानिसको बयान गर्नुहोस्।
2. ऊ कुन-कुन कुरा गर्न सामर्थ्यहीन छ?
3. नयाँ जन्म के हो?
4. "नयाँ मानिस" के हो?
5. के विश्वासी जनसित पुरानो स्वभाव पनि हुन्छ?
6. त्यसमाथि ऊ कसरी विजयी बन्न सक्छ?

अध्याय ८

# ओहोदा र अभ्यास

पवित्र शास्त्रलाई, विशेष गरी नयाँ नियमका पत्रहरूलाई, सही अर्थमा बुझ्ने हो भने विश्वासी जनको ओहोदा र अभ्यासको बीचको भिन्नतालाई बुझ्नु अत्यन्तै महत्त्वपूर्ण छ। ओहोदाचाहिँ ख्रीष्टले सम्पन्न गर्नुभएको उद्धारको कामको परिणाम हो। एक व्यक्तिले ख्रीष्टलाई विश्वासद्वारा ग्रहण गरेकै घडीदेखि उसले ख्रीष्टमा एउटा सिद्ध र पूर्ण ओहोदा प्राप्त गर्दछ। त्यसपछि, परमेश्वरको सामु रहेको उसको ओहोदाको सवालमा, उसको जीवनमा गरिने कुनै पनि कुराले परमेश्वरको सामु उसलाई न ता कुनै थप अनुग्रह दिलाउँछ न ता थप सुरक्षा नै। केवल विश्वासद्वारा उसलाई परमेश्वरको सामु उक्त स्थान दिइएको थियो; अनि उहाँको सामु, सबैभन्दा कमजोर व्यक्ति समेत, यदि ऊ प्रभु येशू ख्रीष्टमाथि साँचो विश्वास राख्ने व्यक्ति हो भने, उसको **ओहोदा**को हकमा ऊ सबैभन्दा उदाहरणीय विश्वासीकै बराबर[56] हुन्छ।

उक्त ओहोदा वा स्थान के हो, निम्न खण्डहरूबाट संक्षेपमा जान्न सकिन्छ:

> तर जतिले उहाँलाई ग्रहण[57] गरे तिनीहरूलाई उहाँले परमेश्वरको सन्तान हुने अधिकार दिनुभयो; अर्थात् उनीहरूलाई जसले उहाँको नाममा विश्वास गर्दछन् (यूहन्ना १:१२)।
>
> हरेक जसले येशू नै ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर्छ, ऊ परमेश्वरबाट जन्मेको हो (१ यूहन्ना ५:१)।
>
> अनि सन्तान हौं भने हकवालाहरू पनि हौं; साँच्चै परमेश्वरका हकवालाहरू, र ख्रीष्टसँग साझा-हकवालाहरू (रोमी ८:१७)।

---

[56] भनौं प्रेरित पावलकै बराबरीमा

[57] ख्रीष्टलाई ग्रहण गर्नुको माने उहाँलाई व्यक्तिगत रूपमा लिनु हो, केवल मौखिक स्वीकार वा प्रार्थना गर्नु वा कसैद्वारा "ग्रहण गराइने" रीति पूरा गर्नु होइन। यो बिलकुलै व्यक्तिगत, वास्तविक र आत्मिक कारोवार हो जुनचाहिँ एक सुसमाचार बुझेको व्यक्तिले अन्य कुराका लागि नभएर पापबाट मुक्ति पाउनका लागि त्यसबाट पश्चात्ताप गरी (वा मन फिराएर) आफ्नो सारा हृदयले प्रभु येशू ख्रीष्टमाथि स्वेच्छापूर्वक आफ्नो भरोसा राख्दछ (दाँज्नुहोस् एफेसी १:१३)। यसलाई यूहन्ना १:१२ कै पछिल्लो भागले यसरी व्याख्या गरेको छ "अर्थात् उनीहरूलाई जसले उहाँको नाममा विश्वास गर्दछन्"।

## अध्याय ८ - ओहोदा र अभ्यास

एउटा अविनाशी, निष्कलङ्क र ओइलिएर नजाने पैतृक-सम्पत्तिका निम्ति, जो तिमीहरूका लागि स्वर्गमा सुरक्षित राखिएको छ; अनि तिमीहरूचाहिँ अन्तिम समयमा प्रकट हुनालाई तयार भएको मुक्तिका निम्ति परमेश्वरको शक्तिले सुरक्षित छौ (१ पत्रुस १:४,५)।

हामीले उहाँमा पैतृक-सम्पत्ति पनि पाएका छौं (एफेसी १:११)।

प्रियहरूहो, अहिले ता हामी परमेश्वरका सन्तान छौं, अनि हामी के हुनेछौं, सो अहिलेसम्म प्रकट भएको छैन; तर हामी जान्दछौं, जब उहाँ देखा पर्नुहुनेछ तब हामी उहाँजस्तै हुनेछौं (१ यूहन्ना ३:२)।

तर तिमीहरू एउटा चुनिएका वंश, एउटा राजकीय पूजाहारीको समाज, एउटा पवित्र जाति र निज प्रजा हौ (१ पत्रुस २:९)।

उहाँलाई नै जसले हामीलाई प्रेम गर्नुभयो, अनि आफ्नै रगतमा हामीलाई हाम्रा पापहरूबाट धुनुभयो, र परमेश्वर र आफ्ना पिताका निम्ति हामीलाई राजाहरू र पूजाहारीहरू बनाउनुभयो (प्रकाश १:५,६)।

र उहाँमा नै तिमीहरू पूर्ण छौ; उहाँ सबै प्रधानता र अधिकारका शिर हुनुहुन्छ (कलस्सी २:१०)।

यसकारण विश्वासद्वारा धर्मी ठहरिएका हुनाले हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरसँग हाम्रो मेलमिलाप भएको छ। उहाँद्वारा विश्वासको कारणले हामीले यस अनुग्रहभित्र प्रवेश पाएका छौं, यही अनुग्रहभित्र हामी खडा छौं, र परमेश्वरको महिमाको आशामा आनन्द मनाउँछौं (रोमी ५:१,२)।

किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एकमात्र जन्माइएको पुत्रलाई दिनुभयो – उहाँमाथि विश्वास गर्ने कोही पनि नष्ट नहोस् तर उसले अनन्त जीवन पाओस् (यूहन्ना ३:१६)।

मैले तिमीहरूलाई अर्थात् परमेश्वरको पुत्रको नाममा विश्वास गर्नेहरूलाई यी कुराहरू लेखेको छु – तिमीहरूसित अनन्त जीवन छ भन्ने कुरा तिमीहरूलाई थाह होस् (१ यूहन्ना ५:१३)।

यसकारण भाइहरूहो, येशूको रगतद्वारा महा पवित्रस्थानभित्र प्रवेश गर्ने हिम्मत प्राप्त भएको हुनाले (हिब्रू १०:१९)।

हाम्र प्रभु येशू ख्रीष्टका परमेश्वर र पिता धन्य होऊन्, जसले हामीलाई स्वर्गीय स्थानहरूमा सबै आत्मिक आशिषहरूले ख्रीष्टमा आशिषित पार्नुभएको छ (एफेसी १:३)।

> उहाँको अनुग्रहको महिमाको प्रशंसाका निम्ति जुन अनुग्रहमा उहाँले हामीलाई उही प्रियमा ग्रहणयोग्य तुल्याउनुभयो (एफेसी १:६)।

> तर परमेश्वर, जो दया गर्नमा धनी हुनुहुन्छ, आफ्नो महान् प्रेमको कारणले, जसद्वारा उहाँले हामीलाई प्रेम गर्नुभयो, हामी अपराधहरूमा मरेकै भए तापनि उहाँले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो – अनुग्रहले तिमीहरूले मुक्ति पाएका छौ – अनि हामीलाई सँग-सँगै बौराएर उठाउनुभयो, र ख्रीष्ट येशूमा स्वर्गीय स्थानहरूमा सँग-सँगै बसाल्नुभयो (एफेसी २:४-६)।

> तर अब ता ख्रीष्ट येशूमा तिमीहरू, जो बितेको समयमा टाढा थियौ, ख्रीष्टको रगतद्वारा नजिक पारिएका छौ (एफेसी २:१३)।

> उहाँमा नै तिमीहरूले विश्वास गरेपछि प्रतिज्ञाको पवित्र आत्माले तिमीहरू छाप मारियौ (एफेसी १:१३)।

> हामी सबै एउटै आत्माद्वारा एउटै शरीरभित्र बप्तिस्मा भयौं (१ कोरिन्थी १२:१३)।

> किनकि हामी उहाँकै शरीरका, उहाँकै मासुका र उहाँकै हड्डीहरूका अङ्ग हौं (एफेसी ५:३०)।

> अथवा के यो तिमीहरूलाई थाह छैन? तिमीहरूको शरीर पवित्र आत्माको मन्दिर हो (१ कोरिन्थी ६:१९)।

माथि सूचित उदेकलाग्दा कुराहरू प्रभु येशू ख्रीष्टमा साँच्चै विश्वास गर्ने हरेकको लागि साँचो हुन्छ। यस महिमापूर्ण सूचीको एउटै पनि कुरा प्रार्थनाद्वारा प्राप्त गरिने भनिएको छैन, वा सेवामा गरिने परिश्रमद्वारा नै, वा चर्चघर गएर, वा दानहरू दिएर, वा आफूलाई इन्कार गरेर, वा पवित्र जीवन जिएर, वा अन्य कुनै असल काम गरेर। सबै नै ख्रीष्टमार्फत विश्वासद्वारा पाइने परमेश्वरका वरदान हुन्। त्यसैले यी कुरा सबै विश्वासीसित बराबर मात्रामा हुने कुरा हुन्। जब फिलिप्पीको कैदखानाको हाकिमले प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्‍यो ऊ तुरुन्तै परमेश्वरको सन्तान बन्यो, ख्रीष्टसित साझा-हकवाला बन्यो, राजा र पूजाहारी बन्यो, र नष्ट नहुने, निष्कलङ्क र नओइलिने पैतृक सम्पत्तिको हकवाला बन्यो। आफ्नो हृदयले विश्वास गरेको र आफ्नो मुखले येशू नै प्रभु हुनुहुन्छ भनी स्वीकार[58] गरेकै घडी ऊ सबै कुरादेखि निर्दोष

---

[58] रोमी १०:९ मा उल्लेखित मुखको स्वीकार हृदयको विश्वासको अभिव्यक्ति हो, मुक्ति पाउनलाई विश्वासमा थप्नुपर्ने बेग्लै शर्त होइन, किनकि नयाँ नियमको अन्य ठाउँमा मुखको स्वीकारलाई मुक्तिको शर्त बनाइएको छैन (यूहन्ना ३:१५, १६,१८,३६ आदि)।

ठहरियो, परमेश्वरसित मिलाप पायो, उहाँको अनुग्रहमा खडा हुन पायो, महिमाको पक्का आशा पायो। उसले अनन्त जीवनको दान पायो, ख्रीष्टकै बराबरको पूरा नापको ग्रहणयोग्यता प्राप्त गऱ्यो, आफूभित्र पवित्र आत्माको उपस्थिति र छाप पायो जसद्वारा ऊ ख्रीष्टको शरीर अर्थात् मण्डलीभित्र बप्तिस्मा[59] पनि गराइयो। तुरुन्तै ऊ परमेश्वरको धार्मिकताले ओढाइयो (रोमी ३:२२), ख्रीष्टसितै जीवित पारियो, उहाँसितै बौराइयो र उहाँमा स्वर्गीय स्थानहरूमा बसालियो।

उसको वास्तविक **अभ्यास** भने अर्कै विषय हो; निश्चय नै त्योचाहिँ परमेश्वरको सामु रहेको उसको उच्च ओहोदाभन्दा धेरै होचो नै हुन्छ। जसरी उसको ओहोदामा भएको थियो[60] त्यसरी नै उसको हिँडाइमा ऊ तुरुन्त नै राजकीय, पूजाहारीय, स्वर्गीय बन्न पुग्दैन[61]। यी दुई कुराका बीच पवित्र शास्त्रमा निरन्तर भिन्नता राखिएको तथ्य निम्न खण्डहरूबाट प्रस्ट हुन्छ:

---

[59] पृष्ठ १० को फुटनोट नं 6 मा यस आत्मिक बप्तिस्माको बारेमा हेर्नोस्।

[60] "जसरी उसले तत्कालै सिद्ध, पूर्ण र अपरिवर्तनीय ओहोदा प्राप्त गरेको थियो त्यसरी नै..."

[61] परमेश्वरले विश्वास गर्नेलाई तुरुन्तै स्वर्गीय स्थानहरूमा राजा र पूजाहारीको ओहोदा प्रदान गर्नुहुन्छ तर विश्वासी तुरुन्तै त्यस ओहोदा बराबरको अभ्यास गर्न थाल्दैन। उसको अभ्यास क्रमिक रूपमा विकास हुने कुरा हो जब कि ओहोदा तुरुन्तै प्राप्त हुने कुरा हो। कालान्तरमा विश्वासीको अभ्यास उसको ओहोदाको झन्-झन् बराबर हुँदै जानु परमेश्वरको इच्छा हो। यस जीवनकालमै विश्वासी पापरहित सिद्धतामा पुग्न त सक्दैन (१ यूहन्ना १:८-१०; फिलिप्पी ३:१२-१४) तर जब ख्रीष्ट देखा पर्नुहुन्छ तब विश्वासी उहाँजस्तै बनाइनेछ अनि उसको अभ्यास उसको ओहोदा बराबर हुनेछ (१ यूहन्ना ३:२)।

| ओहोदा | अभ्यास |
|---|---|
| कोरिन्थमा भएको परमेश्वरको मण्डलीलाई अर्थात् उनीहरूलाई जो ख्रीष्ट येशूमा पवित्र पारिएका छन् ... म तिमीहरूको विषयमा येशू ख्रीष्टद्वारा तिमीहरूलाई दिइएको परमेश्वरको अनुग्रहका निम्ति मेरा परमेश्वरलाई सधै धन्यवाद चढाउँछु, किनकि तिमीहरू हरेक कुरामा उहाँद्वारा धनवान् बनाइएका छौ — सारा वचनमा र सारा ज्ञानमा; जसरी ख्रीष्टको साक्षी पनि तिमीहरूमा पक्का पारिएको थियो; यसैकारण कुनै पनि अनुग्रहको वरदानमा तिमीहरू कम छैनौ, र हाम्रा प्रभु येशू ख्रीष्टको आगमनको बाटो हेरिरहन्छौ, जसले हाम्रा प्रभु येशू ख्रीष्टको दिनमा तिमीहरू निर्दोष होओ भनेर तिमीहरूलाई अन्तसम्म स्थिर पार्नुहुनेछ पनि। परमेश्वर विश्वासयोग्य हुनुहुन्छ, जसद्वारा तिमीहरू उहाँका पुत्र, हाम्रा प्रभु येशू ख्रीष्टको सङ्गतिमा बोलाइएका छौ (१ कोरिन्थी १:२-९)। | किनकि हे मेरा भाइहरूहो, तिमीहरूको बीचमा झगडा छन् भनेर क्लोएका घरानाकाहरूद्वारा तिमीहरूको विषयमा मलाई बताइएको छ (१ कोरिन्थी १:११)।<br><br>हे भाइहरूहो, आत्मिक मानिसहरूसँग बोलेझैं मैले तिमीहरूसँग बोल्न सकिनँ, तर शारीरिकहरूसँग ... किनकि तिमीहरू अझै पनि शारीरिक छौ; किनकि तिमीहरूका बीचमा डाहा, झगडा र फूटहरू छन्, त के तिमीहरू शारीरिक होइनौ र? मानिसको चालमा हिँड्दैनौ र (१ कोरिन्थी ३:१-३)?<br><br>...कतिजना घमन्डले फुलिएका छन् (१ कोरिन्थी ४:१८)।<br><br>अनि तिमीहरू घमन्डले फुलिएका छौ, यस्तो काम गर्ने तिमीहरूका बीचबाट निकालियोस् भनेर तिमीहरूले बरु विलाप गर्नुपर्थ्यो (१ कोरिन्थी ५:२)। |
| अनि तिमीहरूमध्ये कतिजना यस्तै थियौ; तर तिमीहरू धोइएका छौ, तर तिमीहरू पवित्र पारिएका छौ, तर तिमीहरू प्रभु येशूको नाममा र हाम्रा परमेश्वरका आत्माद्वारा धर्मी ठहरिएका छौ (१ कोरिन्थी ६:११)। | यसकारण अब तिमीहरूको बीचमा साँच्चै एउटा दोष भएको छ; किनकि तिमीहरू एउटाले अर्काको विरोधमा मामला गर्दछौ... (१ कोरिन्थी ६:७)? |
| तिमीहरूका शरीर ख्रीष्टका अङ्गहरू हुन्, के यो तिमीहरूलाई थाह छैन (१ कोरिन्थी ६:१५)? | तब के म ख्रीष्टका अङ्गहरू लगेर वेश्याका अङ्गहरू बनाऊँ (१ कोरिन्थी ६:१५)? |

| ओहोदा | अभ्यास |
|---|---|
| अनि येशूले जवाफ दिएर उनलाई भन्नुभयो: "योनाका छोरा शिमोन, तिमी धन्य हौ, किनकि मासु र रगतले तिमीलाई यो कुरा प्रकट गरेको होइन, तर मेरा पिताले, जो स्वर्गमा हुनुहुन्छ" (मत्ती १६:१७)। | तर उहाँले फर्केर पत्रुसलाई भन्नुभयो: "हे शैतान, मेरो पछिल्तिर जा! तँ मेरा लागि ठेस लाग्ने कारण होस्, किनकि तँ परमेश्वरका कुरामा होइन, तर मानिसहरूका कुराहरूमा ध्यान लगाउँछस्" (मत्ती १६:२३)। |

साथै, यो स्पष्ट देख्न सकिने कुरा हो, अनुग्रहको प्रबन्ध अन्तर्गत ईश्वरीय क्रम यो रहेछ – विश्वासी जनलाई पहिला सबभन्दा उच्च ओहोदा प्रदान गर्नु अनि त्यसपछि उसलाई उक्त ओहोदालाई सुहाउने अभ्यास कायम गर्नलाई अर्ती दिनु।[62] माग्नेलाई घुरानबाट[63] माथि उठाएर राजकुमारहरूसित बसालिन्छ (१ शमूएल २:८) अनि त्यसपछि उसलाई राजकुमार जस्तै हुनलाई अर्ती दिइन्छ।

पवित्र शास्त्रले विश्वासी जनको ओहोदा र अभ्यासका बीच स्पष्ट भिन्नता राख्दछ भनेर देखाउने माथिको तुलनात्मक सूचीमा पाठकले अझ थुप्रै अरू खण्डहरू थप्न सक्नुहुनेछ। बुझ्नुपर्ने कुरा के हो भने विश्वासी जन त्यस उच्च ओहोदाको योग्य बन्न सफल हुन्छ कि हुँदैन भनेर उसलाई परीक्षणमा राखिएको हुँदैन, बरु आफ्नो पूर्ण अयोग्यताको स्वीकार गरेदेखि उसले यो ओहोदा पूर्ण रूपमा ख्रीष्टले सम्पन्न गर्नुभएको उद्धारको परिणामस्वरूप प्राप्त गरेको हुन्छ। ओहोदामा ऊ "सदाका निम्ति सिद्ध" पारिएको छ (हिब्रू १०:१४), तर आफूभित्रको उसको अवस्थालाई हेर्दाखेरि उसलाई यो भन्न कर लाग्छ, "मैले पहिल्यै प्राप्त गरिसकेको छु वा म पहिल्यै सिद्ध भइसकेको छु, होइन" (फिलिप्पी ३:१२)।

[62] जस्तै, एफेसीको पत्रलाई विचार गर्नुहोस्। एफेसी १-३ अध्यायहरूमा विश्वासीलाई एउटै अर्ती दिइएको छैन बरु एकपछि अर्को गरी उसको अचम्मको स्वर्गीय ओहोदाको बेलीबिस्तार लगाइएको छ। त्यसपछि मात्र ४-६ अध्यायहरूमा विश्वासीलाई एकपछि अर्को अर्ती दिइएको छ, त्यो पनि उसको ओहोदालाई आधार बनाएर। एफेसी ५:८ लाई लिऊँ - "अब प्रभुमा तिमीहरू ज्योति **हौ** [यो भयो **ओहोदा**]; ज्योतिका सन्तानहरूझैं **हिँड** [यो भयो **अभ्यास**]।"

[63] धूलोमूलो, कसिङगर आदिको थुप्रो

विश्वासीको पक्षमा परमेश्वरले गर्नुहुने पछिका सबै कामहरू उसको चरित्रलाई उसको मुक्तिको घडीमै प्राप्त गरिसकेको उसको ओहोदासित सिद्धरूपमा मिलान गर्ने उद्देश्यले गरिएका हुन्छन् भन्न सकिन्छ, जस्तै, उसको हिँडाइ र विवेकमाथि वचनको प्रयोग (यूहन्ना १७:१७; एफेसी ५:२६), पिताको हातबाटको ताडना (हिब्रू १२:१०; १ कोरिन्थी ११:३२), आत्माको सेवकाइ (एफेसी ४:११,१२), उजाडस्थान (संसार) को यात्रामा आइपर्ने सङ्कष्ट तथा परीक्षाहरू (१ पत्रुस ४:१३-१४), र उहाँ देखा पर्नुहुँदा हुने अन्तिम रूपान्तरण (१ यूहन्ना ३:२)।

एउटा राजकुमार, बालक छँदा ऊ अरू बालक जस्तै जिद्दीवाल र समझहीन हुन सक्छ। कहिलेकाहीँ ऊ साह्रै आज्ञाकारी, सिकाउँदा सिकिहाल्ने र प्रेमिलो बन्न पनि सक्छ र फलस्वरूप ऊ खुसी हुन्छ र स्याबासी पाउँछ। अरू बेला ऊ अनुशासनहीन, जिद्दीवाल र अनाज्ञाकारी बन्न सक्छ र फलस्वरूप ऊ बेखुसी हुन्छ र सम्भवत: उसलाई ताडना दिइन्छ — तरैपनि दुवै समयमा ऊ उत्तिकै राजकुमार नै हो। यो आशा गरिन्छ कि कालान्तरमा उसले आफूलाई खुसीसाथ हरेक सही मार्गको अधीनतामा सुम्पन सिक्नेछ। तब ऊ पहिलेको भन्दा बढी **राजकुमारीय**[64] बन्दछ तर पहिलेको भन्दा बढी **राजकुमार** नै बन्ने त ऊ त जन्मले नै राजकुमार हो।

राजाहरूका राजा र प्रभुहरूका प्रभुको हरेक साँचो सन्तानको सवालमा पनि राजकीयतामा यसरी बढ्दै जाने काम निश्चय नै हुन्छ। अन्तमा ओहोदा र अभ्यास अथवा दर्जा र चरित्र बराबर बन्न पुग्नेछन्। तर उक्त ओहोदा सिद्ध बनाइने काम चरित्रको फलस्वरूप दिइने इनाम होइन—बरु चरित्र उसको ओहोदाको आधारबाट विकास हुने कुरा हो।


## अध्ययन प्रश्नहरू

1. के परमेश्वरको सामु रहेको विश्वासी जनको ओहोदा उसको अभ्याससँगै परिवर्तन हुन्छ?
2. ओहोदा कसरी प्राप्त हुन्छ?

[64] राजकुमारको ओहोदालाई सुहाउँदो चालचलन भएको

## अध्याय ९

# मुक्ति र इनामहरू



नयाँ नियम शास्त्रमा एकातिर हराएकाहरू (अर्थात् पापीहरू) का निम्ति मुक्तिको प्रबन्ध गरिएको छ र त्यो प्राप्य छ भन्ने शिक्षा पाइन्छ भने अर्कोतिर, मुक्ति पाइसकेकाहरूको विश्वासयोग्य सेवकाइका निम्ति उनीहरूलाई इनामहरू दिइनेछन् भन्ने शिक्षा पाइन्छ। वचनलाई ठीकसँग बुझ्ने हो भने पाठकले यी दुई शिक्षाका बीचको अन्तरलाई निरन्तर कायम राख्न आवश्यक पर्छ। यी दुई बीचको भिन्नता देख्नलाई निम्न उल्लेखित तुलनाहरूलाई ध्यानपूर्वक अध्ययन गर्न सकिन्छ:

## मुक्ति सित्तैंमा पाइने दान हो

येशूले जवाफ दिएर उसलाई भन्नुभयो: "यदि तिमीले परमेश्वरको दानलाई जानेकी भए, र 'मलाई पानी पिउन देऊ' भनी तिमीलाई भन्ने को हो, चिनेकी भए तिमीले पो उनीसित माग्नेथियौ, र उनले तिमीलाई जिउँदो पानी दिनेथिए" (यूहन्ना ४:१०)।

"हे सब तिर्खाएकाहरूहो, पानीनेर आओ! अनि हे पैसा नहुनेहरूहो, आओ, किन र खाओ; अँ, आओ, बिनापैसा, अँ, बिनादाम दाखमद्य र दूध किन!" (यशैया ५५:१)

अनि आत्मा र दुलहीले भन्नुहुन्छः "आओ!" अनि जसले सुन्छ, उसले भनोस्: "आओ!" अनि जो तिर्खाउँछ, ऊ आओस्। अनि जसले चाहन्छ, उसले सित्तैंमा जीवनको पानी लेओस् (प्रकाश २२:१७)।

किनकि पापको ज्याला मृत्यु हो; तर परमेश्वरको अनुग्रहको वरदानचाहिँ हाम्रा प्रभु येशू ख्रीष्टमा अनन्त जीवन हो (रोमी ६:२३)।

किनकि विश्वासद्वारा अनुग्रहले तिमीहरूले मुक्ति पाएका छौ; अनि यो तिमीहरू आफैबाटको होइन, यो परमेश्वरको दान हो; कामहरूबाट होइन, नत्र ता कसैले घमन्ड गर्नेछ (एफेसी २:८,९)।

तर सित्तैंमा उपलब्ध गरिएको मुक्तिको तुलनामा इनाम फरक छ।

## इनाम परमेश्वरलाई मनपर्ने कामहरू गरिए बापत दिइने कुरा हो

अनि जसले यी सानाहरूमध्ये एउटालाई चेलाको नाममा चिसो पानी मात्र भए पनि पिउन देला, म तिमीहरूलाई साँचो भन्दछु, त्यसले कुनै रीतिले आफ्नो इनाम गुमाउनेछैन (मत्ती १०:४२)।

मैले असल लडाइँ लडेको छु, मैले मेरो दौड पूरा गरेको छु, मैले विश्वासको रखवाली गरेको छु; अब उप्रान्त मेरो लागि धार्मिकताको मुकुट राखिएको छ, जोचाहिँ धार्मिक न्यायकर्ता प्रभुले त्यस दिन मलाई दिनुहुनेछ; र मलाई मात्र होइन, तर उहाँको आगमनलाई प्रेम गर्ने सबैलाई पनि दिनुहुनेछ (२ तिमोथी ४:७,८)।

अनि हेर, म चाँडै आउँछु; अनि हरेक मानिसलाई जस्तो उसको काम हुनेछ, त्यही अनुसार दिनलाई मेरो इनाम मसित छ (प्रकाश २२:१२)।

दौडमा दगुर्नेहरू सबै दगुर्छन्, तर पुरस्कारचाहिँ एउटाले पाउँछ, के यो तिमीहरूलाई थाह छैन? तिमीहरू यसरी नै दगुर कि पुरस्कार पाओ। अनि होडबाजीमा सङ्घर्ष गर्ने हरेक मानिसले सबै कुरामा आफूलाई वशमा राख्दछ; अब तिनीहरू साँच्चै नाश भइजाने मुकुट पाउनाका निम्ति यसो गर्दछन्, तर हामी ता नाश नहुने मुकुटका निम्ति (१ कोरिन्थी ९:२४,२५)।

अनि उनले त्यसलाई भने: "स्याबास असल दास! तिमी एकदम थोरैमा विश्वासयोग्य भएका हुनाले अब दसओटा शहरमाथि अधिकारी होऊ" (लूका १९:१७)।

किनकि त्यस बसालिएको जगलाई छोडेर, जो येशू ख्रीष्ट हुनुहुन्छ, कुनै पनि मानिसले अर्को जग बसाल्न सक्दैन। अब कुनै मानिसले त्यस जगमाथि सुन, चाँदी, रत्नहरू,

काठ, घाँस, परालले बनाउँदै लैजान्छ भने हरेकको काम प्रकट हुनेछ; किनकि त्यो दिनले त्यो काम देखाउनेछ, किनकि त्यो आगोद्वारा प्रकट गरिनेछ; अनि हरेकको काम, त्यो कस्तो किसिमको रहेछ भनी आगोले जाँच गर्नेछ। कुनै मानिसको काम, जो उसले त्यसमाथि बनाएको छ, रहिरह्यो भने उसले इनाम पाउनेछ। कसैको काम जलिजान्छ भने उसले हानि भोग्नेछ; तर ऊ आफैचाहिँ बाच्नेछ, तर आगोबाट भएर उम्केजस्तो (१ कोरिन्थी ३:११-१५)।

तिमीले कष्ट भोग्न लागेका कुराहरूमध्ये कुनैसँग नडराओ; हेर, तिमीहरूको जाँच होओस् भनेर शैतानले तिमीहरूमध्ये कतिलाई झ्यालखानामा हाल्नेछ; अनि दस दिनसम्म तिमीलाई सङकष्ट हुनेछ; मृत्युसम्म विश्वासयोग्य रह, र म तिमीलाई जीवनको मुकुट दिनेछु (प्रकाश २:१०)।

प्रकाश २:१० मा उनीहरूले "जीवन" पाउने भनिएको छैन किनकि स्मर्नाका पवित्र जनहरूसित जीवन अर्थात् अनन्त जीवन थियो, र उनीहरू धार्मिकताका खातिर कष्ट भोग्दैथिए; तर उनीहरूले "जीवनको मुकुट" पाउने भनिएको छ।

मुकुट इनामको अर्थात् कमाइएको कुराको प्रतीक हो। बाइबलमा चार किसिमका मुकुटहरूको उल्लेख गरिएको पाइन्छ: आनन्दको, जोचाहिँ सेवकाइको इनाम हो (फिलिप्पी ४:१; १ थेस्सलोनिकी २:१९); धार्मिकताको, जोचाहिँ गवाहीमा पाइएको विश्वासयोग्यताको इनाम हो (२ तिमोथी ४:८); जीवनको, जोचाहिँ परीक्षामा पाइएको विश्वासयोग्यताको इनाम हो (याकूब १:१२; प्रकाश २:१०); महिमाको, जोचाहिँ कष्टमा पाइएको विश्वासयोग्यताको इनाम हो (१ पत्रुस ५:४; हिब्रू २:९)।

## मुक्ति वर्तमानमै विश्वासीसँग हुने वास्तविकता हो

जसले पुत्रमाथि विश्वास गर्दछ, ऊसँग अनन्त जीवन हुन्छ (यूहन्ना ३:३६)।

साँचो-साँचो म तिमीहरूलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, ऊसँग अनन्त जीवन छ, र ऊ न्यायमा पर्नेछैन, तर मृत्युबाट जीवनमा सरिसकेको हुन्छ (यूहन्ना ५:२४)।

साँचो-साँचो म तिमीहरूलाई भन्दछु, जसले ममाथि विश्वास गर्दछ, ऊसँग अनन्त जीवन छ (यूहन्ना ६:४७)।

उहाँले हाम्रा कामहरूअनुसार होइन, तर उहाँकै आफ्नो मनसाय र संसार शुरु हुनुभन्दा पहिल्यै हामीलाई ख्रीष्ट येशूमा दिइएको अनुग्रहअनुसार हामीलाई बचाउनुभएको छ, र पवित्र बोलावटले बोलाउनुभएको छ (२ तिमोथी १:९)।

उहाँले त्यस स्त्रीलाई भन्नुभयो: "तिम्रो विश्वासले तिमीलाई बचाएको छ; शान्तिसित जाऊ" (लूका ७:५०)।

तब हामी आफैले गरेका धर्मका कामहरूद्वारा होइन, तर उहाँकै कृपाअनुसार उहाँले हाम्रो उद्धार गर्नुभयो – नयाँ जन्मको स्नान र पवित्र आत्माको नवीकरणद्वारा (तीतस ३:५)।

अनि गवाही यही हो – परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभएको छ, र यो जीवन उहाँको पुत्रमा छ (१ यूहन्ना ५:११)।

तर —

# इनामहरू भविष्यमा प्रदान गरिने कुरा हुन्

किनभने मानिसका पुत्र आफ्ना पिताको महिमामा आफ्ना दूतहरूका साथमा आउनेछन्, र त्यसबेला उनले हरेकलाई उसका कामहरूअनुसार प्रतिफल दिनेछन् (मत्ती १६:२७)।

र तिमी धन्य हुनेछौ; किनभने तिनीहरूले तिमीलाई बदलामा केही दिन सक्दैनन्; किनकि धर्मीहरूको बौरिउठाइमा तिमीलाई बदला दिइनेछ (लूका १४:१४)।

अनि हेर, म चाँडै आउँछु; अनि हरेक मानिसलाई जस्तो उसको काम हुनेछ, त्यही अनुसार दिनलाई मेरो इनाम मसित छ (प्रकाश २२:१२)।

अनि मुख्य गोठाला देखा पर्नुहुनेछ, तब तिमीहरूले नओइलिने महिमाको मुकुट पाउनेछौ (१ पत्रुस ५:४)।

अब उप्रान्त मेरो लागि धार्मिकताको मुकुट राखिएको छ, जोचाहिँ धार्मिक न्यायकर्ता प्रभुले त्यस दिन मलाई दिनुहुनेछ; र मलाई मात्र होइन, तर उहाँको आगमनलाई प्रेम गर्ने सबैलाई पनि दिनुहुनेछ (२ तिमोथी ४:८)।

धेरै समयपछि ती दासहरूका मालिक आए, र तिनीहरूसँग हिसाब लिए (मत्ती २५:१९)।

आफ्ना पवित्र जनहरूको विश्वासयोग्य सेवकाइ बापत उनीहरूलाई स्वर्गीय तथा अनन्त इनामहरूले आभूषित गर्ने प्रतिज्ञा दिनुमा परमेश्वरको उद्देश्य यो रहेको पाइन्छ: उनीहरूलाई सांसारिक सम्वृद्धि र मोजमज्जाहरूदेखि आफूतिर


खिँच्नु, उनीहरूलाई सतावटका थिचोमिचोमा पनि स्थिर राख्नु र उनीहरूलाई ख्रीष्टिय सद्गुणहरूमा बढ्दै जान उत्प्रेरित गर्नु। हेर्नोस्: हिब्रू ११:८-१०,२४-२७; हिब्रू १२:२,३; लूका १४:१२,१४; मत्ती १०:४१,४२; हिब्रू ६:१०; कलस्सी ३:२२-२४; मत्ती ५:११,१२; यूहन्ना ४:३५,३६; दानियल १२:३, लूका १२:३५-३७; २ तिमोथी ४:८। अन्तमा, हामी यस चेतावनीलाई ध्यान दिऔं, प्रकाश ३:११।

## अध्ययन प्रश्न

1. विश्वासी जनको मुक्तिसित सम्बन्धित पवित्र शास्त्रका खण्डहरूलाई उसका इनामहरूसित सम्बन्धित खण्डहरूबाट कसरी छुट्ट्याउन सकिन्छ?

**अध्याय १०**

# विश्वासीहरू र नामधारीहरू



संसारमा परमेश्वरका निम्ति अलग गरिएका मानिसहरूको समूहको थालनी भएदेखि यता तिनीहरूले आफ्ना बीचमा रहेका त्यस्ता व्यक्तिहरूको कारणले निकै दुःख भोग्दै आएका छन् जोहरूले आफूहरू परमेश्वरकै जन भएको दाबी गरे तापनि वास्तवमा उनीहरू कहिल्यै परमेश्वरका थिएनन्। यो अवस्था तबसम्म विद्यमान रहनेछ जबसम्म त्यो दिन आइपुग्दैन जब "मानिसका पुत्रले आफ्ना दूतहरू पठाउनेछन्, अनि तिनीहरूले उनको राज्यबाट सबै ठेस खुवाउने कुराहरू र अधर्म गर्नेहरूलाई बटुल्नेछन्... त्यस बेला धर्मीहरू चाहिँ आफ्ना पिताको राज्यमा सूर्यजस्तै चम्किनेछन्। जसका सुन्नलाई कानहरू छन्, त्यसले सुनोस्" (मत्ती १३:४१-४३)।

पवित्र शास्त्रले सामा र गहुँको यस मिश्रणको बारेमा स्पष्टै बताएको छ — साँचो विश्वासीहरूको बीचमा मुखले मात्र स्वीकार गर्नेहरू पनि हुनेछन्। तैपनि ठीक शिक्षा नपाएकाहरूले स्वभ्रमित र कपटीप्रति लक्षित बाइबलका चेतावनी र अर्तीहरूलाई कतिपटक परमेश्वरका सन्तानमाथि लाद्न खोज्छन्।

यस्तो मिसावटको वास्तविकतालाई पवित्र शास्त्रमा प्रशस्तै उल्लेख गरिएको पाइन्छ। हेर्नोस्: उत्पत्ति ४:३-५; प्रस्थान १२:३८; गन्ती ११:४-६; नेहम्याह ७:६३-६५; नेहम्याह १३:१-३; मत्ती १३:२४-३०,३७-४३; २ कोरिन्थी ११:१३-१५; गलाती २:४; २ पत्रुस २:१,२।

औपचारिकता मात्र पूरा गर्नेहरू, कपटीहरू र भ्रमित व्यवस्थावादीहरूको[65] जमातदेखि साँचो विश्वासीहरूलाई अलग्गै चिनाउने सम्पूर्ण बाइबलीय खण्डहरूलाई यस संक्षिप्त अध्ययनमा उतार्न असम्भव छ। पहिलो समूहकाहरूले मुक्ति आफैं कमाउन त्यसका निम्ति काम गर्न खोजिरहेका हुन्छन् भने मुक्ति पाइसकेकाहरूले चाहिँ आफूहरूले पाइसकेको मुक्तिको कामलाई पूरा गरिरहेका हुन्छन्।[66] फिलिप्पी २:१२,१३ र एफेसी २:८,९ मा हेर्न

तर ती दुईबीचका भिन्नतालाई निम्न खण्डहरूबाट पर्याप्त रूपमा देख्न सकिन्छ। तुलना गर्नुहोस्:

---

[65] **व्यवस्थावाद** (LEGALISM) ले अनुग्रह र व्यवस्थालाई मिसाउने काम गर्दछ जब कि यी दुई सिद्धान्तहरु आपसमा बिलकुलै विपरित छन् (रोमी ११:६)। मुक्ति पाउनलाई व्यवस्था पालन गर्नुपर्छ भन्नेहरु (जस्तै सेभेन्थ-डे एड्भेन्टिस्टहरु लगायत अरु सबै झूटा शिक्षाहरु) व्यवस्थावादी हुन्।

प्रश्न उठ्ने गर्छ, याकूबको पत्रले विश्वासद्वारा मात्र होइन, तर कामहरुद्वारा मानिस धर्मी ठहरिन्छ" (याकूब २:२४) भन्नुको माने के हो त? यसको सही व्याख्या गर्ने हो भने सन्दर्भ वा प्रसङ्गलाई एकातिर पन्छाउनुहुँदैन जसरी झूटा शिक्षकहरुले बारम्बार गर्ने गर्छन्। याकूबको पत्र पापी मान्छेले धार्मिकता (मुक्ति) कसरी प्राप्त गर्न सक्छ भनेर सिकाउन लेखिएको होइन (त्यो त विशेष गरी पावलका पत्रहरुमा बताइएको छ - रोमी ३:२१-२८; एफेसी २:८-९) तर याकूबले चाहिँ "म विश्वासी हुँ" भनी दाबी गर्ने व्यक्तिले कसरी कामद्वारा आफू साँच्ची नै मुक्ति पाएको व्यक्ति भएको प्रमाण दिनुपर्छ (याकूब २:१८) भन्ने कुरा सिकाउँदैछन्। यति एउटा कुरालाई ध्यानमा राखियो भने पावल र याकूबका बीच कुनै अन्तर्विरोध छैन भन्ने कुरा स्पष्ट हुन्छ।

याकूब २ मा उदाहरण प्रस्तुत छ अब्राहामको। अब्राहाम विश्वासद्वारा पहिला धर्मी ठहरिए, उत्पत्ति १५ अध्यायमा, जब उनले परमेश्वरमाथि विश्वास गरे (उत्पत्ति १५:६)। तर धेरै वर्षपछि, उत्पत्ति २२ अध्यायमा अब्राहाम कामद्वारा पनि धर्मी ठहरिए भनिएको छ जब उनले इसहाकलाई चढाए (याकूब २:२१)। यो पछिल्लो घटनाचाहिँ अब्राहामको विश्वासको प्रमाण थियो, अर्थात् उनको उक्त कामले उनी धर्मी रहेछन् भन्ने प्रमाणित भयो तर परमेश्वरका सामु त उनी धेरै वर्ष अगाडि नै धर्मी ठहरिसकेका थिए।

[66] आफूभित्र भएको मुक्ति (परमेश्वरसितको सम्बन्ध, यूहन्ना १७:३) लाई असल कामहरूद्वारा प्रकट गरिरहेका हुन्छन्।

| साँचो विश्वासीहरू | नामधारीहरू |
|---|---|
| तब उहाँले त्यस स्त्रीलाई भन्नुभयो: "तिम्रो विश्वासले तिमीलाई बचाएको छ; शान्तिसित जाऊ" (लूका ७:५०)। | तब शिमोन आफैले पनि विश्वास गर्‍यो; अनि बप्तिस्मा लिएपछि त्यो निरन्तर फिलिपको साथमा रह्यो... तर पत्रुसले त्यसलाई भने: "... यस कुरामा तिम्रो न कुनै भाग छ, न हिस्सा; किनकि तिम्रो हृदय परमेश्वरको दृष्टिमा सीधा छैन" (प्रेरित ८:१३,२०,२१)। |
| अनि तिनीहरू प्रेरितहरूका शिक्षामा, सङ्गतिमा, रोटी-भचाइँमा र प्रार्थनाहरूमा दृढतापूर्वक लागिरहे (प्रेरित २:४२)।<br><br>"मेरा भेडाहरूले मेरो स्वर सुन्छन्, अनि म तिनीहरूलाई चिन्छु, र तिनीहरू मलाई पछयाउँछन्। अनि म तिनीहरूलाई अनन्त जीवन दिन्छु, र तिनीहरू कहिल्यै नष्ट हुनेछैनन्; न ता कसैले तिनीहरूलाई मेरो हातबाट खोसेर लैजान्छ। मेरा पिता, जसले ती मलाई दिनुभयो, सबैभन्दा महान् हुनुहुन्छ, अनि मेरो पिताको हातबाट कसैले तिनीहरूलाई खोसेर लैजान सक्दैन" (यूहन्ना १०:२७-२९)। | हामीबाट तिनीहरू निस्के, तर तिनीहरू हाम्रा थिएनन्; किनकि तिनीहरू हाम्रा हुँदा हुन् ता तिनीहरू हामीसँगै रहिरहने थिए; तर तिनीहरू सबै हाम्रा होइनन् रहेछन् भनेर प्रकट होओस् भनेर तिनीहरू हामीबाट निस्के (१ यूहन्ना २:१९)। |
| "पिताले जतिजना मलाई दिनुहुन्छ, ती सबै मकहाँ आउनेछन्; अनि जो मकहाँ आउँछ, उसलाई म कुनै रीतिले अफाल्नेछैनँ। अनि मलाई पठाउनुहुने पिताको इच्छा यो छ — उहाँले मलाई दिनुभएको सबैमध्ये एउटालाई पनि म नहराऊँ तर अन्तिम दिनमा त्यसलाई फेरि बौराएर उठाऊँ" (यूहन्ना ६:३७,३९)। | "तर तिमीहरूमध्ये कतिजना छन्, जसले विश्वास गर्दैनन्।" किनभने विश्वास नगर्नेहरू को-को हुन्, अनि उहाँलाई पक्राउने को हुनेछ, सो येशूले शुरुदेखि नै जान्नुभएको थियो। अनि उहाँले भन्नुभयो: "यसैकारण मैले 'मेरा पिताबाट उसलाई नदिइएसम्म कोही पनि मकहाँ आउन सक्दैन' भनी तिमीहरूलाई भनेको हुँ।" त्यस समयदेखि उहाँका चेलाहरूमध्ये धेरैजना पछि हटे, अनि फेरि उहाँसँग हिँडेनन् (यूहन्ना ६:६४-६६)। |

## अध्याय १० - विश्वासीहरू र नामधारीहरू

| साँचो विश्वासीहरू | नामधारीहरू |
|---|---|
| अनि तिनीहरू किन्न गएको बेलामा दुलहा आइपुगे, र तयार रहेकाहरू उनीसँग भित्र विवाहको भोजमा पसे; अनि ढोका थुनियो (मत्ती २५:१०)। | त्यसपछि अरू कन्याहरू पनि यसो भन्दै आइपुगे: 'हे प्रभु, हे प्रभु, हाम्रा निम्ति खोलिदिनुहोस्!' तर उनले जवाफ दिई भने, 'म तिमीहरूलाई साँचो भन्दछु, म तिमीहरूलाई चिन्दिनँ' (मत्ती २५:११,१२)। |
| अर्थात् परमेश्वरको धार्मिकता; यो येशू ख्रीष्ट-माथिको विश्वासद्वारा विश्वास गर्ने सबैका लागि हो र सबैमाथि आउँछ; किनभने त्यहाँ कुनै भिन्नता छैन (रोमी ३:२२)। | "यही प्रकारले तिमीहरू पनि बाहिरपट्टिचाहिँ मानिसहरूका सामुन्ने धर्मी देखा पर्दछौ, तर भित्रपट्टिचाहिँ तिमीहरू कपट र अधर्मले भरिएका छौ। हे सर्पहरूहो, विषालु साँपका सन्तानहो, तिमीहरू नरकको दण्डबाट कसरी उम्कन सक्छौ त?" (मत्ती २३:२८,३३) |
| "हामी खुसी होऔं; र खूबै आनन्द मनाऔं, अनि उहाँलाई महिमा दिऔं; किनकि थुमाको विवाह आइपुग्यो, र उहाँकि पत्नीले आफैलाई तयार पारेकी छन्।" अनि उनलाई शुद्ध र चम्किलो मिहिन मलमल पहिरने अधिकार दिइयो। किनकि मिहिन मलमलचाहिँ पवित्र जनहरूका धार्मिकताका कामहरू हुन् (प्रकाश १९:७,८)। | अनि जब राजा पाहुनाहरूलाई हेर्न भित्र आए, तब तिनले त्यहाँ विवाहको वस्त्र नलगाएको एकजना मानिस देखे। अनि तिनले त्यसलाई भने: 'साथी, विवाहको वस्त्र नपहिरीकन तिमी कसरी यहाँ भित्र आयौ?' अनि त्यो निरूत्तर भयो। तब राजाले सेवकहरूलाई भने: 'त्यसका हात-खुट्टा बाँधेर त्यसलाई लैजाओ, र बाहिरपट्टिको अन्धकारभित्र फालिदेओ, जहाँ रूवाबासी र दाह्रा-किटाइ हुनेछन् (मत्ती २२:११-१३)। |
| "असल गोठाला म नै हुँ; अनि म मेरा भेडाहरूलाई चिन्छु, अनि मेरा आफ्नाहरू-द्वारा म चिनिएको छु" (यूहन्ना १०:१४)। | "त्यस दिन धेरैले मलाई भन्नेछन्, 'हे प्रभु, हे प्रभु, के हामीले तपाईंको नाममा भविष्य-वाणी गरेनौं र? अनि के तपाईंकै नाममा दुष्ट आत्मा निकालेनौं र? अनि तपाईंकै नाममा अनेकौं अचम्मका कामहरू गरेनौं र?' अनि तब तिनीहरूलाई खुल्लमखुल्ला भन्नेछु, 'मैले तिमीहरूलाई कहिल्यै चिनेको छैन; हे कुकर्म गर्नेहरूहो, मदेखि टाढा होओ!'" (मत्ती ७:२२,२३) |

| साँचो विश्वासीहरू | नामधारीहरू |
|---|---|
| तरैपनि परमेश्वरको जग दृढतापूर्वक खडा रहन्छ, जसमा यो छाप लागेको छः 'प्रभुले उहाँका आफ्नाहरूलाई चिन्नुहुन्छ', अनि 'ख्रीष्टको नाम लिने हरेक जन अधर्मबाट अलग रहोस्' (२ तिमोथी २:१९)।<br><br>"साँचो-साँचो म तिमीहरूलाई भन्दछु, जसले ममाथि विश्वास गर्छ, ऊसँग अनन्त जीवन छ" (यूहन्ना ६:४७)।<br><br>"हे पिता, तपाईंले मलाई जतिजना दिनुभएको छ, तिनीहरू पनि म जहाँ छु, त्यहीँ मसँगै रहून् भन्ने इच्छा म गर्दछु; र तपाईंले मलाई दिनुभएको मेरो महिमा तिनीहरूले देखून्; किनकि तपाईंले मलाई संसारको उत्पत्तिभन्दा पहिल्यै प्रेम गर्नुभयो" (यूहन्ना १७:२४)।<br><br>यस कुरामा म निश्चित छु — जसले तिमीहरूमा एउटा असल काम शुरु गर्नुभएको छ, उहाँले येशू ख्रीष्टको दिनसम्म त्यो पूरा गर्नुहुनेछ (फिलिप्पी १:६)। | हे मेरा भाइहरूहो, मसँग विश्वास छ भनी कुनै मानिसले भन्ला, र ऊसँग कामहरूचाहिँ छैनन् भने के फाइदा भयो र? के विश्वासले उसलाई बचाउन सक्छ र (याकूब २:१४)?<br><br>किनकि तिनीहरू, जसले एकपल्ट ज्योति पाए, अनि स्वर्गीय दानलाई चाखे, र पवित्र आत्माको भागी बनाइए, अनि परमेश्वरको उत्तम वचन र आउँदो युगका सामर्थ्यहरूको स्वाद चाखे, पतित भए भने तिनीहरूलाई पश्चात्तापका निम्ति फेरि नयाँ बनाउन असम्भव छ; किनकि तिनीहरूले आफ्ना निम्ति परमेश्वरका पुत्रलाई फेरि क्रूसमा चढाउँछन्, र उहाँलाई खुल्लमखुल्ला शर्ममा पार्छन् (हिब्रू ६:४-६)।<br><br>[परमेश्वरका सन्तानलाई दुःख दिन बाइबलको अन्य कुनै खण्डलाई भन्दा सम्भवतः यस खण्डलाई बढी दुरुपयोग गरिएको छ जब कि परमेश्वरका सन्तान र यहाँ उल्लेखित "स्वाद चाखे" भनिएकाहरू बीच कुनै वास्तविक समानता नै छैन। यस खण्डले देखाएझैं अस्थायी मौखिक स्वीकार कति परसम्म जान सक्दो रहेछ भनी कल्पना गर्न सकिन्छ र पनि ख्रीष्टको अधीनतामा आफूलाई पूर्ण समर्पण गर्नदेखि चुकेको हुन सक्छ जुन कुरा नै साँचो जीवन परिवर्तनको सूचक हो। पद ९ ले साँचो विश्वासीलाई यस खण्डलाई दुरुपयोग गर्नदेखि जोगाउनुपर्ने हो, किनकि त्यहाँ प्रस्टै उल्लेख गरिएको छ कि मुक्तिसँग सम्बन्ध राख्ने कुराहरू यीभन्दा "असल" हुन्छन्।] |

| साँचो विश्वासीहरू | नामधारीहरू |
|---|---|
| तर हामी तिनीहरूमध्येका होइनौं, जो नाश हुनालाई पछि हट्छन्; तर तिनीहरूमध्येका हौं, जो प्राण बचाउनका लागि विश्वास गर्छन् (हिब्रू १०:३९)। | अनि धर्मी जन विश्वासद्वारा जिउनेछ; तर कोही पछि हट्छ भने मेरो प्राण त्योसँग प्रसन्न हुनेछैन (हिब्रू १०:३८)। |

## विश्वासीहरूलाई इनाम दिइनेछ, नामधारीहरूलाई दण्ड

तुलना गर्नुहोस्:

मत्ती २५:१९-२३ लाई मत्ती २५:२४-३० सित

लूका १२:४२-४४ लाई लूका १२:४५-४७ सित

कलस्सी ३:२४ लाई मत्ती ७:२२,२३ सित

कतिपय खण्डहरू कठिन नभएका होइनन्, तर "स्पष्ट र पक्का खण्डलाई काट्न अस्पष्ट वा शङ्कास्पद खण्ड कहिल्यै प्रयोग गरिनु हुँदैन" भन्ने महत्त्वपूर्ण नियमलाई ध्यानमा राख्दै प्रार्थनासहित होशियारपूर्वक अध्ययन गरिएमा निश्चय पनि प्रकाश मिल्नेछ। "साँचो, साँचो" लाई काट्न "यदि" लाई प्रयोग नगरियोस्। जस्तै, यूहन्ना ५:२४ लाई काट्न हिब्रू ६:६ लाई प्रयोग नगर्नुहोस्।

यहूदा इस्करयोती र पत्रुसका मुद्दाले कुनै समस्या प्रदान गर्दैनन्। यहूदा कहिल्यै विश्वासी थिएनन् (हेर्नोस्, यूहन्ना ६:६८-७१ र १३:१०)। पत्रुस कहिल्यै विश्वासी हुन छाडेनन् (लूका २२:३१,३२)।

अन्तमा, यी सिद्धान्तहरू परमेश्वरको वचनलाई ठीक-ठीकसँग छुट्ट्याउनलाई मात्र प्रयोग गरिनुपर्दछ, तर जीवित व्यक्ति विशेषमाथि कहिल्यै प्रयोग गरिनुहुँदैन। नामधारीहरूको न्याय हामीलाई सुम्पिएको छैन, तर मानिसका

पुत्रलाई मात्र। ध्यानपूर्वक मत्ती १३:२८,२९ र १ कोरिन्थी ४:५ लाई अध्ययन गर्नुहोस्।[67]

## अध्ययन प्रश्नहरू

1. साँचो विश्वासीहरूसित सम्बन्धित पवित्र शास्त्रका खण्डलाई नामधारी विश्वासीसित सम्बन्धित खण्डहरूदेखि कसरी छुट्ट्याउन सकिन्छ?
2. हिब्रू ६:४-६ कुनचाहिँ समूहमा पर्छ?

[67] हो, हामी कसैको हृदय जान्न सक्दैनौ, तर त्यसो भन्दैमा हामीले एक स्थानीय मण्डलीमा अनुशासनको अभ्यास गर्नु हुँदैन भन्ने चाहिँ होइन। किनकि हामीले यो बिर्सनुहुन्न कि मत्ती १३:३८ मा "बारीचाहिँ संसार हो" भनिएको छ। गहुँ र सामाको दृष्टान्त एक स्थानीय मण्डलीको कुरा होइन। तसर्थ, एक स्थानीय मण्डलीमा "बेठीक चाल चल्ने" (२ थेस्सलोनिकी ३:६,१४) कुनै व्यक्ति छ र निजलाई चेतावनी दिइँदा पनि उसले पश्चात्तापको प्रमाण देखाउँदैन भने (दाँज्नुहोस् २ कोरिन्थी ७:११; मत्ती ३:८; प्रेरित २६:२०) उसलाई निष्कासन गरिनुपर्छ। भविष्यमा प्रभु आफैले न्याय गर्नुहुन्छ भनेर हात बाँधेर बस्न मिल्दैन। १ कोरिन्थी ५:१-१३ मा पनि हेर्नुहोस्।